# काठमाण्डौ उपत्यकामा बहाई धर्मको परिचयात्मक अध्ययन

नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रिय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर ।

रंजिता रोका

रोल नं. ९

संस्कृति केन्द्रिय विभाग

कीर्तिपुर ।

# सिफारिश पत्र

श्री रंजिता रोकाले त्रिभुवन विश्वविद्यालय, मानविकी तथा समाजिकशास्त्र सङकाय अन्तर्गत नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभागमा स्नाकोत्तर तहको उपाधि प्राप्तिका निमित्त तयार पारेको *काठमाण्डौ उपत्यकामा बहाई धर्मको परिचयात्मक अध्ययन* शीर्षकको शोधप्रवन्ध मेरो निर्देशनमा सम्पन्न गरेको हो । प्रस्तुत शोधप्रवन्ध स्नाकोत्तर तहको उपाधि प्राप्तिका निमित्त आवश्यक मूल्याङ्कनका लागि सिफारिश गर्दछु ।

...............................................

सह प्राध्यापक डा. पुनम राज्यलक्ष्मी राणा

# कृतज्ञता

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अर्न्तगत स्नातकोत्तर तहमा संस्कृति विषयको उपाधि प्राप्त गर्न आशिंक आवश्यकता परिपूर्तिका निमित्त नेपाली इतिहास, संस्कृति तथा पूरातत्व केन्द्रिय विभाग किर्तिपुरमा *काठमाण्डौ उपत्यकामा बहाई धर्मको परिचयात्मक अध्ययन*को यो शोधपत्र प्रस्तुत गरिएको हो ।

शोधपत्रको पहिलो परिच्छेदमा परिचय, पृष्ठभूमी, उद्देश्य, महत्व आदि समावेश गरिएको छ । त्यसैगरि दोस्रो परिच्छेदमा यस शोधपत्रसँग सम्बन्धित उपलब्ध सामाग्रीहरूको पुर्वकार्य समिक्षा गरिएको छ। तेस्रो परिच्छेदमा यस शोत्रपत्रका लागि आवश्यक अध्ययन विधि, क्षेत्र छनोट, अध्ययन ढाँचा, तथ्याङ्ग संकलन, विधि, औजार आदि समावेश छ। चौथो परिच्छेदमा यस शोधपत्र काठमाडौ उपत्यकामा बहाई धर्मको प्रचारप्रसार र संस्थागत विकासको इतिहास, वर्तमान अवस्था, यसको प्रचार प्रसारका तौरतरिका, संस्थाहरू, जीवन संस्कार र चाडपर्व आदि समावेश गरिएको छ । अन्तिम परिच्छेदमा यस शोधपत्रको सारांशं, उपलब्धी र निष्कर्ष समावेश गरेको छ ।

प्रस्तुत शोधकार्य सम्पन्न गर्नै क्रममा सम्वन्धित विषयमा जानकार र विद्वानवर्गहरू परिवारजनहरूको ठुलो सहयोग मिलेको छ । त्यसकारण म उहाँहरू सबैलाई हृदयदेखि नै मुरी-मुरी धन्यवाद र कृतज्ञता टकयाउछु। यस सिलसिलामा त्रि.वि. वि नेपाली, इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रिय विभागका विभागीय प्रमुख प्रा.डा.मदन कुमार रिमाल, अनुसन्धान समिति, केन्द्रिय विभागका मेरा सम्पूर्ण आदरणीय गुरुहरू, शोध निर्देशन गर्नुहुने सह. प्रा. डा. पूनम राज्यलक्ष्मी राणाप्रति हार्दिक आभार व्यक्त गर्दछु। त्यसैगरी बहाई विद्वान तथा इतिहासकार भारदत्त कोइराला, काठमाण्डौ र ललितपूरका स्थानीय आध्यात्मिक सभाको पदाधिकारीहरू र विशेषगरी मेरा अन्यन्न मित्र भवानी रिमालको निरन्तर प्रोसात्हान, अमूल्य सहयोग, अटुट हौसलाले मात्र यो शोधपत्रको पुर्ण स्वरुप लिएको हो । त्यसैले उनीप्रति हार्दिक आभार तथा कतज्ञता व्यक्त गर्दछु। साथै हरेक काममा मलाई समर्थन गर्ने, हौसला दिने उच्च शिक्षा हासिल गर्न प्रेरणा दिने मेरा श्रीमान् साधुराम तामाङ्ग, ज्ञानी भई अध्ययन कार्यमा सघाउ पुऱ्याउने मेरी छोरी आभा, छोरा अनिस, र अन्य परिवारजनलाई आभार व्यक्त गर्दछु ।

# विषय सूचि


१. अनुसन्धानको परिचय

१.१ पृष्ठभूमि १

१.२ समस्या कथन २

१.३ अध्ययनको उद्देश्य ३

१.४ अध्ययनको महत्व तथा औचित्य ३

१.५ अध्ययनको सीमा ४

१.६ शोधपत्रको रूपरेखा ५

२. पूर्वकार्यको समिक्षा ६

३. अध्ययन विधि १८

३.१ अध्ययनको क्षेत्र छनौट १८

३.२ अध्ययनको चरण प्रक्रिया १८

३.३ अध्ययनको ढाँचा २०

३.४ अध्ययनको दृष्टिकोण २०

३.५ तथ्यांक एवं सूचनाका प्रकृति तथा स्रोत २०

३.६ तथ्यांक संकलन विधि तथा औजार २१

३.७ नमूना छनौट प्रकृया २३

४. बहाई धर्मको ऐतिहासिकता, प्रसारप्रसार र संस्थागत विकास २४

४.१ धर्मको परिचय, अर्थ र परिभाषा २४

४.२ बहाई धर्मको इतिहास २८
४.३ विश्वमा बहाई धर्मको वर्तमान अवस्था ३६
४.४ काठमाडौ उपत्यकामा बहाई धर्मको परिचयात्मक अध्ययन ३९
४.४.१ प्रसारवादको सिद्धान्त ४३
४.४.२ प्रसारवादको ऐतिहासिक सन्दर्भ ४४
४.४.३ शैक्षणिक कार्यक्रमहरू ४६
४.४.४ गैर शैक्षणिक कार्यक्रमहरू ५१
४.४.५ सम्मेलन तथा कार्यशालाहरू ५३
४.५ काठमाडौ उपत्यकामा बहाई धर्मको संस्थागत विकास ५६
४.५.१ विश्व न्याय गृह ५९
४.५.२ राष्ट्रिय आध्यात्मिक सभा ६०
४.५.३ स्थानीय आध्यात्मिक सभा ६१
४.५.४ बहाई चुनाव ६२
४.५.५ उन्नाइस दिने सहभोज ६५
४.५.६ बहाई कोष ६८
४.५.७ हुकुकुल्लाह ७०
४.६ काठमाडौ उपत्यकामा बहाईहरूको जीवनसंस्कार ७१
४.६.१ जन्म संस्कार ७१
४.६.२ बहाई विवाह ७२
४.६.३ मृत्यु संस्कार ७५
४.७ बहाई चाडपर्वहरू ७६

४.७.१ नवरुज ७६

४.७.२ रिज्ज्वान ७७

४.७.३ उपवास ७९

५.सारांस र निष्कर्ष ८१

५.१ सारसंक्षेप ८१

५.२ उपलब्धी र निष्कर्ष ८२

सन्दर्भ सामाग्री सूचि ८६

तालिका १: किशोरकिशोरीहरूका लागि आफ्नो शैक्षिक पाठ्यक्रमहरू ४८

तालिका २: अध्ययन कक्षाका पाठ्यपुस्तकहरू ५०

तालिका ३: काठमाण्डौ उपत्यकामा २०२१ ई.स.मा भएका क्रियाकलापहरूको सारांश ५३

तालिका ४: बहाई महिनाहरू ६७-६८

तालिका ५: बहाई पवित्र दिनहरू ७८-७९

सचित्र विवरण १: अध्ययनको चरण प्रक्रिया १९

सचित्र विवरण २: बहाई प्रशासनिक व्यवस्था ३९

अनुसुचीहरू ९०

अनुसुची १: अर्न्तवार्ता प्रश्नहरू ९०

अनुसुची २: अर्न्तवार्ताका सहभागीहरू ९१

अनुसुची ३: सामहिक छलफलका प्रश्नहरू ९२

अनुसुची ४: सामहिक छलफलका सहभागीहरू ९३

अनुसुची ५: अवलोकन निर्देशिका ९४

अनुसुची ६: उपत्यकाका बहाई वर्ष १७८ का स्थानीय आध्यात्मिक सभाका सदस्यहरू ९५

अनुसुची ६: तस्विरहरू ९७

तस्विर १: बहाई राष्ट्रिय केन्द्र ९७

तस्विर २: अब्दुलबहाको शतबार्षिकी समारोह ९७

तस्विर ३: बहाई युवा सम्मेलन ९८

तस्विर ४: बहाई प्रशासनिक कार्यलय, हाइफा, इजरायल ९८

तस्विर ५: बहाउल्लाहको समाधीस्थल, अक्का, इजरायल ९९

तस्विर ६: बहाई मन्दिर (कमल मन्दिर), नयाँ दिल्ली ९९

# परिच्छेद एक

# अनुसन्धानको परिचय

## १.१ पृष्ठभमि

बहाई धर्म एकश्वरबादी धर्म हो । जुन उन्नाइसौ शताब्दीको मध्येमा पर्सियामा शुरु भएको थियो । मौलिक रुपमा यो स्थानीय धर्मको रुपमा रहेको थियो । धेरै समयकालिन पर्यवेक्षकहरूले यसलाई सुधार आन्दोलनको रुपमा हेरेका छन् । यसलाई धार्मिक र राजनैतिक अधिकारको दुरुपयोगको विरुद्धको प्रतिकियाको रुपमा बुझिएको थियो । जुन त्यस समयमा पर्सियामा ब्यापक थियो । आखिरमा केहि वर्षभित्र यो एक ईश्वरीय अवतारद्वारा स्थापित गरिएको स्वतन्त्र धर्मको रुपमा विश्वमा परिचित भयो । आज बहाई धर्म विश्वब्यापी आन्दोलन बन्न पुगेको छ । संसारभर छरिएर रहेका लाखौं अनुयायीहरूलाई समेट्न अगाडी बढिरहेको छ । प्रशासनिक प्रणालीले सबै महाद्विपहरूस्थित १२० भन्दा बढी सदस्य राज्यहरूसँग बहाई संगठनको रचना गरेको छ । यस धर्मको सिद्धान्तले विश्वशान्तिमा विशेष जोड दिएको छ । बहाई धर्मको मत अनुसार यसको अन्तिम उद्देश्य संसारमा प्रभावकारी आध्यात्मिक एकिकरण ल्याउनु रहेको देखिन्छ ।

बहाई धर्म कसरी प्रतिकुल परिस्थितिमा जन्मेर एक विशिष्ठ संस्कृतिमा हुर्केर यसको मौलिक सिमाहरूलाई पार गर्दै एक स्वतन्त्र विश्व धर्मको प्रतिष्ठा प्राप्त गर्न सक्यो ? बहाई धर्म नेपालमा कुन समयमा प्रवेश गऱ्यो ? र प्रारम्भिक चरणमा यसको फैलावट र प्रचार प्रसार कसरी हुने गर्दथ्यो ? बहाई संस्था भनेको के हो ? यसको काम कर्तब्य र जिम्मेवारी के कस्ता रहेका छन् ? बहाई धर्मको संस्थाहरूको संगठनात्मक ढाँचा कस्तो प्रकारको छ ? र यसको नेतृत्व चयन, यसको क्षमता विकास प्रक्रिया कसरी हुन्छ ? यी प्रश्नहरू यस अनुसन्धानको विषय बनेका छन् । एक व्यक्ति बहाईको धर्मप्रति काम र जिम्मेवारी कस्ता हुन्छन् ? भन्ने बारेमा पनि बिशेष चर्चा गरिएको छ । बहाईहरूले मनाउने चाडपर्वहरू, उत्सवहरू, पवित्र दिनहरू, बहाई विवाह, जन्म-मृत्य संस्कार, भक्तिभाव कार्यक्रम, व्रत विधिको बारेमा पनि चर्चा गरिएको छ ।

बहाई धर्म पर्सियाबाट कसरी फैलियो र संसारमा बहाई संस्थाको विकासको प्रक्रिया कस्तो छ ? भन्नेबारे एउटा राम्रो विषय हुन सक्थ्यो तर यो गहन अध्ययन र अनुसन्धानको विषय भएकोले यहाँ संक्षिप्त रुपमा बहाई धर्मको परिचयात्मक अध्ययन गरिएको छ ।

**१.२ समस्या कथन** :

नेपालमा सबैभन्दा पुरानो धर्म हिन्दु धर्म हो । यसको पुष्टि हामीले विभिन्न अभिलेखहरूबाट पाउन सक्छौ । अन्य धर्महरू विभिन्न अभिलेखहरूमा उल्लेख भए अनुसार लिच्छविकालमा नेपालमा शाक्त धर्म, वैष्णव धर्म, बौद्ध धर्म आदिको चर्चा परेको हामी पाउन सक्छौं । मल्लकालमा र शाहकालमा आएर क्रिश्चियन, जैन, मुश्लिम  आदि धर्महरूको प्रवेश भएको पाईन्छ । तर नेपालमा बहाई धर्मको प्रवेश भएको धेरै लामो समय भएको छैन । किनकी  यो धर्म १९औ उन्नाइसौ शताब्दीमा मात्र पर्सिया (हालको इरान) बाट शुरु भएको हो । यस धर्मका प्रर्वतक बहाउल्लाहका अनुयायीहरूलाई बहाई भन्दछन् । आज यस धर्मका संसारमा ३४३ भन्दा बढी स्थानहरूमा बहाई केन्दहरू छन् । यस धर्मको मूल सिद्धान्त मानव एकता, विविधता तथा प्रमुख धर्मको स्थापना हो (सापकोटा, २०७४, पृ.२९) ।

नेपालमा मुख्य धर्महरूको बारेमा चर्चा परिचर्चा अध्ययन अनुसन्धान भएको पाईन्छ । तर बहाई धर्म, जुन एक नयाँ धर्म, जस्को अध्ययन नभएको  देखिएकोले यसको अनुसन्धान गरिएको हो । त्यसैले यस धर्मको अनुसन्धानका निम्ति निम्न लिखित समस्याहरू रहेका छन् ।

क)  काठमाण्डौ उपत्यकामा बहाई धर्मको ऐतिहासिकता, विकास र प्रचारप्रसारको खोजी नहुनु ।

(ख) काठमाण्डौ उपत्यकामा बहाई धर्मको संस्थागत विकासको खोजी नहुनु ।

(ग) काठमाण्डौ उपत्यकामा बहाई  जीवन संस्कारको अध्ययन नहुनु ।

## १.३ अध्ययनको उद्देश्य

बहाई धर्मको इतिहास, संस्कार काठमाण्डौ उपत्यकामा यसको विकास, फैलावट प्रशासनिक व्यवस्थाको बारेमा  वर्णन, व्याख्या र विश्लेषण प्रस्तुत अनुसन्धानमा समेटिएको छ । यस शोधका सामान्य उद्देश्यहरू यस प्रकारका छन् ।

(क) काठमाण्डौ उपत्यकामा बहाई धर्मको ऐतिहासिकता, विकास र प्रचार प्रसारको खोजी ।

(ख) काठमाण्डौ उपत्यकामा बहाई धर्मको संस्थागत विकासको खोजी ।

(ग) काठमाण्डौ उपत्यकामा बहाई धर्मको जीवन संस्कारको अध्ययन ।

## १.४ अध्ययनको महत्व तथा औचित्य

बहाई धर्म पर्सियाबाट १७८ वर्ष अगाडी शुरु भएको हो । यो धर्मले प्रगतिशील प्रकटीकरणलाई मानेको पाईन्छ । हरेक विहान सूर्य उदाउँछ र विस्तारै त्यो आफ्नो सर्वोच्च विन्दुमा पुग्छ र त्यसपछि त्यो नअस्ताउनजेलसम्म तल तल झर्दछ । पृथ्वीको सतहबाट सूर्य नदेखिने भएपछि सबै कुराहरू अन्धकारमा ढाकिन्छन् । जब संसारका सबै बत्तिहरूले अन्धकारलाई हटाउने नसक्ने हुन्छन् तब फेरि उही सुन्दर, गौरवमय सूर्य उदाउँछ । ठूल्ठूला धर्महरूमा पनि यस्तै हुन्छ । त्यसैगरी कृष्ण, बुद्ध, क्राइष्ट, मुहम्मद र बहाउल्लाह जस्ता अवतारहरू भिन्नाभिन्नै समयमा प्रकट भएका सूर्य जस्तै हुन्, तर सबै एउटै स्रोतबाट आएका हुन् । यो नै प्रगतिशील प्रकटीकरण हो । त्यसैगरी यसले एक ईश्वर, धर्महरूको एकता र मानव एकतालाई आफ्नो मुल आदर्श मानेको पाईन्छ (फत्हेआजम, २०७४, पृ. ११) ।

संसारभरी नै छोटो समयमा प्रचारप्रसार भई फैलिएको यस बहाई धर्म नेपालको काठमाण्डौ उपत्यकामा यसको प्रवेश विकास र प्रचार प्रसार यस अनुसन्धानको विषय बन्न पुगेको छ । यस अध्ययन र अनुसन्धानले बहाई धर्मको काठमाण्डौमा संस्थागत विकासको परिचयको जानकारी दिएको छ ।

यस अनुसन्धानले बहाई धर्मको उत्पत्ति र इतिहास, बहाई धर्मको संस्कारहरू काठमाण्डौ उपत्यकाभित्र पर्ने कपन, इमाडोल, गोदामचौर, सुनाकोठी, भैंसेपाटी र काठमाण्डौ गरी ६ वटा समुदायहरूको संस्थाको स्थापना, विकास, काम र कर्तव्यहरू, बहाई कोष आदिको बारेमा सोधखोज गरेको छ । त्यसैले यी समुदायहरूको अध्ययनबाट बहाईहरूको आस्था र विश्वास, चाडपर्वको बारेमा जानकारी दिएको छ । ।

## १.५ अध्ययनको सीमा

यो अनुसन्धान वा खोज कार्यलाई काठमाण्डौ उपत्यकाभित्र पर्ने ६ वटा बहाई समुदायहरू गौदामचौर, भैसेपाटी, कपन, सुनाकोठी, इमाडोल, र बानेश्वरलाई केन्द्रित गरिएको छ। त्यसकारण अध्ययन क्षेत्रका रुपमा यसको सीमा क्षेत्र निर्धारण माथि उल्लेखित स्थानहरू हुन्। यस अध्ययनको विषय भित्र काठमाण्डौ उपत्यकाको बहाई इतिहास, बहाई संस्थाको विकास, प्रचारप्रसार र यसका अनुयायीहरूको जीवन संस्कारहरूमा केन्द्रित छ।

### समेटिएको पक्ष

पूर्वकार्य समिक्षा गरि बहाई धर्मको संक्षिप्त इतिहासलाई समेटिएको छ। यस अध्ययनमा केहि बहाई अग्रज विद्धानहरू, यस संस्थाका सदस्यहरू, विशेषगरी सचिव, अध्यक्ष, कोषाध्यक्षसँग अर्न्तवार्ता गरी काठमाण्डौ उपत्यकाको बहाई धर्मको इतिहास र यसका चुनौतीहरू कस्ता प्रकारका थिए भनेर खोजी गरिएको छ। काठमाण्डौ उपत्यकाको बहाईहरूको जीवन संस्कारको बारेमा खोजी गरिएको छ। काठमाण्डौ उपत्यकामा रहेका बहाई संस्थाहरूको र यसको काम कर्तब्यहरू के के हुन् भनेर खोजेको छ। बहाई धर्मको उत्पति, विकास र प्रचारलाई पनि संक्षिप्त रुपमा यस अनुसन्धानमा समावेश गरिएको छ। बहाई धर्मको परिचयात्मक अध्ययन गरिएको छ।

### नसमेटिएको पक्ष :

नेपालका अन्य क्षेत्रहरूमा पनि बहाई संस्थाहरू रहेका छन। तर ती संस्थाहरूको अवस्थाको बारेमा खोजी गरिएको छैन। यसको थप अनुसन्धान गर्न बाँकी राखिएको छ। इतिहास, संस्थागत विकास र संस्कार बाहेकको अन्य कुनै पनि विषयबस्तुलाई यस शोधकार्यमा समेटिएको छैन । बहाई धर्म र अन्य धर्मको विकास र फैलावटको तुलनात्मक अध्ययन गरिएको छैन । त्यसैगरी

नेपालका अन्य ठाउँहरू पुर्वमा मोरङ, सुनसरी, पश्चिममा कंचनपुर, कैकाली, बाँके, बर्दिया, दाङ, मध्यमा बिरगंज, कपलिवस्तु, चितवन, रुपन्देही आदि जिल्लाहरूमा रहेका बहाई संस्थाहरू र समुदायहरूको अध्ययन गरिएको छैन । यो केवल काठमाण्डौमा केन्द्रित छ ।

## १.६ शोधकार्यको रुपरेखा

शोधपत्रलाई पाँच वटा परिच्छेदमा वर्गिकरण गरिएको छ । जसमा पहिलो परिच्छेदमा यस शोधपत्रको परिचय, पृष्ठभुमी, उद्देश्य, महत्व आदि समावेश गरिएको छ । त्यसैगरि दोस्रो परिच्छेदमा यस शोधपत्रसगं सम्बन्धित उपलब्ध सामाग्रीहरूको पुर्वकार्य समिक्षा गरिएको छ ।

तेस्रो परिच्छेदमा यस शोधपत्रका लागि आवश्यक अध्ययन विधि, क्षेत्र छनोट, अध्ययन ढाचाँ, तथ्याङ्क संकलन विधि (अर्न्तवार्ता, सामुहिक छलफल) औजार आदि समावेश गरिएको छ । चौथो परिच्छेदमा यस शोधपत्र काठमाडौ उपत्यकामा बहाई धर्मको प्रचारप्रसार र संस्थागत विकासलाई अनुसन्धानको सिमामा रहेर यसको इतिहास, वर्तमान अवस्था, काठमाडौ उपत्यकामा यसको प्रचार प्रसारका तौरतरिका, संस्थाहरू, यसको विकास, जीवन संस्कार र चाडपर्व आदि समावेश गरिएको छ । अन्त्यमा परिच्छेद पाँचमा यस शोधपत्रको सारांश, उपलब्धी र निष्कर्ष समावेश गरिएको छ ।

साथै यस शोधप्रवन्धमा छ वटा अनुसूचीहरू छन् । उक्त अनुसूची मध्ये एकमा अर्न्तवार्ताका कममा सोधिएको प्रश्न, दुईमा सामुहिक छलफलमा सोधिएका प्रश्न, तीनमा अन्तर्वार्तामा सहभागीहरूको विवरण, चारमा सामुहिक छलफलमा सहभागीहरूको विवरण, पाँचमा अवलोकन निर्देशिका, छ मा स्थानीय आध्यात्मिक सभाको सदस्यहरूको नामावली र अनुसूची सातमा तस्विर संकलन प्रस्तुत गरिएको छ ।

# परिच्छेद दुई

# पूर्वकार्य समिक्षा

नेपाल एउटा यस्तो देश हो । जहाँ अनेक धर्महरूविच परस्परमा मिठो मैत्री सम्बन्ध रहेको छ । यहाँ धर्मको नाममा आजसम्म पनि कुनै त्यस्ता ठूला अप्रिय घटनाहरू घटेको पाइदैन । तर विश्वका अनेक मुलुकहरूमा धर्मले गर्दा मानिसहरूको नरसंहार भएको पाइन्छ । मध्यकालीन भारत, इरान, युरोपमा धर्मका नाममा कैयौ विद्रोह झगडा र जनसमूह बलि चढाइएका छन् । नेपालको इतिहास पल्टाएर हेर्दा लिच्छविकालमा धार्मिक स्वतन्त्रता थियो । लिच्छवि कालका प्रसिद्व शासकहरू मानदेव, नरेन्द्रदेवको धर्ममा आस्थालाई हेर्दा पनि यो कुरालाई बुझ्न सकिन्छ ।

त्यस्तैगरि नेपालमा मल्लकाल र शाहकालमा मुस्लिम धर्म र ईसाइ धर्मले प्रवेश भएको कुरा हामीले विभिन्न ग्रन्थहरूमा उल्लेख भएको पाउछौ । साथ-साथै नेपालमा जैन, सिख, श्रीकृष्ण प्रणामी, ॐ शान्ती, राधे-राधे, बहाई धर्म आदि भएको पाइन्छ । तर अरू धर्मको तुलनामा बहाई धर्मको अनुसन्धान हुन सकेको छैन । त्यसैकारणले गर्दा विभिन्न अनुसन्धानकर्ता र विद्वानहरुको पुस्तकहरूको समीक्षा गरि डिफ्युनिज्म दृष्टिकोणबाट काठमाण्डौ उपत्यकामा बहाई धर्मको परिचयात्मक अध्ययन शीर्षकमा यो शोध सम्पन्न गरिएको हो ।

एलान, ड्वाइट् (१९७४ इ.सं.) ले अनुसन्धान गरि प्रकाशमा ल्याएको *'बहाउल्लाहको प्रकाश बहाईः धर्मको एक परिचय '* ग्रन्थ समीक्षा योग्य सामग्री ठानिएको छ । प्रस्तुत ग्रन्थ १८९ मा पृष्ठमा विस्तारित गरिएको र नौ वटा खण्डमा विभाजन गरिएको छ ।  पहिलो खण्डमा बहाई इतिहासको बारेमा चर्चा गरिएको छ । दोस्रो खण्डमा बहाउल्लाह (बहाइ धर्मका अवतार) को बाल्यकाल, बहाउल्लाहको कार्यको शुरूवात, बहाउल्लाहले आफू यस युगको लागि ईश्वरीय अवतार भएको कुराको शुरुवात बारेमा गरेको घोषणा, बहाउल्लाहले सहनु परेको यातना र दुःख कष्टहरू, बहाईहरूको पवित्र ग्रन्थ किताब-इ-अक्दास, अन्य बहाई लेखहरू, बहाउल्लाहको स्वर्गारोहणको बारेमा चर्चा गरिएको  छ । तेस्रो खण्डमा आध्यात्मिक शिक्षाहरू अर्न्तगत दैवीय स्वभाव, अवतारहरूको स्थान, धर्म सबै एउटै हो । मानिसका दुई कर्तब्यहरू, सत्यको स्वतन्त्र खोज, प्रार्थना तथा ध्यान, कर्म नै पूजा, मृत्युपछिको जीवनको बारेमा ब्याख्या गरिएको छ ।

त्यस्तैगरि यस ग्रन्थका अन्य खण्डहरूमा सामाजिक शिक्षाहरू, बहाई नियमहरू, बहाई प्रशासन स्थानीय आध्यात्मिक सभा, बहाई सामुदायिक जीवन, प्रगतिशिल प्रकटीकरणका बारेमा बर्णन गरिएको छ । त्यसैले बहाई धर्मको बारेमा अनुसन्धान कार्यलाई यस पुस्तकले आवश्यक सहयोग पुऱ्याएको छ । तर यसमा काठमाण्डौ उपत्यकाको बहाई धर्मका संस्थागत विकासकोबारेमा केहि पाईदैन, त्यसैले यो अनुसन्धान गरिएको छ । अतः यो ग्रन्थलाई समीक्षा योग्य ठानिएको छ ।

माहनाज आफिसन (वि.सं.२०४७) को *'बरद सौन्दर्य'* शीर्षकको पुस्तक बहाउल्लाह (बहाई धर्मका अवतार) को जीवनमा घटेका महत्वपूर्ण घटनाहरूको बारेमा विशेष जानकारी प्रदान गर्ने अति उपयोगी सामग्री हो । अनुसन्धानकर्ता माहनाज आफिसन लेख्छिन् "सुनौलो पात र सूर्यको आनन्दमय न्यानोपनले हिमाच्छादित दयाबन्द पर्वतका तेजस्वी सौन्दर्य बढाइरहेको शरदकालीन तेहरानका किर्तिमय दिनहरूमध्य यो एक थियो । त्यस्तै एकदिन पर्सियाको ज्यादै सम्मानित कुलिन व्यक्तिको एउटा परिवारमा ज्यादै अमुल्य बालकको जन्मले विश्व इतिहासमा सबभन्दा ठूलो र पवित्र घटनाको अनुभव गर्न लागिरहेको थियो । यो बालकको नाम हुसेन अलि थियो, जो पछि बहाउल्लाह 'ईश्वरको गौरब' नामले चिनिए । उहाँ ईश्वरका अगाडी सबै दुतहरूको प्रतिज्ञा गरेका आध्यात्मिक शिक्षक हुनुहुन्थ्यो । उहाँको जन्म १२ नोभेम्वर १८१७ को पवित्र दिनमा भएको थियो (आफिसन, २०४७, पृ. ३) । अतः यो ग्रन्थ यस अनुसन्धानको लागि निकै उपयोगी सावित भएको छ । तापनि यस ग्रन्थमा काठमाण्डौ उपत्यकामा बहाई धर्मको प्रचार-प्रसार र संस्थागत विकास र जीवन संस्कार बारे केहि पाइदैन । त्यसैले यो अनुसन्धानले त्यो अलिखित ज्ञानको खालीपनलाई परिपूर्ति गर्दछ ।

प्रेम कुमार खत्री, (वि. सं. २०५५) को "उत्पति : *मानव सभ्यताका केही पक्षको ऐतिहासिक एवम् मानवशास्त्रीय अध्ययन"* शीर्षकको पुस्तक नेपाल र एसियाली अनुसन्धान केन्द्रले प्रकाशनमा ल्याएको हो । ३०० पृष्ठमा विस्तारित यो ग्रन्थमा मूलतः छ वटा खण्ड छन् । पहिलो खण्डमा ब्रम्हाण्ड, पृथ्वी तथा मानवको विशेष रूपमा ब्याख्या गरिएको छ दोस्रो खण्डमा कृषि, चौथो खण्डमा लिपि, पाँचौ खण्डमा शहर सभ्यता, छैठौ खण्डमा राज्यको बारेमा चर्चा गरिएको । छ जुन यो अनुसन्धानको लागि उपयोगि छैन । तेस्रो खण्डमा भने धर्मको परिभाषा, धर्मको उत्पति तथा विश्वास, प्राचीन धर्म, इतिहासकालीन धर्म, धर्मको उत्पति र विकासबारे समाजशास्त्रीय

मतहरू धर्म र विश्वास धर्म तथा संस्कार, धर्म तथा अनुभव, धर्म तथा संस्कृति, केही प्राचीन सभ्यतामा धर्मसम्बन्धी धारणा, प्राचीन विश्वमा धर्मको विकास आदिसँग सम्बन्धित विषयहरूमा गहन रूपमा विश्लेषण गरिएको छ । यद्यपि यस ग्रन्थमा बहाई धर्मलाई समेटिएको भने पाईदैन त्यसो हुँदा यो अपुग र अभावलाई सम्वोधन गर्नपनि यो शोधकार्य सम्पन्न गरिएको हो ।

टोनी ह्विलर र रिचार्ड इभरीष्ट (१९९० इ.सं ) का *"Nepal a travel survival kit"* शीर्षकको ग्रन्थ इ.सं ७० को दशकमा दुबै अनुसन्धानकर्ताहरूले नेपालको हिमाल, पहाड र तराईको पूरै भ्रमण गरि लामो अनुसन्धान पश्चात प्रकाशनमा ल्याइएको हो । र, विहारहरू, राष्टिय संग्रहालयहरूको बारेमा वर्णन गरिएको छ । यो पुस्तक नेपालको भ्रमण गर्न चाहने पर्यटकको लागि  राम्रो गाइडको माध्यम बन्न सक्छ । किनभने यसमा नेपालका प्रमुख ऐतिहासिक शहरहरू काठमाण्डौ, भक्तपूर र पाटनको इतिहास, भूगोल, हावापानी, जनसंख्या, आर्थिक अवस्था सम्बन्धी जानकारी दिन्छ यहाँका मठ-मन्दिरहरू, दरवार र, विहारहरू, राष्टिय संग्रहालयहरूको बारेमा वर्णन गरिएको छ । साथै नेपालको धर्म, संस्कृति, कला, भाषा, देवीदेवताहरू जात्रा, चाडपर्वहरूको बारेमा उल्लेख गरिएको  छ । नेपालका अन्य पर्यटकीय स्थलहरू जस्तै पोखरा, तराईका विभिन्न ठाँउहरूका मुख्य आर्कषण के-के हुन् ? यहाँसम्म कसरी पुग्ने ? यहाँको बनस्पती र प्राणी, यहाँको खानपान, कहाँ बस्ने ? भूगोलको अवस्थाको बारेमा जानकारी प्राप्त गर्न सकिन्छ । हिमाल पर्वतारोहण, पदयात्रा, राफ्टिङ, माउन्टेन बाइक, नदिहरूको बारेमा समेत यस ग्रन्थले राम्रो ज्ञान दिन्छ । यद्यपि यो  पुस्तकमा भएका सम्पूर्ण कुरा यस अनुसन्धानको लागि उपयुक्त नभएतापनि पहिलो अध्यायको पृ. नं ३३ मा धर्मको बारेमा चर्चा परेको छ । जसमा हिन्दु धर्म र बुद्व धर्मलाई मात्र समेटिएको छ । नेपालमा बुद्व धर्म ई. पू. २५० मा भित्रिएको र हिन्दु धर्मको गहिरो जरा ई. पू. १००० पहिले फैलिएको पुरानो धर्म हो भन्ने कुराको चर्चा परेको छ । तर यस अध्यायमा बहाई धर्मको उल्लेख नपरेकोले गर्दा यो कमिलाई पूरा गर्नको लागि पनि यो ग्रन्थ समिक्षा गरिएको हो ।

अब्दुल बहा (वि.स.२०५५) को *पेरिसर्वाता* शीर्षकको पुस्तक अब्दुल बहाले पश्चिमी मुलुकहरूको भ्रमण गरी बहाई धर्मको सन्देश फैलाउने क्रममा पेरिसमा दिनुभएको प्रवचनहरूको संगालोलाई समाविष्ट गरि तयार गरिएको हो । एकसय त्रिपन्न पृष्ठमा विस्तारित यो ग्रन्थ तीनवटा

भागमा विभाजन गरिएको छ। यस ग्रन्थको भाग दुईमा पृष्ठ १०१ देखि पृष्ठ १३३ सम्म एघारवटा बहाई सिद्वान्तहरूको एक एक गरी व्याख्या गरिएको छ । ती सिद्वान्तहरू यस प्रकारकाछन् । पहिलो सिद्वान्त सत्यको खोज, दोस्रो मानव एकता, तेस्रो प्रेम, चौथो धर्म र विज्ञानको सम्बन्ध स्वीकार, पाँचौमा पक्षपातहरूको उन्मूलन, छैठौमा जीवनका साधनहरू, सातौंमा मानिसहरू विचको समानता, आठौंमा विश्व शान्ती, नवौंमा धर्म र राजनिती विच हस्तक्षेप, दशौंमा महिला र पुरुष विचको समानता, एघारौंमा पवित्र आत्माको शक्ति, बहाई धर्मको सिद्वान्तहरूको राम्रोसँग जानकारी दिने भएकोले यो ग्रन्थ अनुसन्धानको लागि समिक्षा गर्न उचित ठानिएको हो र यसमा संस्थागत विकासको खोजी काठमाण्डौमा बहाई धर्मका बारेमा केहि पनि पाईदैन । यस अनुसन्धानले त्यसबारे परिपूर्ति गर्दछ।

जगदिशचन्द्र रेग्मी र टी. पी धमला (वि.सं.२०७१) को *नेपालको धार्मिक इतिहास* शीर्षकको पुस्तकमा २३९ पृष्ठ र पाँचवटा अध्याय समाविष्ट गरिएका छन् । प्रस्तुत पुस्तकमा नेपालका प्राचीन र मध्यकालीन धार्मिक इतिहासका पाटाहरूलाई कुनै न कुनै रूपमा खोज गरि उल्लेख गरिएको छ। यस पुस्तकमा मुख्य गरि नेपालमा शैव धर्मको प्राचीनता इतिहास शैव धर्म सम्प्रदाय र तिनका गतिविधि समेटिएको छ। त्यसै गरी वैष्णव धर्म तिनका तीर्थ र त्यस सम्वन्धि प्रमुख उपत्यकाका वैष्णव मूर्तिका बारेमा उल्लेख गरिएको छ। नेपाल बुद्वको जन्मथलो भएकाले नेपालमा वौद्वधर्म र सम्प्रदाय बौद्व आचार्य वा भिक्षु लगायत अन्य गतिविधिलाई समावेश गर्ने प्रयास गरिएको छ। यस बाहेक अन्य सम्प्रदायहरूलाई पनि चर्चा गरिएको छ। यद्यपि प्रस्तुत पुस्तक अनुसन्धानका लागि उपयोगि सामाग्री सावित नभए तापनि यसमा बहाई धर्मको चर्चा नपरेकोले पनि त्यसको अभाव पूरा गर्नको लागि यो पुस्तक समिक्षा गरिएको हो।

लक्ष्मीकान्त पन्थी (वि.सं.२०७४) को *हिन्दु संस्कार परिचय र विमर्श* शीर्षकको पुस्तकले धर्मको बारेमा जानकारी दिने एउटा महत्वपूर्ण सामाग्री भएकोले यो पुस्तक समीक्षा योग्य मानिएको छ। प्रस्तुत पुस्तकको सम्पूर्ण खण्डहरू अनुसन्धानको लागि उपयुक्त नभएपनि प्रथम खण्डमा धर्मशास्त्र र यसको प्रयोजन, धर्म शब्दको अर्थ, धर्मको महत्व, धर्मको सारसन्देश, संस्कार के हो ? 'संस्कार' शब्दको बयूत्पत्ति र अर्थ, विभिन्न अर्थमा संस्कार शब्दको प्रयोग संस्कारको उत्पत्ति, संख्या र क्रम संस्कारको प्रचलन परम्परा र प्रयोजन, संस्कारको आवश्यकता, उपयोगिता

र वैज्ञानिकताको बारेमा चर्चा गरिएको छ । प्रस्तुत पुस्तकमा धर्म शब्दका अर्थहरू निम्न अनुसार उल्लेख गरिएका छन् । १. धर्मराज, २.युधिष्ठिर, ३. उपनिषद, ४. तरिका, ५. भक्ति, ६. सत्सङ, ७. यज्ञ, ८.समानता, ९.नियम, १०. इमान, ११.न्याय-इन्साफ, १२. कानुन, १३.धर्मशास्त्र, १४.उचित र अनुचितको विचार गर्ने चित्तवृत्रि, १५. माता पिता, गुरु आदि मान्यजनको त्यस्तो वचन वा मत जुन पालन गर्दा यो लोक र परलोकमा सुख र ईश्वरप्रति हुन सक्छ ?, १६. त्इस्तो कर्म जुन गर्नाले यो लोकमा सुख शान्ती र जनकल्याण हुन्छ र १७. कुनै वस्तुको गुण जसमा त्यसको मुख्य आधार रहन्छ (जस्तै पानीको धर्म चिसो, आगोको धर्म तातो इत्यादि ) भनेर वर्णन गरिएतापनि बहाई धर्मको बारेमा केहि उल्लेख नभएकाले गर्दा बहाई धर्मको अध्ययनलाई पुरा गर्नको लागि यो अनुसन्धान गरिएको हो ।

डा. पदमलाल देवकोटा, नेत्रकुमार ओझा (वि.सं.२०६६) का अनुसार '*मानवशास्त्रमा सैद्धान्तिक दृष्टिकोण* नामक पुस्तकमा प्रसारवादको परिचय, अर्थ विशेषताहरू प्रसारबादको उत्पत्तिको ऐतिहासिकताको सन्दर्भ आदि विषयमा चर्चा गरिएको छ। प्रसारबाद अलिखित र स्पष्ट इतिहास नभएको संस्कृतिहरू विच साँस्कृतिक तत्वहरूको विस्तार र फैलावटको आधारमा समानता र फरक छुट्याएर कुन स्थानबाट कहाँ र कुन तत्व विस्तार वा फैलिएको हो भनेर विश्लेषण गर्ने सिद्वान्तको रुपमा आएको छ । यसले प्रसार भएको वा प्राप्त गरिएका साँस्कृतिक तत्वहरूको निश्चित सन्दर्भमा व्याख्या गर्छ । प्रसारबादको अध्ययन गर्ने क्रममा यस पुस्तक उपयोगी मानिएको छ। अनुसन्धानकर्ताले यस सिद्धान्तमा प्रयोग लागू आफ्नो अनुसन्धानमा प्रयोग गरेको छ तर यसमा उपत्यकाको बहाई धर्म र प्रसारबादको बारेमा केहि छैन । यो अध्ययनले यस पक्षलाई महत्व दिएको छ ।

डा. केशव कुमार श्रेष्ठ र बलराम आचार्य (वि.सं.२०७१) *समाजशास्त्र र मानवशास्त्रमा सैद्धान्तिक दृष्टिकोण* शीषर्कको ग्रन्थ नेश्नल बुक सेन्टरले प्रकाशनमा ल्याएको हो। २८० पृष्ठको संगठित यस ग्रन्थमा अनुसन्धान कर्ताले यस सिद्धान्तको लागू गरि आफ्नो अनुसन्धानमा प्रयोग गरेकाछन् । यसमा बहाईबारे केहि नभएतापनि यो ग्रन्थले बहाई धर्म कसरी प्रसार भयो भनेर प्रसारबादको सिदान्तलाई मार्गदर्शन गर्ने छ । समाजशास्त्र र मानवशास्त्रमा सैद्वान्तिक दृष्टिकोणहरू सम्बन्धि विविध पक्षलाई समेटैने प्रयास गरेकाछन् । यसमध्ये पृष्ठ ९२ देखि ११४

सम्ममा प्रसारबादको अर्थ, साँस्कृतिक प्रसारका माध्यमहरू, प्रसारबादी दृष्टिकोणबाट समाज र संस्कृति, प्रसारबादको सन्दर्भ, प्रसारबादका मान्यताहरू, समाज र संस्कृतिको व्याख्यामा फेन्ज वोसको प्रसारबादी दृष्टिकोण, वोस र अमेरीकी प्रसारबाद सबै संस्कृतिको विकासमा एकरुपता प्रक्रियामाथि वोसको हमला, अमेरीकी प्रसारबादी सम्प्रदायको समालोचना समाज र संस्कृतिको व्याख्यामा इ. स्मिथको प्रसारबादी दृष्टिकोण, स्मिथको प्रसारबादी व्याख्या, व्रिटिस प्रसारबादीको समालोचना विषयमा व्याख्या गरिएको छ । प्रसारबादीहरू भन्दछन् - विभिन्न साँस्कृतिक जटिलताहरू विभिन्न कालखण्डमा विभिन्न स्थानमा विकसित भएर विश्वभर नै तिनीहरू व्याख्या गरिएको छ । विभिन्न कालखण्डमा विभिन्नरू फैलिए । यसैले संस्कृति ऐतिहासिक सन्दर्भमा वृद्वि र समविकासको अध्ययन गर्न प्रसारबादी सिद्वान्तको विकास भयो । प्रसारबादको अध्ययन गर्ने क्रममा उपर्युक्त पुस्तक अनुसन्धानको लागि समीक्षा योग्य ठानिएको छ । तर अध्ययनकर्ताले यो सिद्वान्तलाई बहाई धर्मको प्रसारबादसँग जोडेर आफ्नो अध्ययनको पक्षलाई दर्शाएको छ ।

नेपालको बहाई राष्ट्रिय आध्यात्मिक सभा (वि.सं.२०७६) को *प्रशासनिक क्षमता अभिवृद्वि* नामक पुस्तकमा काठमाण्डौं उपत्यकाममा बहाई धर्मको संस्थागत विकास र प्रसार-प्रचार शीर्षकको अनुसन्धानको लागि अति नै उपयुक्त बहाई धर्मको प्रशासनिक र महत्वपूर्ण सामाग्री मानिएको छ । तसर्थ यस पुस्तकको समीक्षा गरिएको हो । प्रस्तुत पुस्तकमा बहाई प्रशासन सम्बन्धि विविध पक्षलाइ समेटी वर्णन गरिएको छ । यस ग्रन्थमा बहाई संस्थागत क्षमतालाई बढाउने, प्रशासनिक क्षमतालाई बढाउने, राष्ट्रिय सभाहरू र सल्लाहकारहरू विचको पारस्परिक कार्यप्रणाली, सल्लाहकारहरू र क्षेत्रीय संस्थाहरू एवं एजेन्सीहरूको विचको सम्बन्ध, बहाई संस्थाको प्रकृति, क्षेत्रीय बहाई परिषदका भूमिका र महत्व प्रशिक्षण संस्थानहरूसँगको सहकार्य, क्षेत्रीय शिक्षण समिती र स्थानीय आध्यात्मिक सभा, सूचना संसाधन र कोषहरूको प्रवाह राष्ट्रिय आध्यात्मिक सभाहरू विच सम्बन्ध विषयमा चर्चा गरिएको छ । तर उपत्यकामा बहाई धर्मको संस्थागत विकास बारे केहि नपाइने हुनाले यो अनुसन्धान गरिएको हो ।

मेबल हाइड पेन (१९७२) *जीवनको दिव्यकला* शीर्षकको पुस्तक अमेरिकका बहाईहरूको राष्ट्रिय आध्यात्मिक सभाले प्रकाशनमा ल्याएको हो । अनुसन्धानकर्ता मेबल हाइड पेनले बहाउल्लाह तथा अब्दुल बहा (बहाई धर्मका उत्तराधिकारी तथा बहाई धर्मका प्रमुख व्यक्ति) का

लेखनीहरूबाट उद्वरित संकलन गरि यो पुस्तक तयार पारिएको हो । १६८ पृष्ठमा विस्तारित यो ग्रन्थमा पृष्ठ ४७ र ११९ अनुसन्धानको लागि उपयोगी मानिएको छ। यी पृष्ठमा बहाई प्रार्थना तथा ध्यान, विवाह र पारिवारिक जीवन विषयमा चर्चा गरिएको छ । प्रार्थना भनेको सर्वोत्कृष्ट अवस्था हो, किनकि त्यसबेला मानिस ईश्वरसँग वार्तालाप गरिराखेको हुन्छ । केवल ईश्वरको स्मरणमा मात्रै हृदयले विश्राम पाँउछ । बहाई जीवन संस्कारको अनुसन्धान गर्दा आवश्यक पर्ने बहाई विवाह कस्तो हुनुपर्छ भन्ने कुरा यस पुस्तकमा समावेश गरिएको हुँदा यो पुस्तकले बहाई जीवन पद्धतिको बारेमा भरपुर जानकारी दिने हुनाले यो पुस्तक समीक्षा गरिएको हो। तापनि यस पुस्तकमा उपत्यकाको बहाई धर्मको संस्थागत विकासबारे केहि पनि नभएकोले यो अनुसन्धानले त्यो अपूर्तिलाई पूर्ण गरेको छ ।

हुशमन्द फत्हेआजम (वि.सं.२०४३) को *'नयाँ फूलबारी'* नामक ग्रन्थ नेपालका बहाईहरूको राष्ट्रिय आध्यात्मिक सभाले प्रकाशनमा ल्याएको हो । २०४ पृष्ठमा विस्तारित गरिएको यो पुस्तकमा ६ वटा खण्डमा विभाजित गरिएको छ । प्रथम खण्डमा ईश्वर र उहाँको धर्म विषयमा वणर्न गरिएको छ । जस अर्न्तगत हाम्रो जीवनको उद्देश्य कस्तो हुनुपर्छ ? ईश्वरलाई कसरी चिन्ने ? ईश्वरको प्रेम, धर्मको एकता, धर्मको नवीकरण हुन्छ । प्रगतिशील धर्म जस्ता विषयमा चर्चा गरिएको छ । दोस्रो खण्डमा ईश्वरका अवतारहरूको व्याख्या गरिएको छ । जसमा श्री कृष्ण, बुद्ध, मुसा, जोरास्त्र काइष्ट, हजरत मुहम्मद, बाब र बहाउल्लाहको बारेमा समेटिएको छ । तेस्रो खण्डमा संविदाको बारेमा रहेको छ । जस अर्न्तगत अब्दुल बहा र शोघी एफेन्दी-धर्मसंरक्षकको बारेमा चर्चा गरिएको छ । चौथो खण्डमा केही उपदेश र सिद्वान्तहरूका विविध पक्षहरूलाई समेटिएको छ । पाँचौ खण्डमा प्रशासन रहेको छ जस अर्न्तगत पुरोहित विनाको धर्म, बहाई प्रशासन भनेको के हो ? आध्यात्मिक सभाको चुनाव, स्थानीय आध्यात्मिक सभाको कर्तब्यहरू आध्यात्मिक सभाका पदाधिकारीहरू, उन्नाईस दिन, राष्ट्रिय सम्मेलन, विश्व न्याय गृह, बहाई प्रशासन बारे केही महत्वपूर्ण कुराहरू, बहाई मन्दिरहरू, बहाई कोषको बारेमा उल्लेख भएको छ । छैठौ खण्डमा केही नियम र कर्तब्यहरू रहेका छन् । जसमा स्वच्छता, प्रार्थना, बहाई उपवास, कर्म नै पूजा धर्मको पठनपाठन (शिक्षा) मादक पदार्थको निमेष, धार्मिक चाड पर्वहरू, विवाह, सरकारप्रतिको ईमान्दारी बहाई कसरी बन्ने भन्ने जस्ता विषयहरूलाई समेटिएको छ । त्यसकारण यो पुस्तक अनुसन्धानको लागि अति नै महत्वपूर्ण सामाग्री मानिएको छ । तर उपत्यकाको बहाई

धर्मकोबारे उल्लेख नगरिएको पक्षको पुर्ति यो अध्ययनले गर्दछ । त्यसैले यस पुस्तकलाई समिक्षा गरिएको छ ।

लीलाप्रसाद सापकोटा (वि.सं २०७२) को *"विश्वका प्रमुख धर्म"* शीर्षकको पुस्तक नेपाल प्रज्ञा-प्रतिष्ठानले प्रकाशित गरेको हो प्रस्तुत पुस्तकमा तिन वटा खण्डहरू रहेकाछन् । पहिलो खण्डमा विश्वका प्रमुख धर्महरूः हिन्दु धर्म, बौद्व धर्म, जैन धर्म, सिन्तो धर्म, कन्फुसियस धर्म, ताओ धर्म, यहुदी धर्म, फारसी धर्म, ईसाई धर्म, सिख धर्म, श्रीकृष्णप्रणामी धर्म र बहाई धर्मको बारेमा पृष्ठ नं १५८ र १५९ मा प्रस्तुत गरेकाछन् । तेस्रो खण्डमा धर्म सापेक्ष र धर्म निरपेक्ष, विश्वधर्म समभावको बारेमा चर्चा गरिएको छ । अनुसन्धानकर्ता लीलाप्रसाद सापकोटा लेख्दछन् 'दुई विशिष्ट द्रष्टाहरूद्वारा इरानमा विकसित गरिएको बहाई धर्म उन्नाइसौं' निमित्त प्रदत्त मानिएको यस धर्मका प्रथम द्रष्टा सैयद अलि मुहम्मद(१८१९-१८५०) जसलाई बाब (द्वार) भनेर सम्बोधन गरिन्छ । उनी पैगम्वर मुहम्मदका वंशज हुन् । उनी संसारका धर्मग्रन्थहरूमा भगवानको सन्देश लिएर आउने भविष्यवाणी गरिएका ईश्वरको अवतारको आगमनको सूचना दिन आएको मानिन्छ । बाबपछि उनको सन्देश इरानका शाहका एक जना धनी र उच्च वर्गका मन्त्रीका छोरा बहाउल्लाहले प्रचारित गरे । यस ग्रन्थले बहाई धर्मको बारेमा जानकारी दिएता पनि काठमाण्डौ उपत्यकाको बहाई धर्मको बारेमा केहि नपाइएता पनि त्यो अपुरो अध्ययनलाई यस अध्ययनले पुर्ति गर्दछ ।

पिटर ए. ओल्जी (१९९० इ.स.) को *बहाउल्लाहको बगैचा बहाई धर्मका स्रव्यदृश्य पाठहरू* शीर्षकको ग्रन्थ यस अनुसन्धानको लागि महत्वपूर्ण सामाग्री सावित भएको छ । यस अर्थमा यो पुस्तक समीक्षा गरिएको छ । यस पुस्तकमा नौ वटा अध्यायमा रहेका छन् । पहिलो अध्यायमा विभिन्न समयमा विभिन्न ठाउँहरूमा फरक-फरक ईश्वरीय अवतारहरूको आगमन भएको र उनीहरूले फरक फरक धर्महरू ल्याएको भनेर उल्लेख गरिएको छ । कृष्णले हिन्दु धर्म, बुद्वले बौद्व धर्म, क्राइष्टले कृश्चियन, मोसेजले जुडाइज्म धर्म, जोराष्टरले जोराष्टरिज्म धर्म, मुहमम्दले इस्लाम धर्म, बाबले बाबी धर्म, बहाउललाहले बहाई धर्म ल्याएको भनेर उल्लेख गरिएको छ । दोस्रो अध्यायमा ईश्वरीय अवतार बहाउल्लाहको शुरूको जीवन बहाउल्लाहले बाबलाई स्वीकार गरेको, उनको जीवनको मुख्य उद्देश्य उनले भोगेका दुःख र पीडा, उनले लेखेका पवित्र पुस्तक किताब-

ई-अक्दस र अन्य ग्रन्थहरू र उनको स्वर्गारोहणको बारेमा चर्चा गरिएको छ । तेस्रो अध्यायमा बहाई इतिहास समावेश गरिएको छ जस अन्र्तगत बाब बहाउल्लाह संविदाको केन्द्रविन्दु, अब्दुल बहा, दैवी योजना शोघी ऐफेन्दी विश्व न्याय गृहको बारेमा चर्चा गरिएको छ । चौथो अध्यायमा बहाउल्लाहको आध्यात्मिक शिक्षाहरूको बारेमा वर्णन गरिएको छ । पाँचौ अध्यायमा बहाउल्लाहले सामाजिक शिक्षाको विषयमा उल्लेख गरिएको छ । छैठौ अध्यायमा बहाउल्लाहले ल्याएका नियम कानुनहरूको चर्चा गरिएको छ । सातौ अध्यायमा संविदा, स्थानीय आध्यात्मिक, सभा, राष्ट्रिय आध्यात्मिक सभा, धर्मभुजाहरू र सल्लाहकारहरू, आज्ञाकारिता, उन्नाइस दिने सहभोज कोषहरू जस्ता विषयमा वर्णन गरिएको छ । आठौं अध्यायमा चुनाव संस्था, छलफल, जिम्मेवारीहरू, शिक्षण, बालबालिकाहरूको लागि आध्यात्मिक शिक्षा समुदायसँगको सम्बन्ध, सामुदायिक कोषहरूको विषयमा उल्लेख गरिएको छ । बहाउल्लाहको किताब-इ-अक्दास सबैभन्दा पवित्र पुस्तक हो । यसमा यस युगको लागि ईश्वरीय नियमहरू छन् । यी नियमहरू पृथ्वीमा परमेश्वरको प्रतिज्ञा गरिएको राज्यको लागि जग हुन, भनेर यस ग्रन्थमा उल्लेख गरिएको छ र पनि उपत्यकामा बहाई धर्मको बारेमा भने छुट्टै अध्ययन नभएकोले गर्दा यो अनुसन्धान गरिएको हो ।

अदीब ताहेरजादे (२००७ इ.सं) को *बहाउल्लाहका प्रकटीकरण (भाग दुई)* शीर्षकको ग्रन्थ समीक्षा योग्य ठानिएको छ । अनुसन्धानकर्ता अदीब ताहेरजादे लेख्छन्,: कान्स्टैन्टीनोपल र एड्रियानोपलमा बहाउल्लाहले बिताएका पाँच बर्षको कार्यकालका एक सर्वाधिक घटनापूर्ण तथा गतिशिल काल खण्ड मानिन्छ । उनको धर्म प्रकाशनको सूर्य यस अल्पावधिमा आफ्नो शिखरमा स्थपित यस प्रखर तेजस्वीता प्रकाश सम्पूर्ण मानवजातीमा फैलिएको थियो । यस बेलामा उनले आफ्नो गैर वफादार भाई मिर्जा याहयाद्वारा उनलाई दिएको कष्ट, विश्वासघात तथा विपत्तिको सहेर एक अत्यन्त दुखदायी अवधिमा रहेर त्याग सहिष्णुताका साथ बिताएका थिए । मिर्जा याह्या बाबको संविदा भंग गरी उनको विरोधमा उठेर संसार भर नै पीडा दिएको थियो । यस पुस्तकमा बहाउल्लाहलाई सरकारले धर्म विराधीको रुपमा सजाय स्वरुप विभिन्न देशहरूमा निर्वासित गरी पठाएको थियो, फलस्वरुप बहाउल्लाह जँहा-जँहा निर्वासित भएर गए त्यँहा धर्मको प्रसार प्रसार हुन गयो र उनका अनुयायीहरूको संख्यामा पनि वृद्धि हुन पुग्यो भन्ने बारेमा उल्लेख पाईन्छ । उक्त पुस्तकमा बहाउल्लाहको एड्रियानोपल र कन्स्टयानटिनोपलमा भएको निर्वासनको क्रममा भएका गतिविधीहरूको बारेमा उल्लेख गरिएको छ । दुईवटा नगरहरूमा पाँचवर्षसम्म बहाउल्लाहले

बिताएका जीवन र उनका साथमा रहेको व्यक्तिहरूको बारेमा पनि संक्षेपमा लेखिएको छ। प्रस्तुत पुस्तकले उपत्यकाको बहाई इतिहास र संस्थागत विकासको जानकारी नदिएकोले त्यसको पुर्तिको लागि यस अनुसन्धानद्वारा पूर्ति गरिएको छ ।

शहिन भफाई (२०११ ई.स.) को *'द बहाई धर्मः शिक्षण, इतिहास, र अभ्यासहरू'* शीर्षकको ग्रन्थ अति महत्वपूर्ण भएकाले समीक्षा गरिएको हो । यस पुस्तकमा ६ वटा अध्यायहरू छन् . जसमा क) ईश्वरको बारेमा सिक्ने ईश्वरीय प्रकटीकरणहरूको भूमिका । ख) हाम्रो आत्मलाई बुझ्ने मानव प्रकृति, जीवनको उद्देश्य, र जीवन पछि  ग) एक न्यायपूर्ण, शान्तिपूर्ण र प्रगतिशील समाजको निर्माणः एकताका सिद्धान्तहरू । घ) बहाई शिक्षाको पृष्ठभूमि पत्ता लगाउँदैः बहाई धर्मको इतिहास छ (ङ) आध्यात्मिक ढाँचाहरू अपनाउनेः परिवार र समुदायका लागि कानून र सिद्धान्तहरू (च) प्रतिज्ञा गरिएको उमेरलाई पुनर्मिलन गर्दैः अपेक्षाहरू र पूर्ति जस्ता विषयहरू समेटी चर्चा गरिएको छ। शहिन भफाइ लेख्छन् ' बहाई धर्म एक विश्व धर्म हो । डेढ शताब्दी अघि यसको जन्म पछि, क्रिश्चयन धर्म बाहेक अरु धर्मभन्दा धेरै देशहरूमा यसले जरा गाडेको छ । यसका ५० लाख भन्दा बढी अनुयायीहरू र विश्वभरका करिब १,००,००० क्षेत्रमाहरूमा पाइन्छ र लगभग २१०० जात-जाती, र जनजाति समूहको प्रतिनिधित्व गर्दछ । यसको साहित्य १०,००० भन्दा बढी समुदायहरूमा स्थापित भएको छ। र यसको सामाजिक र आर्थिक विकास परियोजनाहरू १०० भन्दा बढी देशहरूमा सञ्चालन हुन्छन ्। विश्वव्यापी रुपमा रहेका बहाई समुदायहरू विविध संगठित निकायमा हुन सक्छ ।बहाई धर्मका संस्थापक  बहाउल्लाहले ल्याएको एकताका सिदान्तले लगभग हरेक जात-जाती, जनजातीय र धार्मिक पृष्ठभूमिका मानिसहरू बहाई शिक्षाहरूमा आकर्षित भएका छन् । उन्नाइसौं शताब्दीमा, बहाउल्लाहले  आफु नै विगतका धर्महरूले प्रतिज्ञा गरेको वाहक  भएको कुरा घोषणा गरेका थिए । यो ग्रन्थमा बहाई धर्मको इतिहासबारे जानकारी दिएतापनि काठमाण्डौको बहाई इतिहास बारे जानकारी पाइदैन । त्यसकारण यसको विषयमा अनुसन्धान गरिएको हो ।

*आध्यात्मिक सभा हातेपुस्तिका* (१९८० ई.स.) को शीर्षकको ग्रन्थ बहाई पब्लिकेशन अष्ट्रेलियाले प्रकाशनमा ल्याएको हो । बहाई संस्था अर्न्तगत आध्यात्मिक सभा र स्थानीय आध्यात्मिक सभा पनि पर्दछन् । अनुसन्धान गर्ने क्रममा प्रस्तुत ग्रन्थले स्थानीय आध्यात्मिक

सभाको बारेमा सम्पूर्ण जानकारी पैदान गरेको छ । यो पुस्तकमा स्थानीय आध्यात्मिक सभा भनेको के हो ? यसका काम कर्तब्यहरू जिम्मेवारीहरू के-के हुन् ? यसको स्थापनाको लागि चुनावको कस्तो प्रकृया छ ? स्थानीय आध्यात्मिक सभाको बैठक कसरी संचालन गरिन्छ ? सचिवका काम कस्तो प्रकारमा हुन्छन् , बहाई कोष किन महत्वपूर्ण छ ? कोषाध्यक्षको काम र जिम्मेवारीहरू के-के हो ? शिक्षाका चुनौतीहरू के-के हुन् ? हुकुकुल्लाह भनेको के हो ? शिक्षणका चुनौतीहरू के कस्ता रहेका छन् ? उन्नाइसदिने सहभोजको उद्देश्य के हो ? बहाई पबित्र दिनहरू के-के हुन् ? र कसरी मनाईन्छ ? बहाईहरूले परम्परागत अन्य चलिआएका साँस्कृतिक परम्पराहरूमा भाग लिन पाउने कि नपाउने ? सल्लाहकारहरूको  के कस्ता काम हुन्छन् ? तिनका सहायकहरूको काम कस्तो प्रकारको हन्छ ? स्थानीय आध्यात्मिक सभा र सल्लाहकारहरू विचको सम्बन्ध कस्तो हुन्छ ? बहाई विवाह, बहाई अन्तेष्टि बहाई समाधि आदिसँग सम्बन्धित विषयवस्तुहरूलाई समेटेर विस्तृत रुपमा चर्चा गरिएको छ । त्यसकारण प्रस्तुत पुस्तक समिक्षा गरिएको हो । तर यसमा काठमाण्डौ उपत्यकामा बहाई धर्मको संस्थागत विकास र प्रचार प्रसारबारे केहि उल्लेख पाइदैन त्यसैको परिपुर्तिको लागि यो अनुसन्धान गरिएको हो ।

*युगल अवतारहरू* (रुहि प्रतिष्ठान चौथो किताब २००० ई.सं) नामक पुस्तक नेपालको बहाई राष्ट्रिय आध्यात्मिक सभाले ल्याएको हो । प्रस्तुत पुस्तकमा उल्लेख गरिएको छ कि - "इरानका राजाले बाबी (बाबका अनुयायी) हरूमाथि गरेको अत्याचारको प्रतिशोध लिन केही बाबीहरूले राजा माथि आक्रमण गरे । फलस्वरुपः यसको दोष बहाउल्लाहलाई लगाइयो । केही बाबीहरू सहित उनलाई गिरफ्तार गरियो । बहाउल्लाहको गोडाहरू ठिंगुरामा हालियो । र करिब ५० किलो जतिको गह्रुंगो नेल उनको गर्दनमा झुण्ड्याइयो । पहिलो तीन दिन र रात उनीहरूलाई खान वा पिउन केही दिइएन । उनीहरूलाई राख्ने कारागारमा पुग्न निष्पक्ष कालो अन्धकारमय बाटो हुदै गएर तीनवटा भऱ्याङहरू ओर्लनु पर्थ्यो । त्यो खोर निष्पट्ट अन्धकारमा डुबेको हुन्थ्यो । त्यहाँ छिर्ने एउटै बाटो बाहेक केही थिएन । चोर हत्याराहर र लुटेराहरू गरेर करिब डेढसय बन्दीहरू यस अँध्यारो र हिँउ जस्तै चिसो ठाँउमा कोचिएका थिए । भुँइ फोहोर र मैलाले भरिएको थियो । र त्यसमा किराहरू सल्बलाई रहन्थे । धेरै जसो बन्दीहरूको लुगा पनि थिएन गन्ध पत्याउन नसकिने खालको थियो ।  प्रस्तुत पुस्तकले बहाउल्लाहको बन्दी जीवनको जानकारी दिएको छ । जसबाट बहाउल्लाहले भोगेका कठिनाईहरूको बारेमा थाहा पाउन सकिन्छ र उनको जीवनका

बारेमा विस्तृत रुपमा वर्णन गरिएतापनि यस पुस्तकमा काठमाण्डौ उपत्यकाको बहाई धर्मको बारेमा भने उल्लेख नपाइएकोले हुनाले त्यसको पुर्तिको लागि यो अनुसन्धान गरिएको हो ।

यस पूर्वकार्य समिक्षा अर्न्तगत प्रस्तुत बहाई सम्बन्धि पुस्तकहरूले अनुसन्धानकर्तालाई धेरै मद्धत पुऱ्याएतापनि सबै किताबमा उपत्यकाका बहाई र संस्थागत विकास बारे खोज नभएको पुर्ति गर्न यो अध्ययनले मद्धत गर्दछ ।

# परिच्छेद तीन

## अनुसन्धान विधि

अनुसन्धान विधि कुनै पनि अनुसन्धानलाई वैज्ञानिक ढंगले तार्किक निष्कर्षमा पुऱ्याउने एउटा महत्वपूर्ण पद्धति हो । वैज्ञानिक सिद्धान्तमा आधारित अनुसन्धान पद्धतिले सम्बन्धित विषयका समस्या पहिचान, उद्देश्य निर्धारण, अनुसन्धानको ढाँचा निर्माण, अध्ययन क्षेत्र छनोट तथ्याङ्क संकलन, वर्गीकरण र विश्लेषण गरी तोकिएको समय भित्र प्रतिवेदन उत्पादन गर्न मद्धत गर्दछ । साँस्कृतिक एवं धार्मिक र समाजशास्त्रीय मानवशास्त्रीय विषयको अध्ययन अनुसन्धानको मेरुदण्ड भनेकै अनुसन्धान पद्धति हो । यस काठमाण्डौ उपत्यकाको बहाई धर्मको परिचयात्मक अध्ययनपत्र तयार पार्नको लागि प्राथमिक र द्धितियक स्रोतहरू प्रयोग गरिनेछ ।

### ३.१ अनुसन्धानको क्षेत्र छनोट


विषयवस्तुका दृष्टिकोणले यस अध्ययनको मुख्य क्षेत्र बहाई धर्मको संक्षिप्त इतिहास, काठमाण्डौ उपत्यकामा बहाई धर्मको इतिहास र यसको विकास र फैलावट, बहाई संस्थाको विकास र यसका चुनौतीहरू, बहाईहरूको संस्कार, चाडपर्व, पवित्र दिनहरू जस्ता कार्यहरूको कमबद्ध रुपमा विश्लेषण गर्नु हो । भूगोलका आधारमा भने यो अध्ययनलाई प्रदेश नं ३ को काठमाण्डौ जिल्लाको बुढानिलकण्ठ नगरपालिकाको कपन, काठमाण्डौ महानगरपालिकाको वानेश्वर वडा नं.१०, ललितपर जिल्लाको महालक्ष्मी नगरपालिकाको इमाडोल वडा नं ४, सुनाकोठी, वडा नं ५, गोदामचौर वडा नं २, भैसेपाटी वडा नं ६ मा केन्द्रित गरिएको छ ।

### ३.२ अनुसन्धानको चरण प्रक्रियाः

यो अनुसन्धानमा मुलतः काठमाण्डौ उपत्यकामा बहाई धर्मको इहिास, विकास, प्रचार प्रसार बहाई संस्थाको इतिहास, अहिलेको अवस्था, यसका कार्यहरू, यसका चुनौतीहरू, यसका अनुयायीहरूका चाडपर्व, संस्कार जस्ता वस्तुहरूको क्रमबद्ध रुपमा विश्लेषण गरिएको छ ।

विषेशतः अध्ययनका विषयगत समस्याको सम्बोधन गर्न निर्धारण गरिएका उद्देश्यको सीमाभित्र रहेर यो शोधकार्य पुरा गरिएको छ ।

सचित्र १: *अनुसन्धानको चरण एवं प्रक्रिया*



### ३.३ अनुसन्धानको ढाँचा

यो अनुसन्धानमा प्राथमिक तथा द्वितियक दुबै किसिमका तथ्यांक एवं सुचनाहरू संकलन गरिएका छन् । दुबै स्रोत र सामग्रीहरूको तुलनात्मक रुपमा विश्लेषण गरिएको छ । बहाई धर्मको संक्षिप्त इतिहास काठमाण्डौ उपत्यकामा बहाई धर्मको इतिहास र प्राचीनता, उत्पत्ति, विकास, प्रचार प्रसार, बहाई संस्थागत विकास, यसका चुनौतीहरू, जस्ता पक्षहरूको विस्तृत वर्णन गरिएको छ । अनुसन्धानको क्रममा कतिपय नयाँ कुरा एवम् विषयहरू अन्वेषणात्मक, वर्णात्मक एवम् अन्वेषणात्मक अनुसन्धानको सैद्धान्तिक ढाँचामा यो शोधपत्र अनुबन्धित गरिएको हो ।

### ३.४ अध्ययनको दृष्टिकोण

यो अध्ययन ऐतिहासिक एवम् साँस्कृतिक दृष्टिकोणमा आधारित अध्ययन हो । किनभने यस शोधमा बहाई धर्मको इतिहास र यसका अनुयायीहरूका जीवन संस्कारको र पर्वको संस्लेषण गरिएको छ ।

### ३.५ तथ्यांक एवं सूचनाका प्रकृति तथा स्रोत

कुनैपनि अनुसन्धान या अध्ययनका लागि सुचना एवम् तथ्यांक अति महत्वपूर्ण सावित हुन्छन् । तथ्यांक एवम् सूचनाको अभावको कारण कुनैपनि अनुसन्धान अपुरो हुन्छ । प्रस्तुत अध्ययनमा काठमाण्डौ उपत्यकाको बहाई धर्मको इतिहास संस्थागत विकास र जीवन संस्कारको अध्ययन गर्ने र विश्लेषण गर्ने उद्देश्यको साथ सम्पन्न भएको हो । यस अध्ययनका लागि निम्न स्रोतहरूको प्रयोग गरिएको छ ।

**प्राथमिक स्रोतः** यस अध्ययनपत्र तयार गर्नको लागि बहाई धर्मसँग सम्बन्धित व्यक्तिहरू जस्तै अग्रज बहाई विद्वानहरू स्थानीय आध्यात्मिक सभा राष्ट्रिय बहाई सभा, क्षेत्रीय बहाई परिषद्का सदस्य कोषाध्यक्ष , सचीव, अध्यक्ष आदिसँग अर्न्तर्वाता लिइएको छ ।

**द्वितीयक स्रोत** : यस अर्न्तगत बहाई धर्मसँग सम्बन्धित प्रकाशित तथा अप्रकाशित लेख रचनाहरू, ग्रन्थहरू, पम्पलेटहरू तथा वेवसाइटहरूको भारी मात्रामा अध्ययन गरी पूर्वकार्य समिक्षा गरिएको छ । यिनै स्रोत सामाग्रीमा उपलब्ध द्वितीयक तथ्यांक र सूचना विश्लेषण गरिएको छ ।

## ३.६ तथ्यांक संकलन विधि तथा औजार

यो अध्ययन मुलतः प्राथमिक एवम् द्वितीयक तथ्यांकमा आधारित छ । वास्तवमा अनुसन्धानका निम्ति  गुणात्मक प्राथमिक एवम् द्वितीयक विभिन्न किसिमका तथ्यांकहरू आवश्यक मानिएका छन् । प्राथमिक तथ्यांक एवम् सुचना अध्ययन स्थलबाटै सामुहिक छलफल, अवलोकन र अन्तर्वाता विधि गरी संकलन गरिनेछ । द्वितीयक तथ्यांक तथा सुचना भने विशेष गरी विभिन्न ग्रन्थहरू, लेखरचनाहरू, प्रतिवेदन जस्ता सामाग्रीहरूबाट संकलन गरिएका छन् ।

### अवलोकन

यस शोधमा सूचना तथा प्राथमिक तथ्याङ्क संकलन गर्ने उद्देश्यले अवलोकन विधिको प्रयोग गरिएको थियो । अवलोकन विधिबाट विशेष गरी बानेश्वर स्थित बहाई राष्ट्रिय केन्द्रको भवन त्यही अवस्थित बहाई पुस्तकालय, कपन स्थित बहाईहरूको समाधिस्थल, त्यही अवस्थित बहाई क्षेत्रीय परिषदको कार्यलय, ठेचो स्थित बहाई शिक्षक तालिम केन्द्र र बहाई मन्दिर बन्ने जमिन बहाईहरूको प्रार्थना कार्यक्रम १९/१९ दिनमा मनाइने सहभोज कार्यक्रम भर्खरै (मंसिर ११, २०७८, शनिबार) अब्दुलबहा (बहाई धर्मका संस्थापक बहाउल्लाहका जेठा छोरा बहाई धर्मका संविदाका केन्द्रविन्दु) को स्वर्गारोहणको सय वर्ष पुगेको पुण्यतिथीको समारोह, बालबालिकाको अध्ययन कक्षा, किशोर-किशोरीको अध्ययन कक्षा, वयस्क बहाईको अध्ययन कक्षा कार्तिक महिनामा भएको बहाई क्षेत्रीय परिषदको चुनाव लगायतको क्रियाकलापहरूको जानकारी लिइएको हो । अवलोकन निर्देशिका अनुसची ५ मा समावेश गरिएको छ ।

### अर्न्तवार्ता

प्राथमिक तथ्यांक एवम् सूचना संकलन गर्नको लागि यस अध्ययनमा अर्न्तवार्ता विधिको प्रयोग गरिएको थियो । मिति २०७८ मंसिर ११ र १२ गते दुई दिन छुट्टाछुट्टै अर्न्तवार्ता गरिएको थियो । प्रतिनिधित्व मुलक बनाउने उद्देश्यले ३ महिला र ३ पुरुष गरि जम्मा ६ जनालाई उक्त अर्न्तवार्तामा सहभागी गराइएको थियो । विशेषतः अर्न्तवार्ता विधिको प्रयोगद्धारा काठमाण्डौ उपत्यकामा बहाई धर्मका इतिहास, बहाई धर्म  र यसको संस्थाको विकास यसको चुनौतीहरू लगायतका विषयहरूमा तथ्यांक एवम् सूचना संकलन गरिएको थियो । अर्न्तवार्ताको कममा

सोधिएको प्रश्न अनुसूची १ र सहभागी भएको व्यक्तिहरूको विवरण अनुसूची २ मा समावेश गरिएको छ ।

## सामूहिक छलफल

प्रस्तुत अध्ययनमा विशेषतः प्राथमिक एवम् सूचना संकलनका निमित्त सामुहिक छलफल विधिको प्रयोग गरिएको थियो । मिति २०७८ मंसिर १५ र १६ गतेका दिन दुइवटा सामुहिक छलफल आयोजना गरिएको थियो । प्रत्येक समुहमा ६ जना गरी जम्मा १२ जना सामुहिक छलफलमा सहभागी गराइएको थियो । सम्बन्धित विषयमा ज्ञान भएका व्यक्तिलाई सामुहिक छलफलका लागि छनोट गरिएको हो । सामुहिक छलफल विधिबाट विशेष गरी बहाई संस्कार, चाडपर्व, इमाडोल, वानेश्वर, कपन, भैसेपाटी, सुनाकोठी र गोदामचौर स्थानीय आध्यात्मिक सभामा संचालन भैरहेका बालकक्षा, अध्ययन कक्षा र प्रार्थना सभा जस्ता गतिविधीहरूको बारेमा जानकारी संकलन गरिएको थियो सामुहिक छलफलमा सोधिएका प्रश्न अनुसूची ३ र सहभागीहरूको विवरण अनुसूची ४ मा समावेश गरिएको छ ।

## तस्विर संकलन तथा विश्लेषण

सूचना तथा प्राथमिक तथ्यांक प्राप्त गर्नको लागि यस अध्ययनमा विशेष गरी तस्वीर संकलन तथा विश्लेषण विधिको प्रयोग गरिएको थियो । यस अध्ययनका क्रममा जम्मा ६ वटा तस्वीर संकलन एवम् विश्लेषण विधिबाट विशेष गरी बहाई गतिविधिहरू जस्तै प्रार्थना, सहभोज बाल कक्षा, किशोर-किशोरी कक्षा वयस्क कक्षा, चुनाव कसरी संचालन गरिन्छ ? भन्ने विषयको जानकारी संकलन गरिएको थियो । संकलन  तथा विश्लेषण गरिएका तस्वीरहरू अनुसुची ६ प्रस्तुत गरिएको छन् ।

## औजार तथा उपकरण

स्थलगत अध्ययनका क्रममा आवश्यक पर्ने अन्तर्वार्ताका प्रश्नहरू, अवलोकन निर्देशिका, क्यामेरा कापी कलम, रेर्कडको लागि मोबाइल फोन जस्ता साधन र स्रोत प्रयोग भएका छन् । त्यसैगरी शोधप्रबन्ध तयार पार्ने क्रममा स्क्यानर, ल्यापटप, फोटोकपि, कम्प्युटर जस्ता उपकरण एवं औजारहरूको प्रयोग भएको छ ।

### ३.७ नमूना छनोट प्रक्रिया

काठमाण्डौ उपत्यकामा बहाई धर्म र संस्थागत विकासका अध्ययन गर्न क्रममा नमुना छनोट प्रक्रियामा संभावनारहित नमूना छनोट विधि अर्न्तगतको उद्देश्यपूर्ण नमूना छनोट र स्वच्छापूर्ण नमूना छनोट विधिलाई प्रयोग गरिएको छ। प्रस्तुत अध्ययनमा अर्न्तवार्ताको निमित्त ३ पुरुष र ३ महिला गरि जम्मा ६ जना र सामुहिक छलफलका निमित्त ६ जना पुरुष र ६ जना महिला गरि जम्मा १२ जनालाई यस अध्ययनमा अर्न्तवार्ता र सामुहिक गराइएको हो। अनर्तवार्ता र सामुहिक छलफल गर्न क्रममा सम्बन्धित सभाका अध्यक्ष, सचिव, काषध्यक्ष र सदस्यहरूलाई सहभागी गराई सूचना संकलन गरिएको हो।

# परिच्छेद चार

# बहाई धर्मको परिचयात्मक अध्ययन

## ४.१ धर्मको परिचय, अर्थ र परिभाषा

दैनिक जीवनमा प्राय धर्मको प्रयोग भैरहेको हुन्छ । सबैले धर्म गर्नुपर्छ भन्दछन् । धर्म एउटा सजिलो शब्द पनि हो । एक साधारण र कुनै पनि शास्त्रको ज्ञान नभएको व्यक्तिले पनि यस शब्दको अभिव्यक्त गर्न सक्दछ । धर्म भन्नाले असल काम, परोपकारी काम, सकारात्मक काम, हित हुने, भलो हुने काम, अहिंसा, सेवा न्याय भन्ने बुझिन्छ । धर्म जीवन र मृत्यसँग र ईश्वरसगँ जोडिएको शब्द पनि हो । त्यसैकारणले धर्म मानिसका विश्वास र आस्थासित सम्बन्धित छ । चाहे परमात्माको प्राप्तिका लागि होस् वा पुण्य कमाउने उद्देश्यले, धर्म गर्नुपर्छ भन्ने विचार सबैको हुन्छ । तर धर्म एउटा कठिन शब्द पनि हो । वास्तबमा यसलाई बुझ्न गाह्रो पनि छ । यसको गहिराईमा पुग्न अझ कठिन छ । धर्मका अर्थ र परिभाषा विभिन्न विद्वानहरूले र विभिन्न ग्रन्थहरूमा आ-आफ्नै ढंगमा वर्णन, व्याख्या र विश्लेषण गरेका छन् । र तिनलाई निम्न अनुसार तल प्रस्तुत गरिएको छ । ऋग्वेदमा सर्वप्रथम धर्म शब्दको प्रयोग भएको छ । विष्णुले वामन अवतारमा तीन पदले विक्रम प्रदर्शित गरेर धर्मको रक्षा गरे भन्ने मन्त्र पाईन्छ । धारणात् धर्ममित्याहः भन्दै धर्मले जगतको रक्षा गर्ने कुरा ल्याइएको छ (व्यास, २०१२. पृ.६९) ।

“धृ” धातबाट बनेको धर्म शब्दको अर्थ धारण गर्नु आलम्बन दिनु र पालन गर्नु पनि हो । अठार पुराण एवं महाभारत आदि ग्रन्थको लेखक  वेदव्यास महर्षिले परोपकार गर्नु नै धर्म हो भनेकाछन् भने याज्ञवाल्यक्यले योगारुढ भएर आत्मदर्शन गर्न सक्नु नै परम धर्म हो (अयं त परमा धर्मो यद्योगनात्मदर्शनमा भनेका छन् । याज्ञवालक्यस्मृति अनुसार धर्मको लक्षण वा धर्म हुन काम यस्तो छन्  देश (जहाँ कृष्णसार आदि स्वच्छन्द रुपले घुम्दछ अर्थात हिंसा, अत्याचार आदि नभएको देश) काल (संक्रान्ती जन्माष्टमी, औंसी,पुर्णिमा जस्ता पर्वको दिनहरू जसमा व्रत, दान, श्राद्ध आदि धर्मकर्म गरिन्छन्) उपाय (धर्मशास्त्रले बताए अनुसार कर्म गर्ने विधी) र द्रब्य (अरुलाई बाधा नपारेर कमाएको धन र अन्नादी प्रेम र श्रदासाथ दान दिनु या दान लिनु) लाई धर्मको लक्षण भनिएको छ । विष्णुधर्मोत्तर पुराण अनुसार धर्मको लक्षण वा धर्म हुने कर्म यज्ञ,

दान, दया, क्षमा, अहिंसा सत्य तीर्थसेवा स्वाध्याय सत्सँग, देवपूजा, गुरु मातृपितृसेवा, ब्राह्मणसेवा, इन्द्रियनिग्रह, ब्रम्हचर्य, अमात्सर्य, गंगास्नान, हरिहरपूजन, नारायणध्यान र आत्मचिन्तन मानिएको छन् (पन्थी, २०७४,पृ.५-६) ।

स्वामी विवेकानन्दले भनेका छन् धर्म अनुभुतिको बस्तु हो । वोल्नको लागि होइन यो मतबाद होइन र कति नै सुन्दर देखिने सिद्धान्तको समुह पनि होइन, आत्माको ब्रम्ह स्वरुप जान्नु, तद्रुप हुनु र त्यसको साक्षत्कार गर्नु धर्म हो । आफ्नो सम्पूर्ण मन र प्राणको साथ आफ्नो श्रद्धाको वस्तुसित एक रुप हुनु धर्म हो (विवेकानन्द, १९८२, पृ.१३७) ।

परमहंस योगानन्दले भनेका छन् धर्म शब्दको अर्थ हुन्छ कानुन वा स्वाभाविक आचारको पालना अवस्था विशेषमा मानिसको लागि निर्दिष्ट कर्तब्यको पालना गर्नु धर्म हो । शास्त्रहरूले धर्मको परिभाषा यसरी पनि गरेकाछन् नैसर्गिक विश्व विधान जसको पालना गर्नाले मानिस आफूलाई पतन हुनबाट र दुःखबाट जोगाउछ (योगानन्द, २००६, पृ.५४४) ।

नारदपरिबज्रकोपनिषद र मनुस्मृतिमा धृति, क्षमा, दया अस्तेय, शौच, इन्द्रिय निग्रहवदि विद्या, सत्य अक्रोध जस्ता सन्दर्भलाई धर्मका दश लक्षणहरू मानेकाछन् । ऋषि कर्णाद्ले भनेकाछन् लोकको उन्नती र परमलोकको सुख धर्म हो यतोऽभ्युदयो निश्रेयसः स धर्मः जैनहरूले आत्माको सद्गुणको विकासलाई धर्म भनेका छन् बौद्धहरूले शील सन्तोष र समाधिमा बल दिएका छन् । चार्वाकले कर्मलाई धर्म मानेकाछन् (सापकोटा, २०७२, पृ.१४) ।

पाश्चात्य विद्वानहरूले धर्मको विभिन्न परिभाषा गरेका छन् । “दुर्खिमले भनेका छन् विश्वास र अभ्यासको तथा एकत्व विधी जुन पवित्र बस्तुहरूसगँ समबद्ध हुन्छ र एउटा विशेष नैतिक समुदाय जसलाई मन्दिर, चर्च पनि भनिन्छ सगँ जोडिएको हुन्छ, त्यो धर्म हो (सापकोटा, २०७२, पृ.१५) ।

अक्सफोर्ड शब्दकोषमा धर्म ईश्वरमा विश्वास र पूजा विशेष विधीको विश्वास र पूजा दायित्व र सम्मान भन्ने बुझाउँछ पश्चिमका विद्वानहरूमा टायनवीले धर्मलाई मानिसको स्वाभाविक गुण भनेका छन् भने जी गेलवेले मानिसका आफुसित भिन्न वा आफूभन्दा बाहिरको एउटा शक्तिको विश्वास भनेका छन् । जसबाट उसले भावनात्मक आवस्यकताहरूको पूर्ति

गर्दछ । र जीवनमा स्थायित्व प्राव्त गर्दछ । यसलाइ उसले पूजा र सेवाका क्रियाकलापको माध्यमबाट अभिव्यक्त गर्दछ (सापकोटा, २०७२, पृ.१६) ।

धर्मका परिभाषा दिने क्रममा म्याक्स मूलर भन्छन् धर्मको परिभाषा गर्न सजिलो छैन किनकी हजारौ बर्षमा यस शब्दको अर्थमा परिर्वतन भैरहेको छ । वास्तवमा यस शब्दको इतिहास हेरेमा (जुन भाषामा भएपनि धर्म बुझाउने शब्द) यसको प्रयोग व्यापक अर्थमा भएको देखिन्छ । यसैले कुनै एक दुई खास व्यावहार वा प्रक्रियाभित्र यसलाई बाँधेर राख्न सकिन्न जुन समाजको भाषामा आधुनिक अर्थमा धर्म बुझाउने शब्द छैन (आदि वा प्राचीन संस्कृति भएको समाज ) त्यहाँ पनि धार्मिक परिभाषा भित्र पर्ने चिन्तन र व्यवहार, जीवनप्रतिको दृष्टिकोण कायम हुन्छ । ईश्वरीय सत्ता मान्ने हिन्दु तथा नमान्ने बौद्ध दुवै धर्म नै हुन् यसैगरी पितृपूजा र मृतकलाई आवश्यक बस्तु सहित जमिनमा गाड्ने परम्परा पनि धर्म हो । यसैले धर्म एक विश्वास हो (म्याक्स मुलर.एफ, १९६४, पृ.१०) ।

इमानुयल कान्तले धर्मलाई नैतिकता भनी परिभाषित गरेका छन् । उनी भन्छन् कर्तब्यलाई दैवी आदेशका रुपमा लिनु पर्छ । यसैगरी  कान्तपछिका दार्शनिक फिस्त भन्दछन् धर्म मनलाई शुद्ध पार्ने र आफुलाई हेर्ने ज्ञान हो । श्लेशमासेर आदि दार्शनिकले धर्मलाई मानिसको कुनै अदृश्य माथिको पूर्ण निर्भरता सम्बन्धि चेतना भनेर परिभाषित गरेका छन् । हेगेलले धर्मलाई चेतनामात्र नमानेर धर्म एक पूर्ण स्वतन्त्रता र दैवी शक्तिको रुपमा मानेका छन् (खत्री, २०५५, पृ.११८-९) ।

स्पाइरो उल्लेख गर्छन् धर्म एक संस्था हो । जसमा संस्कारगत रुपले निर्मित व्यवहारहरू संस्कारगत रुपले प्रस्थापित ईश्वरीय शक्तिसित अर्न्तक्रिया गर्छन् । यस परिभाषाले धर्मलाई ईश्वरीय शक्तिसित अर्न्तक्रिया गर्ने माध्यम मानेका छ अथवा ईश्वरमा बढी शक्ति छ तर मानव क्रियाकलापले त्यसलाई प्रभावित गरी आफ्नो हितमा पनि लगाउन सक्छ र धर्म नै त्यस्ता क्रियाकलापको संयोजन हो भन्ने स्पाइराको अभिव्यक्तिको मुख्य मर्म बुझिन्छ (खत्री, २०५५, पृ.१२०) ।

अब्दुल बहाले एक अवसरमा भन्दछन् “बहाई भनेको साधारणतया विश्वलाई माया गर्ने, मानवतालाई माया गर्ने र यसलाई सेवा गर्ने विश्व शान्ति र विश्व बन्धुत्वको लागि काम गर्ने

व्यक्ति हो" । अर्को अवसरमा अब्दुल बहा भन्दछन् "बहाई भनेको मानिसले हरेक गतिविधीमा पूर्णता हासिल गर्नु हो" (ईल्स्मन्ट, ई.स. १९७०, पृ.८३) ।

अब्दुलबहाले शान्ति संगठन हेगलाई लेखेको धर्मपत्रहरूमा धर्मको विषयमा यसरी लेखेका छन्: बहाउल्लाहका शिक्षाहरू मध्ये अर्को भनेको धर्म एउटा शक्तिशाली किल्ला हो । यदि धर्मको घर हल्लिन्छ र डगमगाउँदछ भने तहल्का र अराजकता देखा पर्नेछ र ब्यबस्था पूर्ण रूपले अस्तव्यस्त हुनेछ किनकि मानव-जातिको संसारमा दुई किसिमका सुरक्षा कवचहरू हुन्छन् जसले मानव-जातिलाई गलत कामबाट जोगाउँछन् । एउटा कानून हो जसले अपराधीलाई दण्ड दिन्छ; तर कानूनले केवल देखिएको अपराधलाई रोक्छ, न कि लुकाइएको पापलाई ।  जबकि आदर्श सुरक्षा, अर्थात्, ईश्वरको धर्मले देखिएको र लुकाइएको दुबै अपराधलाई रोक्छ, मानिसलाई तालिम दिन्छ, नैतिक शिक्षा दिन्छ, सद्गुणहरू ग्रहण गर्न बाध्य पार्छ र यो सम्पूर्ण समावेशी शक्ति हो जसले मानव-जातिको संसारको सुखको जिम्मेवारी लिन्छ । तर धर्म भनेको त्यो हो जुन अनुसन्धानले निर्धारण गरिएको हुनुपर्छ न कि केवल अनुकरणमा आधारित, यो ईश्वरीय धर्महरूको जग हो र मानव नक्कलहरू होइन । (अब्दुलबहा, २०२२, पृ.८)

अब्दुलबहा पुन उक्त धर्मपत्रमा धर्मको बारेमा व्याख्या गर्दछन्: धर्महरूका मानिसहरूले बहाउल्लाहका शिक्षाहरूमा विश्वव्यापी धर्मको स्थापना पाउँदछन् - एक यस्तो धर्म जसले अहिलेको अवस्थासँग पूर्णरूपमा मेल खान्छ, जसले वास्तवमा निको पार्न नसकिने रोगलाई तत्काल निको पार्छ, जसले प्रत्येक पीडालाई कम गर्दछ, र प्रत्येक घातक विषको लागि अचूक औषधी प्रदान गर्दछ । किनकि यदि हामी अहिलेको धार्मिक अनुकरणका अनुसार मानब-जातिको संसारलाई मिलाउन र व्यवस्थित गर्न चाहन्छौं भने यसले मानब-जातिको विश्वमा सुख स्थापना गर्न असम्भव र अव्यावहारिक छ - उदाहरणका लागि, तोराहका कानूनहरूको कार्यान्वयन र साथै अन्य धर्महरूको वर्तमान अनुकरण अनुसार । तर सबै ईश्वरीय धर्महरूको अत्यावश्यक आधार जुन मानव-जातिको संसारको गुणहरूसँग सम्बन्धित छ र मानव संसारको कल्याणको आधार हो, सबैभन्दा उत्तम प्रस्तुती बहाउल्लाहका शिक्षाहरूमा पाइन्छ । (अब्दुलबहा, २०२२, पृ.११)

पहिले-पहिले धर्म समाजको एउटा महत्वपूर्ण पक्ष थियो । आज आएर धर्मको प्रभाव ज्यादै कम भईसकेको छ । तर धर्मका खास सन्देशहरू विना वास्तविक शान्ति संभव छैन । विश्वका

प्रमुख धर्महरूमा संस्थापकले खास के भनेका थिए भन्ने कुरा राम्ररी हेरियो भने सबै कुरा विवेकशिल पाइन्छन् । वास्तवमा सबै धर्मको आधारभूत समान पाईन्छन् । यो कुरा स्वभाविक हो किनकी यी सबै एउटै ईश्वरबाट आएका हुन् । उदाहरणका लागि प्रत्येक धर्मले के कुरा सिकाउछन् भने यदि कसैले अरुबाट राम्रो व्यावहारको अपेक्षा राख्दछ भने उसले पनि त्यस्तै व्यवहार गर्नुपर्छ । वास्तविक हुन वा काल्पनिक धर्म धर्म विचको भेदभाव धार्मिक नताहरूले बढाई चढाई गर्ने गरेका छन् । यो एउटा दुर्भाग्यपूर्ण कुरा हो । किनकी धर्मको उद्देश्य मानिसहरूलाई जोड्नु हो । उनीहरूलाई फुटाउनु होइन (राष्ट्रिय आध्यात्मिक सभा, २०६४, पृ.५) ।

## ४.२ बहाई धर्मको इतिहास

२२ मे १८४४ मा एउटा युवा व्यापारी जसको नाम अलि मुहम्मद थियो । उनले आफु ईश्वरीय अवतार भएको कुरा घोषणा गरे । उनले आफुलाई बाब (द्धार, अग्रामी व्यक्ति) भनेर चिनाए । उनले आफुभन्दा पनि अर्को महान ईश्वरीय अवतारको आगमन हुदैछ जसले यो संसारलाई विशिष्ट शक्तिशाली ईश्वरको अधिराज्यको रुपमा ल्याउनेछन् । र आध्यात्मिक संचारद्धारा पुरै मानवजातीलाई पुनर्जीवन दिनेछन् । जसले गर्दा यो पुरै विश्व नै एकताबद्ध हुनेछ भन्ने कुरा पुर्वसुचना दिनको लागि आफु अग्रदुतको रुपमा प्रकट भएको कुरा प्रष्ट पारे । उन्नाइस वर्षको अन्त्यमा ती महान ईश्वरीय अवतारले आफ्नो घोषणा गर्नेछन् भनेर प्रतिज्ञा गरे । बाबले तिब्र गतिमा पर्सियामा विशााल अनुयायीहरूलाई आफुतिर आर्कषित गरे । उनको आफनो घोषणा प्रति निडरता र अटलता देखि कटर मुस्लिमहरूमा कोधको आगो सल्कियो र विकासको प्रक्रियामा विरोध र दमनका कार्यहरू वृद्धि हुन थाल्यो । विरोधको यो चढाईको उच्चतम विन्दुमा बाबको हत्यासम्म हुन पुग्यो । बिस हजार बाबीहरूको शाहदत्त गराइनुको साथै धर्म विरोधी आध्यात्मिक आन्दोलनको विनाश गरियो (रुही प्रतिष्ठान, वि.स.२०५७, भोलुम ४, पृ.२१-२२) ।

बाबका केही जीवित अनुयायीहरू मध्ये शुरुका एक शिष्य थिए जो पछि बहाउल्लाह ( ईश्वरका गौरब ) का नामले परिचित भए । तेहरानको कालकोठरीमा बन्दी बनाइएको समयमा बहाउल्लाहले आफ्नै प्रतिज्ञष्त अवतार भएको महशुस गरे । कैदबाट मुक्त हुनासाथै उनलाई इराक (बग्दाद) मा निर्वासित गरियो । जहाँ १८६३ ई. सं. मा बाबले घोषणा गरेको उन्नाइस वर्षपछि र उनी स्वयं पर्सियाबाट निर्वासन भएको दश वर्षपछि आफ्नो जीवनको मुख्य उद्देश्यको

बारेमा घोषणा गरे र बाबले प्रतिज्ञा गरेको सांसारिक परिवर्तनको जिम्मेवारी उठाए। त्यस पश्चात बाबी धर्म बहाई धर्म भयो र धार्मिक आन्दोलन बन्न पुग्यो । त्यति बेलासम्म पर्सियामा मात्र सीमित थियो र पछि अन्तराष्ट्रिय रुपमा विस्तार भयो ।

तेहरानमा सन् १८५३ देखि बन्दी भएदेखि सन् १८९२ मा यस संसारबाट विदा लिएर जाँदासम्म पनि उनले निर्वासित जीवन विताउनु पऱ्यो र कतिपय अवस्थामा सिमीतकरण एकान्तवासमा नै समय विताए । एक शताब्दीसम्म बग्दादमा कैदीको रुपमा रही पर्सियामा बाबीहरूको सौभाग्यको पतन अन्याय, अत्याचार उत्पीडनको साक्षी बनेका बहाउल्लाहको अधिकार र नेतृत्वमा बग्दादमा धर्म फेरी विस्तारै पुनपरिचित र पुर्नजीवित हुन पुग्यो। पर्सियाका राजनितिक कर्मचारीहरू देशभरी बाबी  आन्दोलनले बहाउल्लाहलाई चिन्तित बनाएको थियो। साथै उनको सर्म्पक आफ्नो मातृभूमिका धार्मिक अनुयायीहरू र धार्मिक आन्दोलनबाट घट्न पुगेको थियो । नेतृत्व प्रेरणा र प्रोत्साहनको कमिले गर्दा धर्मको अवस्था नाजुक बन्न पुगेको थियो। ई.सं. १८६३ मा बहाउल्लाह र उनका मित्रहरू बग्दादबाट अटोमन साम्राज्यको केन्द्र कन्सट्यान्टिनोपलमा स्थानान्तर गरिए। पाँच वर्षको लागि त्यहाको सानो बहाई  समुदाय आन्तरिक नेतृत्वको संर्घषका कारण संकटमा फसेको थियो (हामसन, ई.स.१९८०, पृ. १९)।

बहाउल्लाहका सौतेला भाई (मिर्जा याह्या) ले बहाउल्लाहको सट्टामा आफु ईश्वरीय अवतार हुनुपर्ने दावी गरेका थिए । यो प्रतिस्पर्धाको कारणले गर्दा समानुपातिक हिंसाको सृजना भयो । यस संकटको अवस्थामा बहाउल्लाहले आफ्नो विशेष ध्यान धर्ममा केन्द्रित गर्ने कार्यमा वृद्धि गरे जसको फलस्वरुप उनले श्रृंखलावद्ध साहसिक पत्रहरू संसारका शक्तिशाली नेताहरूलाई बहाउल्लाहको स्थानलाई पहिचान गर्न र उनीहरूको अधिकार ईश्वरको  ईच्छा अनुसार परिचालन गर्न आग्रह गरी लेखे । एक्कासी यसै समयमा अत्यन्त कडा सजाय स्वरुप मिर्जा याह्यालाई साइप्रस र बहाउल्लाहलाई अक्का, प्यालिसटाईनको उपनिवेशमा निर्वासित गरियो (रुही प्रतिष्ठान, ई.स. १९८७, भोलुम २, पृ.४१)।

ई.सं. १८६८ देखि पवित्र भूमि इजरायलको हाइफा, बहाई धर्मको संस्थाको केन्द्रको रुपमा रहेकोछ। यो तीर्थयात्रीहरूको लागि मुख्य गन्तब्यस्थल बन्न पुगेको छ। बहाई सामाजीक शिक्षण बमोजिम बहाईहरूले आफ्नो जीवनकालमा कम्तीमा पनि एकपटक बहाउल्लाह र बाबको

समाधिस्थलको भ्रमण गर्नुपर्दछ । पहिले कतिपय स्थलहरू सहमतिमा लिइएको थियो भने ती स्थलहरू अहिले बहाईहरूको स्वामित्वमा रहन गएको छ ।

बहाई धर्मका ऐतिहासिक महत्व बोकेका दुई संस्थापकहरूका जीवनका बारेमा धर्मसंरक्षक शोघी एफेन्दीले यसरी संक्षिप्तमा लेख्छन् -“जुन दिन बाबले शिराज शहरको एउटा अध्याँरो कुनामा मुल्ला हुसेनलाई आफ्नो महान कार्यको उद्देश्य घोषित गर्नुभयो त्यस अविस्मरणीय रातमा एउटा यस्तो गतिशिल प्रकृयालाई गतिमान गरिएको थियो, जसलाई दैवी शक्तिले प्रेरित गरेको थियो, जसमा अकल्पनीय क्षमता थियो र जसका अन्तिम परिणाम विश्वलाई नै परिर्वतन गर्ने रहेको थियो । तेहरानको सिया चालको अन्धकारवीच बहाउल्लाहको उदाईरहेको प्रकटीकरणको शुरुका संकेतहरूबाट यसले अद्‌भूत गति प्राप्त गऱ्यो । बग्दादबाट उनको देश निकालाको पूर्व संध्यामा गरिएको उनको महान् कार्यको घोषणाले थप गति दियो । उनको एड्रियानोपलमा वितेका आन्दोलितमा यस महान् कार्यको घोषणा चरमोत्कर्षमा पुग्यो । यसको पूर्ण महत्व त्यसबेला प्रस्तुत भयो जब यस महान् कार्यका स्रष्टाले आफ्ना ऐतिहासिक उजर, आव्हान तथा चेतावनीहरू विश्वका राजाहरू त्था धार्मिक नेताहरू समक्ष प्रस्तुत गर्नु भयो । उहाँको कार्यकालका अन्तिम वर्षहरूमा बन्दीगृह शहर अक्कामा उहाँले गर्नुभएका कानुन तथा अध्यादेशहरू, उहाँले घोषणा गर्नुभएका सिदान्तहरू र उहाँले स्थापित गर्नु भएका संस्थाहरूले यसलाई निपूर्ण अवस्थामा पुऱ्याए (हामसन, ई.स.१९८०, पृ २१) ।

जब बहाउल्लाहको इ.सं १८९२ मा स्वर्गारोहण भयो उनले बहाई समुदायलाई आफ्नो ईच्छापत्र र बसियनामा छोडेर गए । जसले गर्दा भविष्यमा धर्मलाई एकताबद्ध रहिरहन मद्धत मिल्यो । त्यस दस्तावेज अब्दुल बहालाई लेखकका जेठा छोरा, असन्दिग्ध शंकारहित एउटा त्यस्तो व्यक्ति जसप्रति बहाईहरू मार्ग निर्देशन र नेतृत्वको लागि फर्किनु पर्दछ भन्ने कुरा प्रष्ट पारेको छ । अब्दुल बहालाई बहाई शिक्षाहरूको आर्दशको रुपमा लिइन्छ । आफ्नो पिताले जस्तै उनले पनि ४० वर्ष निर्वासन र कैदमा विताए । वास्तवमा उनी स्वयं ईश्वरीय अवतार नभएको तर ईश्वरीय अवतार बहाउल्लाहको इच्छापत्रका अनुसार बहाई संसारका लागि आध्यात्मिक निष्ठा भएका उत्तराधिकारी हुन् । अब्दुल बहा महत्वपूर्ण आध्यात्मिक जिम्मेवारी बहन गर्न योग्य सक्षम छन् भनेर उनका ईश्वरीय अवतार पिताद्धारा उल्लेख गरिएको छ । अब्दुल बहा बहाउल्लाहका

शब्दहरूका अधिकार प्राप्त व्याख्याकार हुन् । बहाई समुदायको एकताका निमित्त यस ओहोदाको महत्वबारे आफ्नो एउटा प्रवचनमा अब्दुल बहा व्याख्या गदर्छन्, “बहाईहरू विच मतभेदका लागि कुनै आधार वा कारण हुनुहुदैन भन्ने चाहना बहाउल्लाहको थियो, अब्दुल बहा संकेत गर्छन्”। त्यसैले उनले आफ्नै कलमद्धारा संविदाको पुस्तक लेखे, आफ्ना नातेदार र विश्वका मानिसहरूलाई सम्बोधन गर्दै यसो भन्दै” वस्तुतः मेरो संविदाको केन्द्र मैले नियुक्त गरेको छु । सबैले उनको आज्ञापालन गर्नुपर्छ सबै उनीतर्फ अभिमुख हुनुपर्छ, उनी मेरो पुस्तकका व्याख्याकार हुन् र उनी मेरो उद्देश्यबारे जानकार छन् । उनी जे भन्छन् सत्य भन्छन् किनकी वस्तुतः उनले मेरो पुस्तकका लेखनीहरूलाई बुझ्छन् । उनी बाहेक कसैले पनि मेरो पुस्तक बुझ्दैन र यो वाक्यको उद्देश्य बहाईहरू विच फुट र विचलन कदापि हुनुहुदैन बरु उनीहरू सदैब एकजुट र सहमत हुनुपर्छ भन्ने हो (अब्दुल बहा, २०२१, पृ. २३) ।

अब्दुल बहाले धर्मको शुरुवाती अवस्थाको विषम परिस्थिती होस् वा पछि धर्मलाई मानव हितका लागि विश्वव्यापी स्तरमा पुऱ्याउन होस दुबै अवस्थामा धर्मको मार्गनिर्देशन गरे । बाबले आफ्नो उद्देश्यको घोषणा गरेकै दिन (मे २३, १८४४, तेहरान इरान) मा अब्दुलबहाको जन्म भएको हो । सन् १८९२ मा आफनो पिताको स्वर्गारोहण नहुन्जेलसम्म अब्दुलबहाले सम्पूर्ण बहाई गतिविधीहरूको संयोजन गरे । धेरै वर्षसम्म अटोमन साम्राज्यले उनलाई लगातार अक्का क्षेत्रभित्र बन्दीको रुपमा सिमीत राखेको थियो तर टर्कीको सन् १९०८ मा भएको कान्तीले सम्पूर्ण धार्मिक र राजनैतिक कैदीहरूलाई छोड्ने प्रोत्साहन गऱ्यो जसले गर्दा अब्दुल बहा र उनका पिताको ५६ वर्ष लामो कैदी जीवन समाप्त भयो । हुन त अब्दुल बहाको सम्पूर्ण कार्यकाल अवधिलाई तुलना गर्दा उनको स्वतन्त्र जीवन थौरै नै रह्यो । ई.सं. १९१४ मा पश्चिमी मुलुकहरू पहिला विश्व युद्धमा होमिएको थिए । पवित्र भूमि (हाइफा, इजरायल) ब्रिटिस र अटोमन साम्राज्यको युद्ध मैदान भएको थियो । अब्दुल बहा १९१८ पछि फेरी एकपटक आफ्नो बुबाको धर्मको प्रचार गर्न यात्राको लागि तयार भए, तर यतिबेला उनी ७४ वर्षका भैसकेका थिए ।

अब्दुल बहाको स्वतन्त्रतामा एकपछि अर्को गर्दै बाधा अड्चन आएका बाबजुद पनि १८९२-१९२१ बहाउल्लाहको स्वगारोहणको समयकाल भौगोलिक दृष्टिकोणबाट धर्मको फैलावट हुने मुख्य समय देखिएको छ । बहाउल्लाहको स्वर्गारोहण भएपछि नै अब्दुलबहाले पश्चिमी मुलुक विशेष

गरी अमेरीकामा पहिले नै स्थापित भएका बहाईहरूप्रति ध्यानाकर्षण गरी सिधै मार्गनिर्देशन गरे । अब्दुल बहाले सन् १८९३ मा एक बहाई इब्राहिम खेरुउल्लाह जो त्यतिबेला इजिप्टमा बसोबास गर्दथे उनलाई धर्मको घोषणा गर्नका लागि अमेरिकामा बसाई सराई गर्न मार्गनिर्देशन दिए । खेरोउल्लाहले विषेश गरेर शिकागोमा भएका सक्रिय बहाईहरूको नाम सूची पत्ता लगाउन सफल भए । शुरुवातका नयाँ अनुयायीहरूले धर्मलाई देशका विभिन्न क्षेत्रमा फैलाए साथसाथै यो धार्मिक सन्देश धेरै यूरोपियन राष्ट्रहरू विशेष गरेर फ्रान्स, ग्रेटब्रिटेन, जर्मनी र अष्ट्रेलियासम्म विस्तार गरे । फलस्वरुपः विसौ शताब्दीको शुरुवाततिर यस धर्मले धेरै पश्चिमी मुलुकहरूमा आधार स्थापना गर्न सकेको थियो भने मिडल इष्ट (मध्यपूर्व) र यस वरीपरीका क्षेत्रमा थोरै भएपनि राम्रोसँग स्थापित भएको थियो (हामसन, ई.स.१९८०, पे २५)।

शुरुका यात्रीहरूले बाबको समयमा नै सफलतापूर्वक धर्मलाई पाकिस्तान, भारत र बर्मासम्म पुऱ्याएका थिए र त्यसैले १९०० तिर धर्म स्पष्ट रुपमा यसको संस्कृति, भाषा र धार्मिक भूमि भन्दा पर पुगेर फैलन सक्यो । सन् १९०८-१९१४ तिर अब्दुल बहाले धर्मको विकास फैलावटका साथै यसलाई मजुबत गर्न अथक यात्राहरू गरे । सन् १९१० मा चार महिना ब्रिटेन र फ्रान्सको यात्रामा निस्कदा उनी झण्डै एक वर्ष जति इजिप्टमा बसेका थिए । डिसेम्बर १९१२ मा फेरी उनी युरोपमा फर्के र इग्ल्याण्ड, फ्रान्स, जर्मनी र अष्ट्रो हंगेरीमा ६ महिना बिताए । र यसका साथै उनको यात्रा यही समाप्त भयो । यसबाट अब्दुलबहाको आफ्नो जीवनको प्रमुख उद्देश्य जिम्मेवारी नै बहाई धर्मको प्रोत्साहन गर्नु र फैलाउनु नै रहेको प्रष्ट हुन्छ। धर्मको विकास एउटा महत्वपूर्ण पाटो थियो यसभन्दा महत्वपूर्ण कुरा बहाई संसारमा अब्दुल बहाको स्थान बहाउल्लाहको शब्दहरूको व्याख्याकारको भूमिका र बहाई जीवनमा एक आदरणीय उदाहरणको रुपमा रहेको छ ।

ईश्वरको अवतारबाट असिम दानशिलताहरू प्राप्त गरेको धर्मालम्बीहरूले बहाउल्लाहको स्वर्गारोहण पछि अब अब्दुल बहाको विवेकशिल र प्रेमपूर्ण हेरचाहद्धारा पोषित गरिए । धर्म पत्रहरूको एक प्रवाहबाट जसमध्ये केही देशका अत्यन्तै दुर्गम गाउँहरूमा पढाइएका थिए । उनी फारसी बहाई समुदायको विस्तारलाई प्रोत्साहित गर्न मात्र सक्षम भएनन् कि त्यसको सामुहिक जीवनमा गहन रुपान्तरण गर्न पनि सक्षम भए । उनको कार्यकालमा देशका प्रत्येक क्षेत्रमा धर्मका

अनुयायीहरूको संख्या द्रुत गतिमा बढ्यो र फारसी धर्मालम्बीहरूले गरेको शिक्षण कार्यलाई संगठित गर्ने पहिलो व्यवस्थित प्रयासहरू गरिए । आफ्ना मामिलाहरू आफै व्यवस्थापन गर्ने चुनौतीहरू सम्हाल्न समुदायलाई सक्षम गराउदै यस अवधि मुलभूत परामर्शक अङ्गहरू भविष्यका सभाका अग्रवर्ती संस्थाहरू स्थापना गरिए (हामसन, ई.स.१९८०, पे २६)।

विविध धार्मिक पृष्ठभूमिका मानिसहरूले धर्मलाई आलिङ्गन गर्दै जादाँ पूर्वमा भारत र वर्मामा कियाकलापको दायरा फराकिलो बन्यो । वर्माको एउटा जिल्लामा कम्तीमा आठसय बहाईहरूको एउटा समुदायले आफ्नै विद्यालय र अस्पतालका साथै कृषिका लागि खेती सञ्चालन गऱ्यो जसबाट प्राप्त आम्दानी धर्मका सरोकारहरूको प्रगतीका लागि प्रयोग गरियो । जापानमा, चीनमा र अन्य पश्चिमका यात्रामा गए र त्यही स्थायी रुपमा बस्न थाले (रुही प्रतिष्ठान, २०७१, भोलुम ८, पृ. ५२)।

अब्दुल बहा एउटा त्यस्तो उदाहरण हुन जसबाट बहाईहरूलाई आफ्नो जीवन कसरी विताउनुपर्छ भन्ने कुराको प्रेरणा मिल्छ । त्यसकारण अब्दुल बहा बहाई धर्मका दुबै धर्मविपक्षक र आध्यात्मिक प्रमुख हुन । र बहाउल्लाहले अब्दुल बहाको बारेमा यसरी वर्णन गरेकाछन् । पहिला र सबै भन्दा अगाडी उहाँ बहाउल्लाहको अद्धितीय र सर्व आच्छादिन संविदाको केन्द्र र मियो , उहाँको अत्यन्तै उच्च सिल्पकार्य, उहाँको प्रकाशको दाग रहित ऐना, उहाँका शिक्षाहरूका उत्कृष्ट उदाहरण, उहाँका शब्दहरूका अचुक व्याख्याकार, प्रत्येक बहाई आर्दशका मूर्त रुप, प्रत्येक बहाई सद्गुणका अवतरण, प्राचीन जडबाट उठेका अति महान शाखा (हाँगा), ईश्वरको कानुनको अङ्ग, त्यो व्यक्ति जसकौ वरीपरी सम्पूर्ण नामहरू परिक्रमा गर्छन् मानवजातीको एकताका मुख्य स्रोत अति महान शान्तिका पताका, यस अति महान धार्मिक विधानको केन्द्रिय वृत्तका चन्द्रमा हुनुहुन्छ, र सधै नै उहाँलाई त्यस्तो मान्नु पर्छ - यी पदवीर उपाधीहरू अन्तनिर्हित छन् र तिनले आफ्नो उच्चतम अनि अति न्यायोचित अभिव्यक्ति अब्दुल-बहाको जादुयी नाममा प्राप्त गर्दछन । यी उपाधीहरू भन्दा माथि र पर, उहाँ 'ईश्वरका रहस्य' हुनुहुन्छ । यो बहाउल्लाह स्वंयले उहाँलाई मनोनित गर्न चयन गर्नुभएको पद हो र कुनै पनि किसिमले उहाँलाई अवतारको ओहोदा प्रदान गर्न यसले हामीलाई औचित्य सिद्ध नगरे पनि अब्दुल बहामा स्वभाव र अतिमानव ज्ञान र परिपूर्णताको असंगत विशेषताहरूको मिश्रित तथा पूर्णसुयोजित गरिएको छ ।

अब्दुल बहाले आफ्नो पिताका धर्मलाई एकताका एउटै सुत्रमा ऐक्यबद्धता गर्नको लागि एक कुशल नेतृत्वको हातमा सुम्पेको कुरा उनकै ईच्छापत्र र वसियतनामाबाट प्रष्ट थाहा हुन्छ । उनले दुरदृष्टि भएका बद्धिमान व्यक्ति उनका जेठा नाती शोघी एफेन्दीलाई अब्दुल बहाले धर्मको संरक्षकको रुपमा नियुक्त गरेका थिए । बहाउल्लाहको धर्मलाई संसारको हरेक कुना-कुनासम्म फैलाउनको लागी अब्दुलबहाले सन् १९१६ र सन् १९१७ मा योजनाहरू बनाए । ती योजनाहरूलाई *ट्यावलेटस् अफ द डिभाइन प्लान*को नाम दिइयो । शोघी एफेन्दीले यहि द डिभाइन प्लानको प्रयोग गरेर अति विस्तृत र अचुक योजनाहरू बनाए । धर्मपत्रहरूमा भएको धारणको आधारमा उनले बहाई धर्मको विकासको श्रृंखलाबद्ध रुपमा एकपछि अर्का गर्दै स्पष्ट योजनाहरू बनाए र प्रत्येकमा समय, लक्ष्य, प्राथमिकतालाई समावेश गरिएको थियो । विभिन्न समय परिस्थतीका कारण योजनाहरू सन् १९३७ सम्म शुरुवात हुन सकेका थिएनन् । योजनाहरू कार्यन्वयन भए पश्चात केहि हदसम्म सफलता मिल्दै गयो । योजनाका अवधारणा यससँग जोडिएका क्षमता विकास, मुल्यांकन, संसाधन शोघी एफेन्दीको स्वर्गारोहणको ६४ वर्ष पश्चात अहिलेसम्म पनि बहाई जीवनका एउटा हिस्सा बनेको छ । बहाई जगत्मा अहिले पनि विकासका लक्ष्य प्राप्तिका लागि योजनाहरू बनाउने गर्दछन् (अब्दुल बहा, ई.स. २०२१क, पृ. ११) ।

सबैभन्दा महत्वपूर्ण कुरा शोघी एफेन्दीले विशेष गरी बहाई प्रशासन प्रणालीको विकासलाई मुख्य जोड गरेका थिए । जुन प्रशासन प्रणालीका सिद्धान्तहरू र संरचनाहरूको रुपरेखाहरू बहाउल्लाहले बनाएका थिए । अर्को तर्फभने उनले आफनो शेषपछि एउटा यस्तो कर्तब्यनिष्ठ र समर्पित उत्तराधिकारीको नाम उल्लेख गर्नु थियो । जसले धर्मको पुर्ण रुपमा संरक्षण गर्न सकोस् । प्रशासनिक व्यवस्थाको संरचना विना धर्मको अधिकार कार्य सञ्चालन यसको निरन्तरता पक्कै पनि यो धर्मको अवस्था विषम परिस्थितीमा पुग्ने थियो । आन्तरिक रुची, जनमत र सल्लाहमा भिन्नताले समयको अन्तरालसँगै पक्कैपनि धार्मिक फुट हुनसक्ने सम्भावना थियो । जव शोघी एफेन्दी सन् १९२१ मा धर्म संरक्षक बने त्यस समयमा उपयुक्त प्रशासन संरचनाको बाह्रय वा सतही रुप बनेको थिएन । शोघी एफेन्दीले आफ्नो कार्यकालमा सबैभन्दा पहिला समुदाय स्तरमा स्थानीय आध्यात्मिक सभाको विकास गरे । त्यसपछि आ-आफ्नो राष्ट्रको क्षेत्रमा पर्ने स्थानीय आध्यात्मिक सभाको संयोजन गर्नको लागि राष्ट्रिय आध्यात्मिक सभाका विकास गरे र अन्तमा अन्तराष्ट्रिय अंग विश्व न्याय गृहको निर्माण गरे । ६० वर्षको उमेरमा शोघी एफेन्दीको

स्वर्गारोहण पश्चात पनि यसको वास्तविकता देखा परेको थिएन । तर नेतृत्वको दायित्व स्थान्तरण भएपछि संस्थाको प्रशासनिक पद्धति कमिक रुपमा स्थापित हुन गयो (रुही प्रतिष्ठान, २०७१, भोलुम ८, पृ. ५२)।

सन् १९२१ मा जब शोघी एफेन्दी धर्म संरक्षक बने त्यसबेला अमेरिका र पर्सियामा राष्ट्रिय स्तरमा धर्मको कार्यहरूको प्रशासनका लागि केवल प्रारम्भिक ढाँचा मात्र थियो । पहिलोमा अमेरीकामा, कुनै विशिष्ट कार्यहरूको राष्ट्रिय स्वरुपमा बहाई टेम्पल युनिटी कानुनी रुपले सरकारद्धारा मान्यता भएतापनि धेरै सानो कार्यक्षेत्रमा कार्य गरिरहेको थियो । पछिल्लोमा तेहरानको स्थानीय आध्यात्मिक सभा केन्द्रिय अंगका रुपमा कार्य गर्दथ्यो । जसबाट पवित्र भुमिबाट प्राप्त मार्गदर्शन प्रवाह हुन्थ्यो र पुरै देशभरी केहि गतिविधीहरूको संयोजन गरेको थियो । शोघी एफेन्दीको आफ्नो कार्यकालका समयमा “स्थानीय बहाई समुदायहरू” संख्यामा र प्रभावमा” पर्याप्त मात्रामा अगाडी बढेपछि राष्ट्रिय आध्यात्मिक सभाहरू एउटा देशबाट अर्को देशमा गठन गरिएको थिए । पहिलो तीनले  सन् १९२३ मा कार्य गर्न शुरु गरेका थिए । एउटा जर्मनी र अष्ट्रिया सेवा प्रदान गरिरेहको थिए । अर्को भारत र वर्मामा र तेस्रो व्रिटिस द्विपहरूमा सन् १९५६ मा शोघी एफेन्दीको स्वर्गारोहणको समयमा विश्वमा २६ वटा राष्ट्रिय आध्यात्मिक सभाहरू कार्यरत थिए । शुरु-शुरुका राष्ट्रिय आध्यात्मिक सभाका कार्यक्षेत्र र धेरै राष्ट्रहरूमा फैलिएको थियो तर पछि गएर जब हरेक देशमा बहाईहरूको संख्या बढ्यो प्रत्येक राष्ट्रमा अलग अलग सभाहरू बने (रुही प्रतिष्ठान, वि.स.२०७२, भोलुम ८, अंक ३, पृ. २८-२९) ।

बहाई प्रशासन बहाउल्लाहको लेखनीहरूबाट अगाडी बढ्छ। अब्दुल बहाले बहाउल्लाहद्धारा स्थापित सिद्धान्तहरूलाई परिभाषित र विस्तारमा वर्णन गरे र धर्मसंरक्षक शोधी एफेन्दीले यी सिद्धान्तहरूलाई पुरै विश्वका बहाई समुदायहरूमा लागु गर्दै यस कार्यलाई जारी राखे । बहाई प्रशासनिक व्यवस्थालाई सम्बोधन गर्दै धर्मसंरक्षकले २१ मार्च १९३० को पत्रमा यसरी वर्णन गरेका छन् ।  “बहाउल्लाहद्धारा पुरै विश्वमा गर्न भएको अनुप्राणित चेतनालाई चिन्न केहि असफल हुनेछन् । र जो स्वंयलाई ती  सचेत प्रयासहरूद्धारा प्रवलताको विविध मात्रामा प्रकट गर्दछ । जुन उहाँको स्वीकृति समर्थक देखाउछ र अप्रत्यक्ष रुपले ती केहि मानवताबादी संगठनहरूद्धारा कहिल्यै पनि, मानवजातीमा चिरस्थायी प्रभाव पार्न सक्दैन । जबसम्म यो त्यस व्यवस्थाको रुपमा मूर्तिमान

हदैन जबसम्म की त्यस स्वयंले बहाउल्लाहको नाम धारण गर्नेछ । पूर्णतया स्वयंलाई उहाँको नियम अनुसार कार्य गरिनेछ (रुही प्रतिष्ठान, वि.स.२०७२, भोलुम ८, अंक ३, पृ. ४३) ।

शोघी एफेन्दीको दुरदृष्टि, बौद्धिक क्षमता र कडा मिहेनतले गर्दा बहाउल्लाहले जग बसालेका बहाई प्रशासन र अब्दुल बहाले आफ्नो “इच्छापत्र र वसियतनामा” मा दिएको मार्गनिर्दशनले गर्दा यो धर्मको संस्थागत प्रशासन व्यवस्था सुदृढ, परिपक्व र मजवुत बन्न गयो । जसको परिणाम स्वरुप आज बहाई धर्म संसारको सबै महाद्विपहरूमा फैलन सफल भएको छ । बहाई धर्मको प्रचारप्रसारमा बहाई प्रशासनले मुख्य भुमिका खेलेको छ । धर्मको प्रचार प्रसार गर्नको लागि अर्को महत्वपुर्ण कुरा बहाई पवित्र ग्रन्थहरू अन्तराष्ट्रिय भाषामा अनुवाद गर्नु थियो । यसको लागि एक अधिकार प्राप्त धर्मप्रति त्याग भएको र ती पवित्र ग्रन्थलाई कुनै परिवर्तन विना जस्ताको तस्तै उल्था गर्ने व्यक्ति हुन अत्यन्तै महत्वपूर्ण थियो । अब्दुल बहाले यी सबै गुण आफ्नो नातिमा देखेका थिए । सयौ बहाई पवित्र ग्रन्थहरूको आधिकारिक अनुवादकर्ता बने । पर्सियन र अरविक भाषामा भएका ग्रन्थहरू अंग्रेजीमा उल्था गरेर यस धर्मका सन्देशहरू संसारमा फैलाउने काम भयो । पछि बहाउल्लाहको सामाजिक शिक्षाहरू विश्व एकताको कुराहरू बहाई विकासका योजनाहरू जति सक्दो विश्वको अन्य भाषाहरूमा अनुवादित गरिए । अहिले अंग्रेजी भाषामा उपलब्ध जति बहाई पवित्र ग्रन्थहरू छन्, ती सबैको मुलरुपमा शाोघी एफेन्दीले नै अनुबाद गरेका हुन् । जसले गर्दा यी लिखित दस्तावेजहरूले प्रचार-प्रसार प्रक्रियामा ठूलो सहयोग पुऱ्यायो (रुही प्रतिष्ठान, वि.स.२०७२, भोलुम ८, अंक ३, पृ. ५१) ।

## ४.३ विश्वमा बहाई धर्मको वर्तमान अवस्था

२००३ व्रिटानिका बुक अफ द एयरका अनुसार भौगोलिक फैलावटको आधारमा संसारका स्वतन्त्र धर्महरूमा बहाई धर्म दोस्रो ठुलो धर्म हो (बहाई इन्टरनेस्नल कम्युनिटी, द बहाईज, बहाई वर्ल्ड सेन्टर पृ. ६) । धर्मसंरक्षकको स्वर्गारोहणसँगै एकल नेतृत्वको कार्यकालको समाप्ति भैसकेको छ । धर्मको सम्पूर्ण काम काज अन्य नयाँ प्रशासनिक व्यवस्थाले सम्हालेको छ । प्रशासनिक संस्थाहरू र सिद्धान्तहरू धेरै छन् तर ती सबैको प्रमुख उद्देश्य भनेको धर्मको प्रचार-प्रसार प्रक्रिया अगाडी बढाउनु नै हो । चुनिएका नौ जना सदस्यहरूको हाइफा इजराइलमा अवस्थित विश्व न्याय गृहले विश्वव्यापि रुपमा धर्मको हरेक गतिविधिहरूलाई संयोजन र मार्गनिर्देशन गर्दछ

संसारभर १२० वटा राष्ट्रहरूमा राष्ट्रिय आध्यात्मिक सभाहरू रहेका छन् । जसले विश्व न्याय गृहको प्रतिनिधित्व गरेतापनि यिनीहरू आफ्नो प्रदेश अधिकार क्षेत्रमा सिमित हुन्छन् सबैभन्दा तल्ला तहका संस्था भनेको स्थानीय आध्यात्मिक सभा हो। यिनीहरू प्रत्येक गाउँ नगर वा शहरमा जहाँ नौ वा नौ भन्दा  बढी बहाईहरूको संख्या हुन्छ, त्यहाँ स्थापित गरिन्छन् ।  यी तीनै तहका प्रशासनिक भागहरूका चुनाव गरिन्छ। विश्व न्याय गृहका सदस्यहरू पाँच वर्षको लागि चुनिन्छन् भने राष्ट्रिय र स्थानीय आध्यात्मिक सभाको सदस्यहरू हरेक वर्ष चुनिन्छन्। चुनावको प्रचार गर्न निषेध गरिएको छ र व्यक्तिलाई मनोनित गर्न अनुमति दिइएको छैन चुनाव गोप्य मतद्वारा गरिन्छ। (बहाई अन्तराष्ट्रिय समुदाय, ई.स. २००५, पृ. ७) ।


व्यक्तिगतरुपमा चुनिएका विद्वान वर्गको संस्था हुन्छ, जुन अब्दुल बहाले नै अनुमति दिएको धर्म संरक्षकले मनोनित गरेको धर्मभुजाहरूको संस्था हो। जसको धर्मको संरक्षण र विस्तार गर्ने जिम्मेवारी रहेको हुन्छ । धर्मभुजाहरू निम्न कुराको लागि व्यापक मात्रामा यात्रा गर्दछन् । ठुलो जनसमुहमा धर्मको घोषणा गर्न र सबैतिरको बहाईलाई परस्परमा एकअर्कासँग मिलेर काम गर्दा एकमत हुन र  धर्म विस्तारका लागि प्रतिज्ञा गर्न प्रोत्साहन गर्ने । ईश्वरको धर्मभुजाहरू बहाई शिक्षणको  विद्वान् वर्गका रुपमा चिनिन्छन् तर यिनीहरू प्रशासनिक अधिकार क्षेत्रभित्र पर्दैनन् । धर्मसंरक्षकसँग मात्रै ईश्वरको धर्म भुजा नियुक्त गर्ने अधिकार थियो । तर अहिले कुनै पनि धर्मभुजाहरू जीवित छैनन् । अहिले यिनीहरूको स्थानमा धर्मको संरक्षण र विस्तारको लागि विश्वका न्याय गृहले महाद्धिपिय सल्लाहकारहरूको समितिको नियुक्त गर्ने गर्दछ । साधारणतया यिनीहरूलाई संसारको विभिन्न क्षेत्रका लागि खटाइएको हुन्छ । महाद्धिपयि सल्लाहकारहरूलाई सहयागीको रुपमा सहायक मण्डल सदस्यहरूको नियुक्त गर्न विशेषधिकार दिइएको हुन्छ । (विश्व न्याय गृह, २०२१, पृ. ८)

व्यक्ति बहाईहरू विभिन्न कार्यमा सरिक हुन्छन् । ती मध्ये एउटा १९ दिने सहभोज हो । यो सहभोज बहाई महिनाको पहिलो दिन संसारभरका बहाई समुदायको सदस्यहरू एकत्रित भएर मनाउछन् । यसका मुख्य तिन भाग हुन्छन्; बहाई पवित्र लेखनीहरूको अध्ययन गर्ने, समुदायमा भएको विभिन्न गतिविधीहरूको बारेमा छलफल गर्न स्थानीय आध्यात्मिक सभाहरूलाई सुझाव दिन, र सामाजिक भाग वा मनोरञ्जन गर्ने सहभोजका प्रमुख उद्देश्य भनेको समुदायको सदस्यहरू

विच एकता कायम राख्न र व्यक्ति बहाई र स्थानीय आध्यात्मिक सभा दुबैले परस्पर मिलेर कार्य गर्नु । विभिन्न अवसरमा बहाई गतिविधिहरूको लागि बहाईहरू अन्तराष्ट्रिय सम्मेलनमा पनि भाग लिने गर्दछन् । यस्तो सम्मेलनहरूले संसारको विभिन्न ठाउँहरूलाई एकै ठाँउमा ल्याउछ र यिनीहरूमा एकताको भाव झल्किन्छ साथै उनीहरू बहाई जीवनको चरित्र चित्रण गर्ने प्रयत्न गर्दछन् र उनीहरूमा धर्मको प्रचार-प्रसार गर्ने उत्प्रेरित हुने गर्दछन् । बहाई सम्मेलनहरू कहिलेकाहि मात्रै नभएर बारम्बार संसारको सबै भागहरूमा हुने गर्दछन् । व्यक्ति बहाई कुनै पनि समय अग्रणीका लागि स्वयंसेवक बन्न सक्छ । अग्रणीहरू त्यस्तो व्यक्तिहरू हुन् जो त्यस्तो समुदायमा गएर बस्छन् जहाँ थौरै बहाई छन् वा बहाई नै छैनन् र त्यहाँ उनीहरूले बहाई समुदायका विकास गर्न प्रयास गर्दछ । यिनीहरू धर्मसँग सम्बन्धित अनुभवी ज्ञाता पूर्ण जानकार धर्मको आधिकारिक प्रतिनिधीहरू होइनन् न त यिनीहरू स्थानीय आध्यात्मिक सभाद्वारा चुनिएको व्यक्ति हुन् (रुही प्रतिष्ठान, ई.स. १९८७, भोलुम २, पृ. ५८-५९) ।

यात्रा शिक्षक वा अग्रणीहरू त्यस्ता व्यक्तिहरू हुन् जसले स्वयंसेवीको रुपमा धर्म फैलाउन आफ्नो शक्ति र समयको सदुपयोग गर्दै एक ठाँउबाट अर्को ठाउँमा यात्रा गर्दै धर्मका बारेमा बताउने गर्दछन् । अहिले यात्रा शिक्षकहरू वा अग्रणीहरू पहिले नै बहाई समुदायहरू भएको ठाँउमा जान्छन् र पहिले नै निम्ता गरिएको समुदायको इच्छुक व्यक्तिहरूलाई धर्मको बारेमा बताउने र समुदायको अझ विकास गर्न योजनाहरू बनाउछन् । यात्रा शिक्षकहरूलाई सधै त्यति सजिलो हुदैन । धर्मको शुरुवात तिर यिनीहरू प्रायजसो त्यस्तो स्थानमा भ्रमण गर्थे जहाँ बहाईहरू नै हुदैन थिए । उनीहरू आफैले श्रोताहरू खोज्नु पर्दथ्यो र उनीहरूलाई धर्मको बारेमा बताउनुपर्दथ्यो धर्मको विकासका सम्बन्धमा यात्रा शिक्षक र अग्रणीहरूको महत्वपूर्ण भूमिका रहको छ । वास्तवमा भन्नुपर्दा यात्रा शिक्षण त्यस्तो प्रभावकारी माध्यम हो । जसको सहायताले जहा पहिले नै केहि बहाई भएको समुदायमा बहाईहरूको संख्या बढाउन धर्मको विस्तार गर्ने प्रचार-प्रसार गर्नु अति नै प्रभावकारी सावित भएको छ । प्रारम्भिक समयमा शुन्य बहाई भएको समुदायमा यात्रा शिक्षण सबैभन्दा सफल रणनिती थियो अग्रणीहरूको प्रयायको कारणले गर्दा नै संख्यामा थौरै भएपनि सन् १९३०, सन् १९४० र सन् १९५० तिर धेरै धेरै देशहरूमा बहाई धर्मको प्रचार-प्रसार गर्न सफल भएको हो (रुही प्रतिष्ठान, ई.स. १९८७, भोलुम २, पृ. ६२) ।

सचित्र २: *बहाई प्रशासनिक व्यवस्थाको स्वरुप*




(स्रोत: *सहायक मण्डल सदस्यहरूका लागि तालिम पुस्तिका*)

## ४.४ काठमाण्डौ उपत्यकामा बहाई धर्मको इतिहास र प्रचारप्रसार

बभ्याङ्गका राजा कर्नेल जय पृथ्वीबहादुर सिंह बहाई धर्मबारे भनेका छन् :

लगभग १९२९ वा सायद त्योभन्दा केही वर्ष पहिले, मैले बहाउल्लाह र बहाई धर्मको बारेमा सुनेको थिएँ । जब म १९२९ मा जात-जाती, राष्ट्रहरू र व्यक्ति व्यक्ति बीच शान्ति र एकतालाई अगाडि बढाउन मानवताबादको पद्धति विषयमा भाषण दिनको लागि युरोपको भ्रमण गर्न निस्कें त्यसबेला एकपटक म फेरि बहाउल्लाह र उहाँका शिक्षाहरूप्रति आकर्षित भएँ । यो विषयमा मेरो मित्र लेडी ब्लुमफिल्डले पुस्तकहरू दिनु

भएको थियो । त्यसपछि, १९३३, मा धर्महरूको दोस्रो पार्लियामेण्ट वा धर्मको विश्व फेलोसिप सम्मेलन संयुक्त राज्य अमेरिका स्थित सिकागोमा सम्पन्न भएको थियो, त्यहाँका केही बहाई अनुयायीहरूले गर्दा मेरो ध्यान पुनः बहाई धर्मप्रति आकर्षित भयो, जसले मलाई विलमेट, इलिन्वाइजको मन्दिरमा लैजानु भएको थियो (कर्नेल जय पृथ्वीबहादुर सिंह, www.bahai.org.np) ।

नेपालमा पहिलो पटक बहाई धर्म १९५० मा औपचारिक रुपमा आएको थियो । हुनत यो धर्मबारे पहिलो विश्व युद्ध पछि बझ्याङ्गका राजा जयपृथ्वीबहादुर सिंहले गहिरोसँग अध्ययन गरेका थिए । श्री केदार प्रधान सिक्किमबाट आफ्नो परिवारसहित बहाउल्लाहको सन्देश लिएर नेपाल आएका थिए । त्यसबेला कुनै औपचारिकरुपमा बहाई प्रशासनिक संस्थाहरू नभएता पनि धेरै बहाई क्रियाकलापहरू संचालित थिए र धेरै मानिसहरूले बहाई धर्म स्वीकारेका थिए । पहिलो स्थानीय आध्यात्मिक सभाको निर्वाचन काठमाण्डौमा १९६०-१९६१ मा भएको थियो । पछि १९६० तिर, भारतको उत्तर प्रदेशबाट प्रो. पि.एन.राय आउनु भयो र बिरगञ्जमा धेरै क्रियकलापहरू संचालन भए । यसै समयमा धेरै स्थानीय सभाहरूको गठन भयो । १९७० भित्र धर्मको विस्तार विराटनगरसम्म पुग्यो । पहिलो राष्ट्रिय आध्यात्मिक सभाको गठन १९७२ मा भएको थियो । नेपालको राजनीतिक परिस्थितिले गर्दा १९७५ देखि केही वर्षको लागि राष्ट्रिय आध्यात्मिक सभाको गठन हुन सकेन । नेपालमा बहाई धर्मको मामला हेर्नको लागि एउटा प्रशासनिक समितिको गठन गरिएको थियो । १९८२ मा पुनः राष्ट्रिय आध्यात्मिक सभाको गठन भयो । उक्त वर्षदेखि अहिलेसम्म नियमितरुपमा हरेक वर्ष राष्ट्रिय आध्यात्मिक सभाको गठन भइरहेको छ (२०७८ चैत्र २, www.bahai.org.np)।

प्रजातन्त्रको सरकार सत्तामा आए लगतै सन् १९५८ मा काठमाण्डौका बहाईहरूले पहिलो स्थानीय आध्यात्मिक सभाका निर्माण गरे । जुन देशकै पहिलो थियो र यसको कार्यालय न्युरोडमा खोलिएको थियो केहि महत्वपूर्ण बहाई अतिथिहरू मध्ये एक सिरिन फौजदार हुन् जसले ठूलो जनसंमुहमा विश्वज्योति सिनेमामा वक्तब्य दिएकी थिइन् । कलाका एक धनी व्यक्ति बालकृष्ण सम प्रमुख अतिथी थिए भनिएको छ । जब देशका राजनैतिक व्यवस्था सन् १९६१ मा प्रजातन्त्रबाट पूर्णरुपले राजतन्त्र पञ्चायत व्यवस्थामा परिर्वतन भयो, तब धार्मिक संस्थाहरूमाथि प्रतिबन्ध

लगाइयो र बहाईहरू आफनो कार्यालय बन्द गर्न बाध्य भए । तर उनीहरूले १९ दिने सहभोजहरू र पवित्र पर्वहरू मनाउने र जमघट गर्न चाहि जारी नै राखिरहे त्यस समयमा काठमाण्डौमा अग्रणीका रुपमा आएका बहाईको घरमा शिक्षण कार्य हुने गर्दथ्यो । वास्तबमा अर्को शब्दमा भन्नुपर्दा संस्था अनौपचारिक भएतापनि त्यस समयमा यसको विकास भइनै रह्यो । साथै केहि अग्रणीहरूले काठमाण्डौ उपत्यकाको धेरै ठाँउहरूमा हुने अनौपचारिक कियाकलापहरूको क्रमशः विकास गर्दै गए । त्यसै समयमा नेपालमा धेरै ठाँउहरूमा जस्तै पर्सा (विरगञ्ज), मोरङ्ग ( विराटनगर) आसपासका छिमेकी गाँउहरूमा केही बहाई अग्रणीहरू बसेका थिए । जव त्यहाँ केही स्वतन्त्रता भयो जब थुप्रै स्थानीय आध्यात्मिक सभा सन् १९७२ मा मात्र स्थापना भएको थियो । राष्ट्रिय आध्यात्मिक सभाको चुनावको लागि राष्ट्रिय अधिवेशन न्युरोडको क्रिष्टल होटेलमा भएको थियो । यसमा भाग लिनका लागि प्रतिनिधिहरू शहर र गाँउहरूबाट आएका थिए । जहाँ बहाइहरू विभिन्न स्थानीय आध्यात्मिक सभाहरूबाट थिए । जसमा बहाईहरूको सर्वोच्च निकाय विश्व न्याय गृहलाई प्रतिनिधित्व गर्दै धर्मभुजा (विशेष उपाधि) अलि अकबर फुरुतान पनि उपस्थिती भएका थिए (अर्न्तवार्ता, २०७८ मंसिर ११, भारतदत्त कोईराला) ।

नेपालका बहाईहरूको लागि यो एउटा ऐतिहासिक अवसर थियो । यतिबेलासम्म नेपालमा २० वटा स्थानीय आध्यात्मिक सभाहरू भैसकेका थिए । १९७० र १९८० को दशकतिर शिक्षण र धर्म परिवर्तनमा कडा प्रतिबन्ध थियो र त्यस समयमा त्यस्तो धर्मको घोषणा र प्रचार-प्रसार गर्ने काम भएको थिएन । धर्मको शिक्षण व्यक्तिगत सम्पर्कहरू र फायरसाइडहरू माध्यमबाट गरिन्थ्यो । यस दौरानमा जिज्ञासुहरू सिक्न र बुझ्न आउने गर्दथे र स्वतन्त्रपुर्वक यस धर्मलाई स्वीकार गर्न सक्दथे । यसै समयमा बहाईहरूले राष्ट्रिय केन्द्र प्राप्त गरे जुन काठमाण्डौको मुटु ज्याठा टोलमा थियो । जहाँ साप्ताहिक फायरसाइडहरू हुने गर्दथ्यो । त्यतिबेला यो प्रसिद भयो र यहाँ धेरै जिज्ञासाहरू बहाई समुदाय र विभिन्न दशबाट आएका अतिथीहरूले दिने गर्दथे । यसै दौरान पछि पनि विभिन्न महत्वपूर्ण राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्थामा काम गर्नै व्यक्तिहरू अग्रणीको रुपमा बहाई समुदाय र समाजको सेवा गर्न काठमाण्डौ आए । काठमााण्डौको ज्याठाटोलमा भएको राष्ट्रिय केन्द्र बैठकहरू र प्रार्थनाहरू गर्दा ज्यादै नै हल्ला र आउने र अशान्तपूर्ण भएको थियो । त्यसकारण राष्ट्रिय आध्यात्मिक सभाले त्यो भवन वेचेर बानेश्वर शान्तिनगरमा जग्गा किन्यो । जहाँ अहिले पनि नेपालको बहाई राष्ट्रिय केन्द्रको रुपमा कार्य

सञ्चालनहरू भईरहका छन् । यसको भवन मौलिक स्वरुपमा रहेको  छ र यँहा सुन्दर बगैचा पनि रहेको छ।  त्यस समयमा दर्ता नगरिएका धार्मिक संस्थाहरूले आफ्नै जमिन र भवन निमार्ण गर्न पाउन प्रावधान थिएन, त्यसकारण बहाई सम्पत्तिका रक्षा गर्नका लागि राष्ट्रिय आध्यात्मिक सभाल बहाई गुठीका स्थापना गर्न निर्णय गर्‍यो । यद्यपि अहिले राष्ट्रिय आध्यात्मिक सभाका धरै ठाँउमा  आफ्नै स्वामित्व, कर र नामसारी आदिका बारेमा परामर्श दिने काम गर्दछ (अर्न्तवार्ता, २०७८ मंसिर ११, भारतदत्त कोईराला) ।

त्यसैगरी बहाई धर्मको विद्वान् वर्गमा अन्तराष्ट्रिय सल्लाहाकारहरू (नौ जना) , महाद्विपयि सल्लाहकार (करिब चौधसय), हजारौ सहायकहरू रहेकाछन् । जो विद्वान वर्गमा नियुक्त हुन्छ र जसले मुख्यतः निर्णय गर्दैन, तर धर्मको प्रर्वद्धन र संरक्षणको लागि आवश्यक पर्ने सल्लाह र सुझावहरू धर्मको निर्वाचित संस्थाहरूलाई दिने काम गर्दछ । अन्तराष्ट्रिय सल्लाहकार र सहायक मण्डल सदस्यहरूको नियुक्त पाँच-पाँच वर्षको हुन्छ । महाद्विपीय सल्लाहकारहरूले राष्ट्रिय आध्यात्मिक सभा र राज्य बहाई परिषदलाई प्रत्यक्ष सहयोग र सल्लाह दिन्छन् । त्यसैगरि सहायक मण्डल सदस्यहरूले स्थानीय आध्यात्मिक सभा र व्यक्ति बहाईहरूसँग मिलेर धर्मको विस्तार र संरक्षणको  काम गर्दछन् यी विद्वान वर्गको संस्थाको सदस्यहरू व्यक्तिगत रुपमा काम गर्ने भएकाले छिटो र छरितो हुन्छ । विद्धवान् वर्गको कार्यको बारेमा अब्दुल बहाले आफ्नो इच्छापत्रमा लेख्छन् “दैवी सुवासहरू फैलाउने मानव आत्माहरूको लागि शिक्षित गर्ने ज्ञानलाई बढाउने सबै मानिसहरूको चरित्र सुधार्न तथा सबै समय र सबै परिस्थतीहरूमा सांसारीक वस्तुहरू भन्दा पवित्र एवं अनाशक्त रहन भनेका छन्”(अब्दुल बहा, २०२१क, पृ. २५-२६) ।

काठमाण्डौ उपत्यकामा हाल भैरहेका प्रचारप्रसारका गतिविधीहरू व कृयाकलापहरू यसप्रकार छन् : विशेषगरी शैक्षणिक, गैर शैक्षणिक र सम्मेलन तथा कार्यशालाहरू गरी तीन प्रकारका प्रचारप्रसारका कार्यक्रमहरू छन् । धर्मको विकास विस्तार र सुदृढिकरण गर्नको लागि बहाई स्थानीय संस्था स्थानीय आध्यात्मिक सभाका महत्वपूर्ण भूमिका रहेको हुन्छ । त्यसकारण माथि उल्लेखित गतिविधीहरू कार्यन्वयन गर्न र प्रत्येक बहाईलाई त्यसका लागि प्रोत्साहन गर्ने सक्रिय बनाउने धर्ममा दृढ रहन मद्धत गर्दछ । अव ती उल्लेखित गतिविधीहरू कसले, कसरी र कहिले सञ्चाालन गरिन्छ भन्ने बारेमा संक्षिप्त रुपमा वर्णन गरिन्छ ।

### ४.४.१. प्रसारवाद सिद्धान्त :

प्रसार भन्नाले कुनैपनि विषय या कुरा एक ठाँउबाट अर्को ठाँउमा जाने वा सर्ने प्रक्रिया भन्ने बुझिन्छ र बाद भन्नाले सिद्धान्त भन्ने हुन्छ । त्यसैले प्रसारबाद भन्नाले समाजका मुल्य मान्यता, परम्परा, सभ्यता, भाषा कला साहित्य, रहन सहन खानपान लवाई-खवाई चिन्तन विश्वास खेतीवाली प्रणाली, औषधी विज्ञान, प्रविधि, राजनिती प्रणाली, उत्पादन व्यवस्था, धर्म आदि सबै एकठाँउबाट अरु विभिन्न ठाँउमा फैलदै जाने प्रकिया हो । कुनैपनि वस्तुको अथवा सामाजिक साँस्कृतिक पक्षको उत्पत्ति निश्चित ठाँउहरूमा हुन्छ । सामाजिक विकासको क्रममा विभिन्न माध्यमबाट ती तत्वहरू क्रमसँग आसपासका स्थान हुदै अन्यत्र फैलदै जान्छन् । साँस्कृतिक प्रसारलाई उत्प्रेरित गर्ने तत्वका आधारमा प्रसारको प्रक्रिया अधि बढ्छ । कुनै साँस्कृतिक तत्व अन्यत्रसम्म पग्न छोटो समय नै पर्याप्त हुन्छ भने कुनै साँस्कृतिक तत्व अन्यत्र प्रसार हुन लामो समय लाग्न पनि सक्छ । प्रत्येक साँस्कृतिक तत्वहरू समाज विकासको प्रक्रियामा एउटा समुदायबाट अर्को समुदायमा प्रसारित हुन्छन् । यसमा विशेष गरी मानवीय सम्पर्क , बसाई सराई, यातायात, सँस्कृतिकरण, सामाजिक सम्बन्ध, युद्ध, विवाह, लेनदेन, शिक्षा आदि कारणहरूले गर्दा एउटा समुदायबाट अर्को समुदाय, एकदेशबाट अर्को देश, तथा एउटा महादेशबाट अर्को महादेश सम्म पनि सँस्कृतिको प्रसारण हुन्छ । मानिसले चाहेर वा नचाहेर पनि यो प्रकिया स्वभाविक रुपमा भैरहन्छ । यसैले यस प्रकियामा अनेकौ सामाजिक व्यवहार सम्बन्ध अर्न्तकिया आदिको संयोजन छ । यसैबाट प्रसारको प्रकिया शुरु हुन्छ । यो प्रकिया सार्वभौम छ । यसलाई पुष्टी गर्ने तार्किक आधारहरू स्थापित भएका छन् । यसैले प्रसारको प्रकियाको सामान्यीकरण पछि यसलाई सैद्धान्तिक मान्यता दिइएको हो । यस विचमा विभिन्न देशका मानवशास्त्रीहरूले अध्ययन अनुसन्धानको माध्यमबाट विभिन्न साँस्कृतिक जटिलताहरू विभिन्नकालखण्डमा विभिन्न स्थानमा विकसित भएर विश्वभर नै तिनीहरू फैलिए । यसैले सँस्कृति ऐतिहासिसक सन्दर्भमा वृद्धि हुन्छ नकी उद्विकासबाट यहि सँस्कृतिका वृद्धि र समविकासको अध्ययन गर्न प्रसारबादि सिद्धान्तको विकास भयो (सापकोटा, २०७१, पृ. ९२-९३) ।

यस सम्बन्धमा मानवशास्त्रको मेकमिलन शब्दकोश १९८६ मा प्रसार भन्नाले टायलरद्धारा मानवशास्त्रमा प्रयोग गरिएको शब्द जसले साँस्कृतिक तत्वहरू वा गणहरूको विभिन्न ठाँउहरूमा

हने फैलावटलाई बभ्काउने करा उल्लेख गरिएको छ । विद्वान रोर्जस १९६२ का अनसार प्रसार त्यो प्रक्रिया हो; जसद्धारा नँया परिवर्तन फैलिन्छ । प्रसारबादको विषयमा मक्कन भ्का १९९४, लेख्छन् 'Diffusionist are of opinion that culture has growthin course of history, not because of evolution, but because of transmission of culture due to the historical happenings and mutual contact. Such historical happening which led to the transmission of culture are provided theory to the study of culture growth and culture parelles was called diffusion.'

### ४.४.२ प्रसारबादको उत्पत्तिको ऐतिहासिक सन्दर्भ :

प्रसार भन्ने शब्दको प्रयोग प्रथम पटक टायलरले मानवशास्त्रमा गरेका थिए । यसले साँस्कृतिक तत्वहरू वा गुणहरूको विभिन्न ठाँउहरूमा हुने फैलावटलाई बुझाँउदथ्यो । यस्तो फैलावटको माध्यमबाट भौतिक तथा अभौतिक संस्कृतिका तत्वहरू तिनीहरूलाई अनुसरण गरेका मानिसहरूको बसाँई सराईको माध्यमबाट नँया भूमीमा प्रवेश गर्छन भन्ने मान्यतालाई अनुसरण गर्ने बादको रुपमा प्रसारबादको जन्म भएको हो । यस्तो प्रसार साँस्कृतिक सम्पर्कका माध्यमबाट पनि हने गर्दछ । साँस्कृतिक प्रसार वा साँस्कृतिक आदानप्रदानको समस्याको व्यवस्थीत अनसन्धान बीसौ शताब्दीको शरुबाट भएको पाईन्छ । त्यहाँ भन्दा अधि सँस्कृतिको अध्ययन गर्ने उद्विकास बादी सिद्धान्तको बमोलवाला थियो । जव उद्विकासको सिद्धान्तको बैद्यतामाथि परिक्षण गर्ने कार्य शुरु भयो तव प्रसारको महत्व बढ्दै जान थाल्यो । प्राप्त तथ्यांक र सुचनाहरूको आधारमा प्रसारबादले संस्कृतिका उद्भव, परिवर्तन र विकासलाई प्रसारको आधारमा व्याख्या विश्लेषण गर्न शुरु गऱ्यो । प्रसारका माध्यमबाट संस्कृतिको अध्ययन गर्ने सम्प्रदायहरू मुख्य गरेर ३ वटा छन् जसमा बेलायती सम्प्रदाय, जर्मन-अष्ट्रियन सम्प्रदाय र अमेरीकी सम्प्रदाय रहेका छन्, मानवशास्त्री हर्सकोविट, १९५८ का अनसार मानव इतिहासमा छोटो समय मात्र चर्चामा आएको बेलाइती सम्प्रदायले संस्कृतिको एकल उत्पत्तिमा विश्वास गर्दछ । आधुनिक संस्कृतिको जननीको रुपमा इजिप्टलाई लिने गर्छ । यसर्थ यस सम्प्रदायलाई पूर्ण मिश्रियनका साथै हेलियोलिथिक पनि भन्ने

गरिन्छ। यस सम्प्रदायका मुख्य प्रर्वतक ग्राफ्टन इलिएट स्मिथ रहेका छन्, भने अन्यमा विलियम जेम्स पेरी र विलियम हल्स रिभर्स रहेकाछन् (अधिकारी, २०६६, पृ.९७) ।

साथै जर्मन अष्ट्रिन सम्प्रदायले संस्कृतिको बहुमखी उत्पत्तिमा विश्वास राख्दछ । यस सम्प्रदायलाई साँस्कृतिक ऐतिहासिक पनि भन्ने गरिन्छ। यस सम्प्रदायका प्रसारबादीहरूमा फादर विल्हेम स्किमिड सुरुवातका दृष्टिले प्रर्वतक भएतापनि योगदानका दृष्टिकोणबाट हेर्दा फेडरिक रेटजेल, फ्रिज ग्रायबनर आदि प्रमुख रहेका छन्। त्यस्तै अमेरीकी सम्प्रदायले संस्कृतिको अध्ययन तुलनात्मक पद्धतिबाट नगरी ऐतिहासिक पद्धतिबाट गरिनपर्नेमा जोड दिन्छ । यस सम्प्रदायलाई साँस्कृतिक सापेक्षबादको नजिक राखेर हेर्न सकिन्छ। यसका प्रर्वतकहरूमा फ्रान्ज वोस , क्लाक विस्लर र ए.एल क्रोयवर प्रमुख रहेका छन्। प्रसारबादी सम्प्रदायहरूलाई तिनीहरूका मान्यताका आधारमा क्रमशः बेलायती सम्प्रदायलाई साँस्कृतिक निरपेक्षबाद, जर्मन अष्ट्रियन सम्प्रदायलाई साँस्कृतिक वृत्त र अमेरीकी सम्प्रदायलाई साँस्कृतिक सापेक्षबाद अर्न्तगत राखेर विश्लेषण गर्न सकिन्छ (अधिकारी, २०६६, पृ.९८) ।

वर्तमान समयमा प्रसारबादलाई नँया ढंगले विश्लेषण गर्नुपर्दछ भन्ने धारणाकोपनि विकास भएको छ। साँस्कृतिक तत्वहरू प्रसारका माध्यमबाट अन्यत्र पुगदछन भन्ने तथ्य आफैमा सार्वभौम भएको तर्क राख्दै यी साँस्कृतिक तत्वहरू के हुन ? शुरुमा कसरी विकास भए ? र के कसरी प्रसार हुन्छ ? भन्ने तर्फ गहन अध्ययनको आवश्यकतालाई पछिल्ला प्रसारबादीहरूले उठाएका छन् । उद्विकासबादीहरूले संस्कृतिको उत्पति, विकास र परिवर्तनका सम्बन्धमा गरेको व्याख्याबाट केहि मानवशास्त्रीहरूले प्रसारबादी सिद्धान्तको विकास गरेका हुन् । यिनीहरूका अनुसार संस्कृतिको उद्भव र विकास प्रसारका माध्यमबाट हुन सक्छ। संस्कृति केवल निश्चित ठाँउमा उत्पत्ति हुन्छ भन्ने धारणालाई व्यापक पारे । संस्कृतिको वृद्धि र संस्कृतिको समानान्तर केवल ऐतिहासिक घटनाक्रमबाट हुने गर्दछ ।

### ४.४.३ शैक्षणिक कार्यक्रमहरू

**तालिम प्रतिष्ठान**

बहाई संस्थाको विकास र फैलावटका लागि चाहिने महतवपूर्ण र दक्ष जनशक्ति उत्पादन गर्नको लागि तालिमको जरुरत पर्दछ । त्यही कार्य पूर्ति गर्ने तालिम प्रतिष्ठान बहाई संस्थाको एक अभिन्न प्रशासनिक अंग हो । तालिम प्रतिष्ठानको विशेष जिम्मेवारी वा दायित्व भनेको समुदायमा सञ्चालन गरिने बालकक्षाको लागि दक्ष शिक्षक किशोरकिशोरीका लागि दक्ष एनिमेटर र अध्ययन कक्षा सञ्चालनको लागि ट्युटरको तालिमको आयोजना र व्यवस्थापन गर्नु हो । यस्ता तालिमहरू बहाई राष्ट्रिय केन्द्रको भवन बानेश्वर शान्तिनगरमा र बहाई शिक्षक केन्द्र ठेचोमा हुने गर्दछन् ।

**बहाई बाल कक्षा :**

बहाईहरूले आफ्नो समुदायमा छरछिमेकका वरिपरिका ५ वर्षको देखि १२ वर्ष सम्मका बच्चाहरूलाई कोल्मविया स्थिती रुही प्रतिष्ठानले धेरै वर्ष अनुसन्धान गरि तयार पारेका पुस्तकहरूद्धारा आध्यात्मिक शिक्षा र नैतिक शिक्षाको पाठहरू पढाउने गर्दछन् । यस उमेर समुहका बालबालिकाहरूको लागि भाग १ देखि भाग ४ सम्मका पुस्तकहरू छन् । जस अर्न्तगत पहिलो भागमा २१ वटा कथाहरू छन् । ती कथाहरूसँग मेल खाने नैतिक बाल गीतहरू, खेलहरू, उद्धरणहरू रंग भर्ने पुस्तकहरू छन् । यी कथाहरू, गीतहरू, खेलहरू र उद्धरणहरूको माध्यमबाट बच्चाहरूलाई सानै उमेर देखि नैतिकवान् हुन र असल चरित्रको विकास गर्न मद्धत गर्दछन् । अब्दुल बहाले दिएका प्रार्थनाहरू पनि सिकाउदछन् ।

भाग २ मा आपसी सहयोग, मित्रता समुदाय निमार्णमा व्यक्तिको योगदान आदिले बच्चाहरूले पछि गएर यस्तो पेशा रोज्नुपर्छ, जसले आफूलाई र समाजका अन्यलाई पनि फाइदा पुगोस् भन्ने खालका पाठहरू पढाउछन् । भाग ३ मा अहिलेसम्मका सबै ईश्वरीय अवतारहरूको बारेमा पढाउछन् । बालकक्षामा पढाउने उद्धरणहरू यसप्रकारका छन् । “सत्यता नै सबै मानवीय गुणहरूको आधार हो । ” “न्यायको बाटोमा हिड किनकी यो निश्चय नै सिधा बाटो हो ।” “आज त्यही नै सच्चा मानिस हो जो समस्त मानव जातिको सेवामा आफूलाई समर्पित गर्दछ ।” “हे

मानिसहरू हो ! आफ्नो जिब्रोहरूलाई सत्यताद्वारा सुसज्जित गर र आफ्नो आत्मालाई ईमान्दारीताको गहनाहरूले शुभोभित गराऊ । " (रुही प्रतिष्ठान, २०११, बालबालिकाहरूलाई पढाउने कक्षाहरू, कक्षा २ बालकक्षामा सिकाउने प्रार्थनाहरू) "हे भगवान मलाई बाटो देखाऊ मलाई मलाई एउटा उज्यालो बत्ति र प्रकास वा तारा बनाईदेऊ तिमी शक्तिशाली तथा बलवान् छौ ।" रुही पुस्तक ३ को तालिम लिएका शिक्षकहरूले मात्र यो कक्षा सञ्चालन गर्न सक्दछन् । यसको तालिम राष्ट्रिय आध्यात्मिक सभाले सञ्चालन गर्दछ ।

**बाल मेलाः**

बाल कक्षाका संयोजक र सबै समुदायको शिक्षकहरू मिलेर बाल मेलाका आयोजना गर्दछन् । बालमेलामा बालबालिकाहरूले आफुले कक्षामा सिकेका गीत प्रार्थना कथा आदि प्रस्तुत गर्दछन् । साथै मनोरञ्जनका लागि उनीहरूले नृत्य पनि प्रर्दशन गर्दछन् । यस्ता मेलामा बालबालिकाहरूको लागि खानपानको पनि व्यवस्था मिलाएको हुन्छ । यो एउटा खुशी व्यक्त गर्ने अवसरका साथै अन्य समुदायसँग चिनजान परिचय र आत्मियता बढाउने मौका पनि हो ।

**शिक्षक तालिम तथा समिक्षा**

शिक्षक तालिम प्रतिष्ठानले बहाई समुदाय वरिपरीका वालबालिकाहरूलाई आध्यात्मिक तथा नैतिक शिक्षाहरू दिन र सानै उमेरदेखि ईश्वरीय गुणहरू जस्तैः दयामाया, करुणा, सत्यता आदिलाई धारण गरी भविष्यमा एक असल व्यक्ति बन्नको लागि उनीहरूलाई सहयोग गर्न शिक्षक तालिमको आयोजना गर्दछ । तालिममा रुही ३ पुस्तकको कमशः भाग १,२,३,४ को छुट्टाछुट्टै तालिम दिने गर्दछ । बालबालिकाहरूलाई नैतिक र आध्यात्मिक मार्गदर्शन दिने जस्ता पुनित सेवा कार्यका लागि विशेष गरेर जोशिला युवा वर्गहरूलाई यस्ता तालिमहरूमा सहभागि गराईन्छ । यी तालिमहरू प्रायजसो कलेजहरूको लामो छुट्टीको समयमा सञ्चालन गरिन्छ ।

शिक्षक तालिम लिएर कक्षा सञ्चालन गरेपछि उनीहरूको समिक्षा भेला गरिन्छ । कहिलेकाहि साप्ताहिक , मासिक रुपमा गरिने यस्ता समिक्षा भेलामा शिक्षकहरूले सिकाई, कठिनाई र समस्या समाधान छलफलद्वारा एक आपसमा साटासाट गर्दछन् । यस्ता सेवा कार्यहरू बहाईहरूले स्वेच्छापूर्वक नितान्त सेवाको लागि गर्दछन् ।

## किशोरकिशोरी कक्षा

किशोरकिशोरी आध्यात्मिक श-शक्तिकरण कार्यक्रम स्थानीय समुदायहरूमा स-साना समुहहरूमा १२ देखि १५ वर्ष उमेर समुहलाई आफ्नो नैतिक पहिचान शसक्त रुपमा स्थापना गर्न विभिन्न विचारहरू छलफल गर्ने कार्यक्रम हो । यसका लागि विभिन्न संघ संस्थाहरूद्धारा विकसति गरेका पुस्तकहरू प्रयोगमा ल्याउदछ । यी पुस्तकहरू सामान्यदेखि जटिल विषयबस्तु तर्फ क्रमशः बढ्दै जान्छ । पुस्तकहरू विशेष गरि भाषाको सिप र संचारको शक्ति बढाउनेमा केन्द्रित छ । पहिलो समुहका पुस्तकहरूले गणितका अवधारणहरू र सामाजिक विषयहरू समेट्दछ भने दोस्रो समुहका पुस्तकहरूले युवाहरूमा वैज्ञानिक तवरले भौतिक, सामाजिक र आध्यात्मिक वास्तविकतालाई अन्वेषण गर्ने विधि र अंगिकार गर्दछ । पहिलो समुहका सामाग्रीहरूमा नैतिक अवधारणाहरू बहाई शिक्षाहरूबाट लिएको भएता पनि तिनीहरू धार्मिक प्रकृतिका छैनन् वा बहाई विषयहरूलाई सम्बोधन गर्दैन धेरै संस्थाहरू जस्तै शैक्षिक संस्थाहरूले किशोरकिशोरीहरूका लागि आफ्नो शैक्षिक कार्यक्रममा समावेश गरिएका छन् । हाल उपलब्ध भएका पुस्तकहरू अनुसूचिमा यस प्रकारका छन् ।

तालिका १ : *किशोरकिशोरीहरूका लागि आफ्नो शैक्षिक पाठ्यक्रमहरू*

| **क्रम संख्या** | **पुस्तकको नाम** | **कैफियत** |
|---|---|---|
| १ | सम्पुष्टिको मधुर हावा | |
| २ | क्रमबद्ध मष्तिष्कका बानीहरू | |
| ३ | आशाको किरण | |
| ४ | सिधा बाटोको हिडाई | |
| ५ | उत्कृष्टताको सिकाई | |
| ६ | संख्याको सोच | |
| ७ | अवलोकन र अर्न्तदृष्टि | |
| ८ | मानव मन्दिर | |
| ९ | शब्दको शक्तिमा आर्कषण | |

(स्रोतः *रुही प्रतिष्ठान, कोलम्बिया, https://www.ruhi.org*)

किशोरकिशोरी अध्ययन कक्षाहरू काठमाण्डौका सबै स्थानीय आध्यात्मिक सभाहरूमा भईरहका छन् । उदाहरणका लागि इमाडोलका किशोरकिशोरीहरूले सम्पुष्टिको मधुर हावा सकेर दोस्रो पुस्तक सिधा बाटाको हिडाई अध्ययन गरिरहको छन् किशोरकिशारीको नामावली यसप्रकारका छन् ।

**किशोरकिशोरी मेला तथा सेवा परियोजना** :

किशोरकिशोरी मेला पनि बाल मेला जस्तै रमाइलो गर्ने चिनजान गर्न, आत्मिय बढाउन आफुले सिकेका नयाँ कुराहरू आफ्नो अनुभव किशोरकिशोरहरूले आफ्नो समुदायमा सरसफाईको कार्यक्रम पनि गर्न सक्दछन् ।

**एनिमेटर तालिम तथा समिक्षा**

किशोर किशोरी कक्षा सञ्चालन गर्नको लागि एनिमेटर तालिम लिएको हुनुपर्छ एनिमेटर तालिममा रुही पुस्तक ५ को अध्ययन गरिन्छ । यस्ता खालका तालिमहरूमा पनि विशेष गरेर युवा वर्गहरूको नै बढि सहभागिता रहेको हुन्छ । यी तालिमहरू बढीमा एक हप्ताका हुन्छन् । बालकक्षामा शिक्षकले कक्षामा जानु पूर्व नै आफूले पढाउने कथा गीत खेल प्रार्थना आदि सम्पूर्ण कुराको तयारी गरिसकेको हुनुपर्छ । एनिमेटरले पनि पाठको पूर्व तयारी गरिसकेको हुनुपर्छ र कक्षामा हरेक पाठ पढाउदा धेरै छलफल गर्नुपर्ने हुन्छ । शिक्षक समिक्षामा जस्तै एनिमेटर समिक्षामा पनि आफ्नो अनुभव बाँड्ने एकअर्काबाट सिक्ने छलफलद्वारा समस्याका हल निकाल्ने काम गर्दछन् । सेवा गर्न इच्छुक भएको बहाईहरूले यस्ता तालिम पुरा गरी हप्तामा एकदिन समय मिलाएर बालकक्षा र किशोरकिशोरी कक्षा सञ्चालन गर्न सक्छन् ।

**अध्ययन कक्षा :**

बहाई धर्मको विकास र प्रर्वद्धनको लागि अनुयायीहरूलाई ज्ञान अर्न्तदृष्टि र सीप प्रदान गर्नको लागि श्रृंखलाबद्ध अध्ययन पाठ्य सामाग्रीको प्रयोग भइरहको छ। जसमा स-साना समूहमा एक जना अनुभवी शिक्षकद्धारा कक्षा सञ्चालन गर्दछन् । यो श्रृंखलालाई पनि मुख्यतयाः तीन समूहमा बाँडिएको छ। पहिलो समूह पुस्तक एक देखि पुस्तक सात सम्मले मानव जातीको सेवा

गर्न व्यक्तिको क्षमता विकास गर्दछ । दोस्रो पुस्तक आठ देखि बाह्र ले व्यक्ति र समुदायका पुस्तकहरूले व्यक्ति र समाजको विकासमा केन्द्रित छ। पुस्तकका विवरण यसप्रकारका छन् ।

तालिका २: *अध्ययन कक्षाका पाठ्यपुस्तकहरू*

| *पाठ्यपुस्तकहरू* | नाम | सेवाकार्य |
|---|---|---|
| पुस्तक एक | आत्माको जीवनबारे चिन्तन | |
| पुस्तक दुई | सेवाको मार्गमा उठ्ने | |
| पुस्तक तीन | बालबालिकाको कक्षा शिक्षण तह १<br>बालबालिकाको कक्षा शिक्षण तह २<br>बालबालिकाको कक्षा शिक्षण तह ३<br>बालबालिकाको कक्षा शिक्षण तह ४ | |
| पुस्तक चार | युगल अवतारहरू | |
| पुस्तक पाँच | किशोर किशोरीहरूको क्षमता प्रस्फुटन गर्न | |
| पुस्तक छ | धर्मको शिक्षण | |
| पुस्तक सात | सेवाको मार्गमा सँगसँगै हिड्ने | |
| पुस्तक आठ | बहाउल्लाहको संविदा | |
| पुस्तक नौ | ईश्वरको शाश्वत संविदा | |
| पुस्तक दश | चलायमान समुदायहरूको विकास | |
| पुस्तक एघार | भौतिक साधन | |
| पुस्तक बाह्र | परिवार र समुदाय | |
| पुस्तक तेह्र | सामाजिक कार्यमा संलग्न | |
| पुस्तक चौध | सार्वजनिक सवालमा सहभागिता | |

(स्रोत: *राष्टिय प्रतिष्ठान डेस्क, रुही प्रतिष्ठान* https://www/ruhi.org)

**ट्युटर तालिम तथा समिक्षा**

ट्युटर तालिममा सहभागी हुनको लागि कम्तिमा रुही पस्तक १ देखि ७ सम्मको पुस्तक अध्ययन गरिसकेको हुनुपर्छ । ट्युटर तालिम लिइसकेपछि आफ्नो समुदायको नयाँ अनुयायीहरूलाई आफै प्रार्थना सभाहरू सञ्चालन गर्न प्रोत्साहन गर्नको लागि र धर्मको शिक्षण गर्नको लागि पनि ट्युटरहरूले विशेष गरेर रुही पुस्तक १ देखि पुस्तक ५ का अध्ययन कक्षा सञ्चालन गर्दछन् ।

**४.४.४ गैर शैक्षणिक कार्यक्रमहरू**

**भक्तिभाव कार्यकम (प्रार्थना सभा):**

प्रार्थना सभा एक महत्वपूर्ण कियाकलाप हो, जसको माध्यमबाट अनुयायीहरूको हृदयलाई ईश्वरको सामु पुऱ्याउने काम गर्दछ । यस्ता प्रार्थना सभाहरू स्थानीय आध्यात्मिक सभाका सबै सदस्यहरूले र अन्य बहाई धर्म अनुसरण गर्नेहरूले पनि आफ्नो घरमा धेरैजसो साप्ताहिक र कहिलेकाहि महिनामा दुईपटक आयोजना गर्दछन् । यस्ता प्रार्थना सभाहरूमा आफन्त छिमेकी र अन्य साथी र जो गैर बहाईहरू छन् , तिनीहरूलाई पनि समावेश गराउँदछन् । यसैको माध्यमबाट बाब बहाउल्लाहको महिमाको बारेमा उनीहरूलाई बताउछन् । बाब, बहाउल्लाह र अब्दुल बहाले लेखेका थुप्रै प्रार्थनाहरू गरेर उनीहरू यस धर्तीमा आउनुका मुख्य उद्देश्य मानव एकता नै हो भनेर शिक्षण गर्छन् । यहाँ बहाई प्रार्थनाहरूको बारेमा वर्णन गरिने छ । कहिलेकाहि गैर बहाईको घरमा गएर पनि प्रार्थना गर्ने गर्दछन् ।

**गृह भ्रमण :**

गृह भ्रमण एक प्रचार-प्रसारको औजार हो । अनुयायीहरूले छरछिमेकमा भएको भर्खरको नँया अनुयायीहरू तथा सकिय नभएका अनुयायीहरूलाई नियमित रुपमा भट्ने कार्यकम हो । यस कार्यकमको मुख्य उद्देश्य अनुयायीहरूलाई समुदायका विभिन्न कार्यकमहरू जस्तै प्रार्थना सभा, उन्नाइस दिने सहभोज , पवित्र दिन मनाउने समिक्षा भेला आदिमा सहभागी हुन प्रोत्साहन गर्नु हो । त्यसैगरी गृह भ्रमणमा रुही पुस्तक दुईमा अध्ययन गरेका विषयबस्तुहरू जस्तै ईश्वरका शास्वत संविदा बहाउल्लाहका जीवनी परामर्शका महत्व उन्नाइस दिने सहभोज, बालकक्षा र

किशोरकिशोरी कक्षाको महत्व, शिक्षणको महत्वको बारेमा फरक-फरक भेटघाटमा प्रस्तुत गर्छन् । साथसाथै उक्त अनुयायीहरूको घरमा भक्तिभाव कार्यक्रम सञ्चालनको लागि पहल गरिन्छ ।

**समिक्षा भेला :**

समुदायमा धर्मको गत तीन महिनाका प्रचार-प्रसारका अवस्था बुझ्न र आगामी महिनाको लागि सामुहिक प्रचार-प्रसारका योजना बनाउन प्रत्येक तीन-तीन महिनामा अनुयायीहरूको संयुक्त भेला नै समिक्षा भेला हो । यो हरेक वर्ष मार्च, जुन, सेप्टेम्बर र डिसेम्बर महिनामा आयोजना गरिन्छ । समिक्षा भेलामा विगत तीन महिनामा हाँसिल गरेका उपलब्धिहरू र नयाँ सिकाईहरू बाँड्न काम गर्दछ । जसबाट थप अनुयायीहरूलाई हौसला प्राप्त हुन्छ । त्यसैगरि प्रार्थना सभा, बालकक्षा, किशोकिशोरी कक्षा, अध्ययन कक्षा, गृह भ्रमण र शिक्षण आदिमा भएको सिकाईहरू पनि साटासाट गर्दछन् ।

समिक्षा भेलामा आगामी तीन महिनाका लागि थप कार्यक्रमहरू गर्नका लागि योजना बनाएर प्रस्तुत गर्दछन् । विशेष गरि पहिलो दुई हप्ता प्रत्यक्ष शिक्षणको समय हो । जसमा अनुयायीहरूले शिक्षण दल बनाएर शिक्षण गरि नयाँ अनुयायीलाई निम्ता गर्दछन् । र बाँकी समयमा अनुयायीहरूलाई सुदृढ गर्न अध्ययन कक्षा, उन्नाइस दिने सहभोज भक्तिभाव कार्यक्रममा संलग्न गराँउछन् । यस समिक्षा भेलामा विभिन्न स्थानीय आध्यात्मिक सभाबाट अनुयायीहरू र धर्मका मित्रहरू सहभागी हुन्छन् । समिक्षा भेलामा बालबालिका, किशोरकिशोरीहरू र युवाहरूले आफ्नो कला प्रस्तुत गर्दछन् ।

**क्षेत्र विकास समिति :**

क्षेत्र विकास समितीमा सातजना सदस्यहरू रहेका हुन्छन् । यी सदस्यहरूलाई राष्ट्रिय आध्यात्मिक सभाले एक वर्षको लागि नियुक्त गरेको हुन्छ । यस समितीको प्रमुख काम आफ्नो क्षेत्रका (जस्तै ललितपूरमा भएको सबै बहाई समुदायहरू) सबै बहाई समुदायहरूमा बालकक्षा किशोरकिशोरी कक्षा, अध्ययन कक्षा, प्रार्थना सभाहरू सञ्चालन गर्न र कक्षाहरू बढाउन त्यहाँका बहाईहरूलाई भेटघाट गर्ने उनीहरूलाई प्रोत्साहन गर्न र मद्धत गर्नु हो । अर्थात आफ्नो क्षेत्रका

सबै समुदायहरूमा बहाई गतिविधीहरू निरन्तर रुपमा अगाडि बढाउन समितीका उद्देश्य र जिम्मेवारी पनि हो ।

तालिका ३: *काठमाण्डौ उपत्यकामा २०२१ ई.स.मा भएका क्रियाकलापहरूको सारांश*

| **समुदाय** | **भक्तिभाव कार्यक्रम** | | **बहाई बालकक्षा** | | **किशोरकिशोरी कार्यक्रम** | | **अध्ययन कक्षा** | | **बहाई जनसंख्या** |
|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | सहभागी | संख्या | सहभागी | संख्या | सहभागी | संख्या | सहभागी | |
| इमाडोल | ४ | २२ | १ | ५ | १ | ६ | २ | १४ | १५ |
| काठमाण्डौ | ५ | ४० | १ | २ | | | | | २०० |
| कपन | ३ | १५ | | | १ | ७ | २ | ९ | १२ |
| गोदामचौर | २० | ६० | १ | १० | ४ | २३ | | | ३६ |
| भैसीपाटी | १ | ५ | | | | | १ | ६ | १३ |
| सुनाकोठी | ६ | १८ | १ | १० | २ | ७ | २ | १० | २६ |
| जम्मा | ३९ | १६० | ३ | २२ | ८ | ४३ | ७ | ३९ | |

स्रोत: *स्थानीय आध्यात्मिक सभाका सचिवहरू*

### ४.४.५ सम्मेलन  तथा कार्यशालाहरू

### युवा सम्मेलन

विश्व न्याय गृहको आह्वानमा संसारभरी ११४ वटा युवा सम्मेलनहरू जुलाई देखि अक्टोवर २०१३ मा सम्पन्न भयो । जस मध्ये दुईवटा सम्मेलनहरू नेपालको विराटनगर र नेपालगजंमा सम्पन्न भएको थियो । विराटनगरको सम्मेलनमा नेपाल लगायत सिक्किम, दार्जलिङ र भुटानका गरि करिब ३ हजार युवाहरूको जमघट भएको थियो। त्यसैगरि नेपालगञ्जंको सम्मेलनमा करिब ४  हजार भन्दा बढि युवाहरूले सहभागीता जनाएका थिए । दुई जना महाद्धिपिय

सल्लाहकारहरूको उपस्थितिमा अत्यन्तै आध्यात्मिक वातावरणमा यो युवा सम्मेलन आयोजना भएको थियो ।

सम्मेलनमा सामुहिक अध्ययनका लागि विशेष रुपमा तयार गरिएको युवा सम्मेलन अध्ययन सामाग्रीको छलफल भएको थियो। अध्ययन सामाग्रीमा युवा अवधि, किशोर अवस्था, आपासी सहयोग र सहायता बढाउने, युवा तथा समुदाय निर्माण सभ्यताको विकासको लागि योगदानमा विषयवस्तुहरू थिए । यी दुई युवा सम्मेलनहरू नेपालमा बहाई धर्मको प्रचारप्रसार र सुदृढिकरणमा कोशेढुङ्गा सावित भएको पाइन्छ । यी सम्मेलनहरूमा सामुहिक अध्ययन, भक्तिभाव कार्यक्रम, गीत संगीत, नाटक, नृत्य, आदीको विशेष प्रस्तुती भएको थियो। आध्यात्मिक वातावरणमा सम्पन्न उक्त सम्मेलन युवाहरूले अझै पनि सम्झेको पाइन्छ (सामुहिक छलफल) ।

युवा सम्मेलनको उद्देश्यको बारेमा विश्व न्याय गृह लेख्छन् ‘‘तपाईहरू समुदाय निर्माण गर्ने कृयाकलाप लगायत अरुहरूको प्रयासहरूमा आयोजना गर्ने, संयोजन गर्ने अथवा व्यवस्थापन गर्ने काम समेत गरेर सेवाको क्षेत्रमा उत्रिसक्नु भएको छ, यी सबै प्रयासहरू तपाइहरूले आफ्नो काँधमा झनझन बढी उत्तरदायित्व बहन गर्न थाल्नु भएको छ। आश्चर्य मान्नु पर्ने छैन की नव युवा, र बाल बालिका समेतको नैतिक तथा आध्यात्मिक विकास र तिनीहरूको सामुहिक सेवा र सच्चा मैत्रीको क्षमता विकासमा तिनीहरूलाई सहयोग गर्ने काममा सबभन्दा बढि अनुभव तपाइहरूकै समुहले हासिल गर्दै छ । आखिरमा, यी युवा आत्माहरूले पार गर्नु पर्ने विभिन्न खतराहरू र अवसरहरू पनि भएको यस संसार बारे सचेत भएकोले तपाइहरूले यी तपाइ भन्दा कम उमेरका युवाहरूलाई तिनीहरूको चरित्र सुर्धान र तिनीहरूका समुदायहरूको भलाइको लागि जिम्मेवारी बहन गर्न सहयोग गरि रहनु भएको छ (राष्ट्रिय आध्यात्मिक सभा, २०१४, पृष्ठ २) ।

**युवा अवधिः**

युवाहरूमा मानवताको भाग्यमा योगदान पुऱ्याउने कार्यको लागि आध्यात्मिक र बौद्दिक विकासका लागि केहि गरौ भन्ने आकांक्षा रहेको हुन्छ । युवाहरूमा अचम्मको क्षमता अर्न्तनिहित हुन्छ । विश्वका युवाहरू बहाउल्लाहको एक आध्यात्मिक र भौतिक रुपमा समृद्द संसारको दिव्यदृष्टिप्रति सचेत छन् । यिनिहरूलाइ प्रशिक्षण प्रतिष्ठानका कार्यक्रमहरूमा संलग्न गराउदा,

यिनिहरू सेवाको मार्गमा हिड्न सक्ने हुन्छन् । यस मार्गमा रहदा उनीहरूले बहाउल्लाहका शिक्षाहरूलाई सामाजिक जीवनमा लागु गर्ने क्षमताको विकास गर्दछन् । समाजसेवाको बारेमा जोड दिएका सम्मेलनमा युवाहरूलाई बाल कक्षा किशोर कक्षा, अध्ययन कक्षा संचालनका लागि आवश्यक ज्ञान अर्न्तदृष्टि र सिप बढाउने पाठ्य सामाग्री समावेश गरि त्यसमा सशभागी हुन आह्वान गरिएको छ ।

**युवा तथा समद्वदाय निर्माण**

विश्वव्यापी बहाई समुदायको प्रयासलाई मार्गनिर्देशन गर्ने कार्यको प्रारुपका केहि तत्वहरूमाथि संक्षिप्त रुपमा पुनरावलोकन गर्नु आवश्यक छ । बहाउल्लाहको शिक्षाबाट प्रेरित एउटा नयाँ समाजको निर्माण गर्नको लागि बहाई समुदायहरूका धेरै जसो कार्य एउटा क्लस्टरको सन्दर्भमा गरिन्छ, जहा एउटा व्यवस्थित भौगोलिक क्षेत्र हुन्छ, जसमा गाउँहरू तथा सम्भवतः एउटा छोटो नगर या एउटा ठूलो शहर एवं त्यसको उपनगर हुन्छ । प्रत्येक क्लस्टरमा बहाई शिक्षाहरूको प्रयोगको माध्यमबाट परिवर्तनहरूको प्रक्रियाको तीन मुख्य निकायहरू अर्थात : व्यक्ति, समुदाय र सामाजिक विकासको लागि बढवा दिनको लागि सक्षम धेरै भन्दा धेरै मानिसहरूलाई संस्थान प्रक्रियाको माध्यमबाट विकास गर्नु, यस्तो जिवान्त स्थानीय समुदायहरूको निर्माण गर्नु जहा "व्यक्ति, परिवार र संस्थाहरू... मिलेर एउटा साझा उदेश्यको लागि यसका सिमाहरू भित्र र बाहिर रहने मानिसहरूको कल्याणको लागि (कार्य गर्दछन्) "[२३], तथा सेवा दिनेको लागि इच्छुक कुनै मित्रहरूको जोडतोडले कोसिस गर्ने मानिसहरूको संख्या र प्रभावशालिताको आधारमा तथा स्थानीय समुदायहरू र संस्थाहरूलाई बलियो एवं प्रगतिको आधारमा सबै क्लस्टर आवश्यक रुपले विकासको भिन्न भिन्न स्तरहरूमा हुन्छन् ।

**सभ्यताको विकासको लागि योगदानः**

भौतिक सभ्यता भनेको दिपक जस्तै हो, जब कि आध्यात्मिक सभ्यता भनेको त्यसबाट निस्कने प्रकाश हो । जब भौतिक र आध्यात्मिक सभ्यताको संयोजन हुन्छ, तब हामीमा दिपक र प्रकाशको संयोजन हुन्छ र त्यसको नतिजा पनि पूर्ण हुन्छ । एक नया सभ्यताको निर्माणको लक्ष्यको लागि समाजलाई व्यवस्थि तगर्ने तरिकामा तथा व्यक्तिहरूको आचार र व्यवहारमा पूर्ण

परिवर्तनको आवश्यकता पर्दछ । यस सम्बन्धमा, बहाउल्लाहका शिक्षाहरूले निंदिष्ट गर्दछन् कि ‘‘मानव जातिको पुरै चरित्रमा परिवर्तन गर्नको लागि एक यस्तो परिवर्तन जुन स्वयमको बाहिरी र आन्तरिक दुबै रुपमा प्रकट हुन्छ, र जसले यसको आन्तरिक र बाहिरी दुबै परिस्थितिहरूलाई प्रभावित गर्दछ ।

**किशोर अवस्थाः**

१२ देखि १५ बिचको उमेर भएका तथा बाल्य अवस्थाबाट युवा अवस्थाको बिचको परिवर्तन देखाउने किशोरले तिव्र, शारिरिक, बौद्दिक र भावनात्मक परिवर्तनको अनुभव गर्दछन्। उनीहरूमा आध्यातिमक शक्ति विकसित हुन्छ। जगरुकताको एउटा नया स्तर उनीहरूको मनमा उठेको गहण प्रशनहरू प्रति र उनीहरूको प्रतिभा एवं योग्यताहरू प्रति बढि रहेको रुचीलाई प्रोत्साहन मिल्दछ। तिनीहरूमा ‘‘अवलोकन गर्ने क्षमताहरू पनि विस्तृत र गहण ” हुन्छन्। अब्दुलबहाले भन्नु भएको छ की, तिनीहरूमा बौद्दिक क्षमताहरू पनि ‘‘प्रशिक्षित एवं जागृत” भएका हुन्छन्। यो तीन वर्षको छोटो र निर्णयात्मक अवधीमा व्यक्ति र समाजको बारेमा यस्तो विचारको निर्माण हुन्छ जुन लगभग पुर्ण रुपले उनीहरूका बाकी जीवनलाई आकार प्रदान गर्दछ। तर यी नया शक्तिहश्र खुशीको साथ प्राय चिन्ता, बेचैनी, शैकाको भावनासगं मिश्रत हुन्छन् जसको कारण व्यवहारमा अन्तर विरोध उत्पन्न हुन सक्छ। अतः यस उमेरमा उनीहरूका नया योग्यताहरूलाई मानव जातीको निस्वार्थ सेवातिर मार्गदर्शन गर्नु आवश्यक छ ।

## ४.५ काठमाण्डौ उपत्यकामा बहाई धर्मको संस्थागत विकास

बहाउल्लाहले आफ्नो कानुनको पुस्तक किताब इ अक्दासम बहाई संस्थाको बारेमा यसरी उल्लेख गरेका छन् । “ईश्वरले आदेश दिएका छन कि हरेक शहरमा न्याय गृहको स्थापना हुनेछ । जसमा बहाको संख्याको सल्लाहकारहरू भेला हुनेछन् । र यो संख्या बढी भए पनि तिनीहरूले आफुलाई ईश्वरको दरबारमा प्रवेश गरेको महशुस गर्दै अति उच्च, सर्वोच्च ईश्वर जो अदृश्य छन् , लाई देखे सरह गर्नुपर्दछ । मानिसहरू बिचमा दयालुको भरोसायोग्य व्यक्ति र पृथ्वीमा बस्नेहरू सबैका लागि आफुलाई परमेश्वरद्धारा नियुक्त अभिभावक ठान्नुपर्छ । तिनीहरूको यो कर्तव्य छ कि तिनीहरूले एक आपसमा सरसल्लाह गरुन र ईश्वरका सेवकहरूको हितको

ख्याल राखुन । उनको खातिर तिनीहरूले आफ्नै हित जस्तै ठानेर ईश्वरका सेवकहरूको लागि उचित र उपयुक्त निर्णय गरुन् । यो परम प्रभु तिमीहरूका परमेश्वरको आदेश हो सावधान बन कि धर्मपत्रमा स्पष्ट रुपमा प्रकट गरिएको कुरालाई तिमीले बेवास्ता गर्ने छैनौ । ईश्वरसँग डराउ, है समझदार मानिस" । त्यसै गरी बहाई संस्थाहरूको विकास र प्रर्वधन बहाउल्लाह पछि संविदाका केन्द्र अब्दुल बहा र धर्म संरक्षक शोधी एफेन्दीको कार्यकालमा भयो । बहाई संस्थाहरू विशेषत तीन प्रकारका हुन्छन् ।

बहाई संस्थाको विकास कहिले र कसरी भयो ? भन्ने प्रश्नलाई बुझ्नको लागि पहिला बहाउल्लाहको संविदालाई बुझ्न आवश्यक छ । यसमा बहाउललाहले आफ्ना अनुयायीहरूलाई कहिल्यै  पनि दैवी मार्गदर्शनबाट बञ्चित नर्गने प्रतिज्ञा गरेका छन् ।

अतितमा ईश्वरीय अवतारको मृत्युपछि अनुयायीहरूको बिचमा अन्योलमा छायो र उनीहरूको नेतृत्व र मार्गनिर्देशन कसले गर्ने भन्नेबारेमा पनि स्पष्ट नभएको पाइन्छ । । उदाहरणको लागि गास्पेलमा येशुको मृत्यपछि यसैगरि अनुयायीहरू अन्योलमा परेका थिए । फलस्वरुप येशुका अनुयायीहरू भिन्न समूह एवं सम्प्रदायमा विभाजित भए र कहिलेकाही उनको नाममा एक अर्कासँग लडाँइ र एक अर्काको हत्या गर्न थाले । त्यसकारण  बहाउल्लाहले आफ्नो धर्मको संरक्षण, सर्म्बधन, विकास गर्नको लागि  यसमा फाटो हुन नदिनको लागि अब्दुल बहालाई संविदाको केन्द्रविन्दु भनेर आफनो वसियतनामा र इच्छापत्रमा उल्लेख गरेका थिए । यसपछि अब्दलबहाले शोघी एफेन्दीलाई धर्म संरक्षण भनेर आफ्नो इच्छापत्रमा नियुक्त गरे । परिणाम स्वरुप आफ्नो कार्यकालमा शोघी एफेन्दीले बहाउल्लाहले तर्जुमा गरेका प्रशासनिक व्यवस्थालाई स्थापना गर्ने क्रममा ठूलो योगदान गरे । उनले स्थानीय र राष्ट्रिय आध्यात्मिक सभाहरूको विकास गर्ने कार्यलाई त्यो विन्दुसम्म पुऱ्याए । कि उनको मृत्युको ६ वर्षपछि नै विश्व न्याय गृहको पहिलो निर्वाचन सम्भव भयो संविदाकै कारणले गर्दा बहाई धर्ममा एकता र एकरुपता आउन सक्यो । अब्दुल बहाले भनेका थिए कि संविदा नभएको भए बहाई समुदाय पनि एकै दिनमा "पहिलेका युगहरूमा झै हजारौ सम्प्रदायमा विभाजित हुन जान्थ्यो ।" यसैकारण अब्दुल बहाले भनेका छन कि "मानव एकताको आधारशिला भनेको अरु केही पनि होइन बरु यो संविदाको शक्ति नै हो ।" यही कारणले गर्दा नै बहाई संस्थाहरूको स्थापना भएको देखिन्छ (एलान, ई.स. १९६४, पृ. ७) ।

बहाई धर्मका विस्तार र संरक्षणका लागि बहाई प्रशासनका दुई अंगहरूविच सामजस्यता र सहयोग रहेको छ । यी दुई अंगहरूलाई विद्धान वर्ग र शासक वर्ग गरि बुझ्न सकिन्छ । शासक वर्ग अर्न्तगत स्थानीय आध्यात्मिक सभा, राज्य बहाई परिषद, राष्ट्रिय आध्यात्मिक सभा र विश्व न्याय गृह पर्दछन् । यी संस्थाहरूले सहमति वा बहुमतका आधारमा धर्मको विस्तार र सुदृढिकरणका लागि आवश्यक पर्ने पुरस्कार र दण्डका पनि व्यवस्थापन गर्दछन् । यी शासक वर्गमा अनुयायीहरूको मतदानबाट निश्चित अवधिका लागि निर्वाचित हुन्छन् । जस्तै राष्ट्रिय आध्यात्मिक सभा, राज्य बहाई परिषद , र स्थानीय आध्यात्मिक सभा, हरेक वर्षमा निर्वाचित हुन्छन् र विश्व न्याय गृहमा प्रत्येक पाँच वर्षमा निर्वाचन हुन्छ । बहाई संवत १७८ का नेपालका राष्ट्रिय आध्यात्मिक सभाको सदस्यहरूको नामावली यस्तो रहेको छ ।

१) रामऔतार राना (अध्यक्ष), २) दिर्घ विक्रम शाह, ३) प्रभा चौधरी, ४) जय नारायण विश्वास, ५) शोभा पौडेल, ६) चितनारायण चौधरी, ७) देवराजराज राना, ८) ऋषिराम खड्का, ९) चन्द्रकान्त पौडेल

त्यसैगरी बहाई धर्मको विद्वान् वर्गमा अन्तराष्ट्रिय सल्लाहाकारहरू (नौ जना) , महाद्धिपयि सल्लाहकार (करिब चौधसय), हजारौ सहायकहरू रहेकाछन् । विद्वान वर्गमा नियुक्त हुन्छ । जसले मुख्यतः निर्णय गर्दैन तर धर्मको प्रर्वद्धन र संरक्षणको लागि आवश्यक पर्ने सल्लाह र सुझावहरू धर्मको निर्वाचित संस्थाहरूलाई दिने काम गर्दछ । अन्तराष्ट्रिय सल्लाहकार र सहायक मण्डल सदस्यहरूको नियुक्त पाँच-पाँच वर्षको हुन्छ । महाद्धिपीय सल्लाहकारहरूले राष्ट्रिय आध्यात्मिक सभा र राज्य बहाई परिषदलाई प्रत्यक्ष सहयोग र सल्लाह दिन्छन् । त्यसैगरि सहायक मण्डल सदस्यहरूले स्थानीय आध्यात्मिक सभा र व्यक्ति बहाईहरूसँग मिलेर धर्मको विस्तार र संरक्षणको  काम गर्दछन् यी विद्वान वर्गको संस्थाको सदस्यहरू व्यक्तिगत रुपमा काम गर्ने भएकाले छिटो र छरितो हुन्छ । विद्धवान् वर्गको कार्यको बारेमा अब्दुल बहाले आफ्नो इच्छापत्रमा लेख्छन् “दैवी सुवासहरू फैलाउने मानव आत्माहरूको लागि शिक्षित गर्ने ज्ञानलाई बढाउने सबै मानिसहरूको चरित्र सुधार्न तथा सबै समय र सबै परिस्थतीहरूमा सांसारीक वस्तुहरू भन्दा पवित्र एवं अनाशक्त रहन भनेका छन्”(अब्दुल बहा, २०२१क, पृ. २५-२६) ।

बहाई धर्मको विकासको सर्न्दभमा काठमाण्डौ उपत्यकामा विकासको कमलाई हेर्दा यहाँ धर्ममा विभिन्न संस्थाहरू विद्यमान रहेको पाइन्छ । नेपालको बहाईहरूको राष्ट्रिय आध्यात्मिक सभाको कार्यलय बानेश्वरमा रहेका छ । जहाँ काठमाण्डौ स्थानीय आध्यात्मिक सभाको कार्यलय पनि रहेको छ । त्यसैगरि कपन स्थानीय आध्यात्मिक सभाको कार्यलय र बहाईहरूको समाधिस्थल कपनमा रहेको छ । त्यसैगरि सुनाकोठीमा स्थानीय आध्यात्मिक सभा अर्न्तगत ठेचोमा बहाई मन्दिरको जग्गा छ । जहाँ बहाई शिक्षक तालिम केन्द्रको कार्यलय रहेको छ । उपत्यकामा रहेका अन्य तीन स्थानीय आध्यात्मिक सभाहरू इमाडोल आध्यात्मिक सभा, भैसेपाटी आध्यात्मिक सभा, गोदामचौर आध्यात्मिक सभा हुन र यी सभाहरू विगत १५ देखि २० वर्ष अघिदेखि निरन्तर कार्यरत छन् । काठमाण्डौ उपत्यकामा भएको स्थानीय आध्यात्मिक सभाहरू मध्ये काठमाण्डौ स्थानीय आध्यात्मिक सभा सबैभन्दा पुरानो वा जेठो हो । जुन सन् १९५८ देखि ५९ मा स्थापना भएको पाइन्छ । यसै गरि पाटन स्थानीय आध्यात्मिक सभा पनि पुरानो स्थानीय आध्यात्मिक सभाहरू मध्ये एक हो । पाटन स्थानीय आध्यात्मिक सभा विस्तारित भएर हाल भैसेपाटी स्थानीय आध्यात्मिक सभा सुनाकोठी स्थानीय आध्यात्मिक सभा र इमाडोल स्थानीय आध्यात्मिक सभा बनको छ । काठमाण्डौ उपत्यकामा धर्मको विकास हेर्दा, श्री भारदत्त कोइराला १९८५ का दशकमा महाद्विपिय सल्लाहकार भएको पाइन्छ । त्यस गरि कयौ बहाईहरूले सहायक मण्डल सदस्यको भूमिका निभाएको पाइन्छ । सयौ सहायक मण्डल सदस्यहरू र स्थानीय सभा तथा समुदायहरूलाई धर्मको विस्तार र संरक्षणमा आफ्नो पवित्र कर्तब्य निभाएको पाइन्छ  केहि विभिन्न समय अवधिमा सहायक मण्डलहरू यस प्रकार छन् :

१) भिम कुमारी रञ्जित, २) जो-एन कोइराला, ३) श्यामा शाक्य, ४) साधुराम तामाङ्ग, ५)मार्सित कोइराला, ६) केशव थपलिया, ७) मुकुल आचार्य, ८) कमला थापा, ९) अर्जुन नेपाली, १०) प्रभा चौधरी, ११) नीता थापा (अर्न्तवार्ताः साधुराम तामाङ्ग, २०७८ मंसीर २०)

### ४.५.१ विश्व न्याय गृह :

यो बहाई धर्मको सर्वौच्च अन्तराष्ट्रिय संस्था हो । यसका सदस्यहरू संसारभरका राष्ट्रिय आध्यात्मिक सभाका सदस्यहरूदारा निर्वाचित नौ जना धर्मका विशिष्ट र विशुद्ध आत्माहरू हुन । यस चुनावमा प्रत्येक संसारभरमा राष्ट्रिय आध्यात्मिक सभाका नौ जना सदस्यहरू मतदाता

हुन्छन् । तर उनीहरूले संसारभरका कोही पनि २१ वर्षदेखि माथि पुगेका नौ जना वयस्सकहरू ५ वर्षको लागि निर्वाचित गर्दछन् । बहाउल्लाहले आफूलाई ईश्वरीय अवतारको रुपमा घोषणा गरेको ठिक एक सय वर्ष अप्रील सन् १९६३ मा विश्व न्याय गृहमा पहिलो निर्वाचन इजरायलको हाईफामा सम्पन्न भयो । त्यसपछि प्रत्येक ५ वर्षमा यसको कार्यलय हाइफाको माउन्ट कार्मेलमा अवस्थित छ । विश्व न्याय गृहले संसारभरी बहाई धर्मको संरक्षण, प्रर्वधन र निकाय गर्दछ (एलान, ई.स. १९६४, पृ. १२)।

विश्व न्याय गृहको बारेमा संविदाको केन्द्र अब्दुल बहा लेख्दछन्- पवित्र र तरुण हाँगो,ईश्वरको धर्मको संरक्षकको साथसाथै विश्वव्ययापी रुपमा निर्वाचित र स्थापित हुने विश्व न्याय गृह दुबै आभा सौन्दर्यको हेरचाह सुरक्षामुनि उनै गौरवशाली (मेरो जीवन उनीहरू दुबैमा समर्पित होस्) को छहारी र निर्मल मार्गदर्शनमुनि छन् । उनीहरूले जे निर्णय गर्दछन् त्यो ईश्वर कै निर्णय हो । जसले उनको आज्ञापालन गर्दैन उनीहरूले ईश्वरको आज्ञापालन गरेको हुदैन जसले उनी र उनीहरू विरुद्ध विद्रोह गर्छ उसले ईश्वरको विरोध गरेको हुन्छ । जसले उनीहरूसँग बहस गर्छ उसले ईश्वरसँग बहस गरेको हुन्छ । जसले उनीहरूसँग विवाद गर्छ उसले ईश्वरसँग विवाद गरेको हुन्छ जसले उनलाई इन्कार गर्छ उसले ईश्वरलाई इन्कार गरेको हुन्छ जसले उनीमाथि अविश्वास गर्छ उसले ईश्वरमाथि अविश्वास गरेको हुन्छ जो उनीमाथि विचलित हुन्छ आफैलाई अलग्याउछ र विमुख हुन्छ । उसले वास्तवमा नै आफूलाई ईश्वरबाट विचलित गरेको हुन्छ । ईश्वरको कोध घोर आकोस र प्रतिशोध उनीमाथि परोस् (अब्दुल बहा २०२१क, पृ.२१-२२) ।

### ४.५.२ राष्ट्रिय आध्यात्मिक सभा

कुनैपनि देशमा बहाईहरूको संख्या प्रशस्त मात्रामा रहेको छ भने त्यहा राष्ट्रिय आध्यात्मिक सभाको गठन गरिन्छ । राष्ट्रिय आध्यात्मिक सभाका सदस्यहरूले मात्र विश्व न्याय गृहका सदस्यहरू चुन्न सक्दछन् । त्यस कारणले गर्दा शोघी ऐफेन्दीले राष्ट्रिय आध्यात्मिक सभा हुनसक्ने अवस्थासम्म प्रशासनिक व्यवस्थालाई विकास गर्नुपर्ने कुरा जोड दिएका छन् ।

आफनो देशभित्र वा क्षेत्रका सम्पूर्ण बहाई समुदायहरूका क्रियाकलापहरूलाई मार्ग दर्शन दिने वा तिनको समन्वय गर्ने जिम्मेवारी राष्ट्रिय आध्यात्मिक सभाको हो । विश्व न्याय गृहको

निर्देशनमा राष्ट्रिय आध्यात्मिक सभाले कार्य गर्दछ। बहाई कृतिहरू तथा पुस्तकहरूको प्रकाशन र वितरणको सुपरिवेक्षण गर्ने काम मन्दिर र अन्य राष्ट्रिय सम्पत्तिहरूको मर्मत संभार गर्ने काम र कोषको व्यवस्थापन र सञ्चालन गर्ने काम सबै यहि संस्थाको दायित्व हो। शिक्षण सम्बन्धि आवश्यक पर्ने सम्पूर्ण निर्देशन दिने, समुदायका लक्ष्यहरूको निर्धारण आध्यात्मिक सभाले अनुयायीहरूलाई व्यक्तिगत वा सामुहिक रुपमा धर्म सम्बन्धी गहन ज्ञान हासिल गर्नको लागि कक्षाहरू वा बहाई पाठशालाहरूको पनि  प्रबन्ध मिलाउछ। बहाई समुदायहरूको बिचमा भएका मतभेदहरू वा वैमनस्यताका भावनाहरूको पनि यसले निराकरण गर्दछ । र समुदायहरूमा एकताको भावनालाई कायम राख्न हर सम्भव प्रयास गर्दछ। पाठशालाहरूको पनि यसले निराकरण गर्दछ (एलान, ई.स. १९६४, पृ. १०६)।

प्रत्येक वर्ष देशका हरेक भागबाट आएका प्रतिनिधीहरूले राष्ट्रिय आध्यत्मिक सभाको चुनाव गर्दछन् । संसारभरी एकैदिन २१ अप्रिल रिज्जवान पर्वको वेला यसको चुनाव सम्पन्न गरिन्छ यसमा नौ जना सदस्यहरूलाइृ छानिन्छ।

राष्टिय सभाको असंख्य दायित्वहरूमा संस्थाहरू र समुदायको निरन्तर मार्गदर्शन तथा प्रोत्साहन गर्न, मित्रहरूलाई उनको क्लष्टरहरूमा विकासको प्रकृयालाई तीव्रगति दिनमा सहयोग गर्न जसमा ग्रामिण क्षेत्र पनि समिल छन् । यस संस्कृतिलाई पनि सुदृढ गर्नाले सिकाई कार्य सञ्चालनको तरिका बन्दछ । बाह्य मामलाहरूको कार्य हेर्न यो सुनिश्चित गर्नुपर्दछ । कि क्लष्टरहरूलाई पर्याप्त र उचित साहित्यहरू उपलब्ध हुनुपर्छ ताकि योजना अनुसार प्रभुधर्मको सन्देश दिन सकियोस् र सुदृढीकरणसँग सम्बन्धित गतिविधीहरूलाई सुचारु रुपबाट चलिरहनु पर्दछ। तथ्यांङ्क प्रतिवेदन कार्यक्रमको उपयोग गर्दै मित्रहरूले यस कुरालाई मद्धत गर्नुपर्दछ। कि त्यो तथ्यांङ्कलाई सूचारु रुपबाट एकत्रित गर्न सकियोस्। क्षेत्रिय र क्लष्टर स्तरमा गतिविधीहरूको लागि आर्थिक सहयोग प्रदान गर्ने र विभिन्न कोषहरूलाई समूचित ढंगले राख्ने वा राख्न लगाउने त्यसको रेकर्ड राख्ने दायित्व पूर्ण प्रबन्ध हो (राष्ट्रिय आध्यात्मिक सभा, २०१९ पृ. ६३-६४)।

### ४.५.३ स्थानीय आध्यात्मिक सभा

स्थानीय आध्यात्मिक सभा कुनैपनि नौ वा त्यो भन्दा बढी बहाईहरूको संख्या भएको खण्डमा त्यहा स्थानीय आध्यात्मिक सभामा नौ जनालाई चुनावदारा चुनिन्छ। स्थानीय आध्यात्मिक

एउटा यस्तो संस्था हो । जसले बहाईहरू बिच घनिष्टतम सम्बन्ध स्थापित गर्दछ । स्थानीय आध्यात्मिक सभाका केही काम र कर्तब्यहरू राष्ट्रिय आध्यात्मिक सभाका जस्तै छन् । आफनो समुदायमा धर्मको शिक्षण गर्न र विस्तार गर्न स्थानीय आध्यात्मिक सभा जिम्मेवार हुन्छ । यसले बहाउल्लाहको दिब्य सन्देशलाई आफ्नो समुदायसम्म पुऱ्याउने योजना बनाउछ तथा अनुयायीहरूलाई सक्रिय शिक्षकको भूमिका निर्वाह गर्न प्रोत्साहन दिने गर्दछ । बालबालिका तथा किशोरकिशोरीहरूलाई आध्यात्मिक, नैतिक तथा बौदिक क्षमता वृदि गर्ने खालका कक्षाहरू सञ्चालन गर्नै व्यवस्था मिलाउछ । अनुयायीहरूलाई धर्मप्रति  गहिरो ज्ञान दिन शिक्षण कक्षाहरूको पनि संचालन गर्ने व्यवस्था मिलाउछ । भक्तिभाव कार्यक्रमको आयोजना गर्ने काममा पनि सघाउछ । यसका साथै उन्नाइस दिने सहभोज, पवित्र दिनहरूको उत्सव मनाउने काममा समेत मद्धत गर्दछ । यसले अनुयायीहरू विचको विवाद र मतभिन्नता पनि समाधान गर्दछ । शोघी ऐफेन्दीले स्थानीय आध्यात्मिक सभाको बारेमा लेख्छन् : “आफ्नो सम्पूर्ण क्षमताको उचित प्रयोग गरेर आफूले सेवा गर्ने व्यक्तिहरूको पूर्ण विश्वास तथा स्नेह प्राप्त गर्ने प्रयास गर्नुपर्दछ” (शोघी एफेन्दी, वि.स. २०४३, पृ. १४३) ।

“समुदायको प्रत्येक सदस्यलाई सहायता, संरक्षण र दिग्दर्शन दिन यस सभाको पवित्र जिम्मेवारी हो । अनि कुनै पनि सदस्यले सभाबाट यस्ता कुराहरूको अपेक्षा राख्दछ भने सभाले ती कुराहरूको  उचित व्यवस्था गरिदिएको हुनुपर्छ” (राष्ट्रिय आध्यात्मिक सभा, वि.स.२०५१, पृ.२७) ।

### ४.५.४ बहाई चुनाव :

स्थानीय र राष्ट्रिय आध्यात्मिक सभाका सदस्यहरूको चयन चुनावद्धारा गरिन्छ । भनेर अगाडी पनि चर्चा गरिएकोले यस शीर्षकमा बहाई चुनावका प्रकृति कस्तो हुन्छ र यो कसरी गरिन्छ भन्ने बारेमा विश्लेषण गरिएको छ । बहाई चुनावहरू आध्यात्मिक प्रकृतिका हुन्छन् । गोप्य मतदानद्धारा चुनाव गरिन्छ । मतदान गर्न प्रत्येक बहाईका महत्वपूर्ण जिम्मेवारी हो । भोट माग्न चुनावका प्रचार गर्न र भोट कसलाई दिने भन्ने बारे चर्चा नगर्न बहाईहरूलाई आग्रह गरिएको छ । यसमा उमेद्धवारको मनोनयन गरिदैन । नौ वा नौ जना भन्दा धेरै वयस्क बहाई भएको कुनैपनि स्थानमा बहाईहरूले आध्यात्मिक सभाको गठन गर्दछन् रिज्वान (बहाईहरूको चाड) को

समयमा प्रत्येक वर्ष अप्रिल २१ तारीखको दिन संसारभरीका बहाईहरूले आफ्नो सभाको चुनाव गर्दछन् । चुनावको सभामा बहाई समुदायका सबै मतदाताहरूलाई मतपत्र दिन्छन् । प्रार्थना सकेपछि प्रत्येक मतदाताले मतपत्रमा विभिन्न नौ जनाको नाम लेख्छन् र नौ भन्दा बढी वा नौ भन्दा कम नाम लेखेमा त्या मतपत्र रद्ध हुन्छ । लेख्न नजान्ने भएमा आध्यात्मिक सभा कुनै एकजना विश्वासिलो व्यक्तिलाई नाम लेख्नका लागि नियुक्त गर्दछ । सबैले मतदान दिइसकेपछि मतपत्रहरूको गणना गरिन्छ । सबैभन्दा बढी मतप्राप्त गर्ने नौ जना व्यक्तिहरू चुनिन्छन् । उनीहरूको लागि खसेका मतहरू मध्येबाट वहुमत प्राप्त गर्नु पर्ने आवश्यकता छैन । नवौ स्थानका लागि यदि कुनै दुईजना व्यक्तिहरूले बराबर मत प्राप्त गरेका छन् भने उनीहरू मध्येको एकजना चुन्नका लागि उपस्थित भएकाहरू मध्येबाट फेरी मतदान गर्छन् । यदि बराबर मत प्राप्त गर्ने दुईजना मध्ये एकजना अल्पसंख्यक समुदायका व्यक्ति छ भने ऊ स्वतः चुनिन्छ । बहाई समुदायमा विविधतालाई विशेष महत्व दिइएको देखिएको छ (फत्हेआजम, २०७४, पृ. ११९) ।

यदि कुनै बहाई चुनाव सभामा आफै उपस्थित हुन सकेन भने उसले आफ्नो मतपत्रलाई खाममा बन्द गरी सभाको सचिवको हातमा पुग्नेगरी हुलाकबाट पठाउनुपर्छ । चुनावका सभामा उपस्थित हुन जान अर्को व्यक्ति मार्फत पनि उसले खामभित्र राम्ररी बन्द गरेर आफ्नो मतपत्र पठाउन सक्छ (राष्ट्रिय आध्यात्मिक सभा, २०००, पृ. १३०-१३१) । चुनाव गर्दा बहाईहरूले याद राख्नुपर्ने कुराहरू या नियमहरू यस प्रकारका छन् ।

१) यदि बहाईहरूले २० अप्रिलको सूर्यास्त पछि र २१ अप्रिलको सूर्यास्त भन्दा पहिले (२४ घण्टा भित्रमा) चुनाव गर्न सकनेन् भने फेरी पुरै वर्ष पर्खिनुपर्छ । अर्को वर्षको २१ अप्रिलको दिन पुनः चुनाव गर्न सक्दछन् ।

२) २१ वर्ष र सो भन्दा माथिका बहाईहरूले मात्रै अध्यात्मिक सभाको सदस्यहरूलाई भोट दिन पाउनेछन् वा त्यसको उमेदवार बन्न पाँउछन् ।

३) बहाईहरूले समुदायभित्रको व्यक्तिहरूको चरित्र, धर्मप्रतिको भक्ति र त्याग, सेवाप्रति सर्मपित, बहाई कियाकलापहरूको गहिरो अध्ययन गरेको वा बुझेको बहाईप्रति ईमान्दार भएको आध्यात्मिक गुण भएको व्यक्तिको पहिचान गरि मतदान दिनु पर्दछ ।

४) मतपत्रमा नाम दोहोरिन गएमा त्यो मत सदर हुदैन ।

५) बहाईहरूले कसले कसलाई भोट दियो वा कसलाई छान्ने भन्ने बारेमा कोसिस नगर्न आग्रह गरिएको छ । यहासम्म की पति र पत्नीविच र निकटम व्यक्तिहरू विच पनि यस बारेमा छलफल नगर्न सुझाव दिएको छ । अर्थात बहाई चुनाव नितान्त गोप्य तरीकाले गरिन्छ । कुनै पनि व्यक्ति अरु विचारबाट प्रभावित नभई यस विषयमा एक्लैले निर्णय गर्नुपर्ने बताइएको छ (हूशमन्द फत्हेआजम, २०४३, पृ.१२२-१२३) ।

बहाई चुनावहरूको प्रकृति र शोोघी एफेन्दीका लेखनीहरूबाट उधृत गरिएका पंक्तिहरू : "होस गर , होस गर जनता र दलहरूको दुषित गन्ध र उनीहरूको हानीकारक प्रणालीहरू जस्तै गोप्य योजना दलगत राजनिती र प्रचारप्रसाका अभ्यासहरू जो नाममा नै घृणीत छन् । बहाई समदायसम्म कहिल्यै नपुगोस , साथीभाईहरूमाथि कुनै प्रकारको प्रभाव राख्ने प्रयास नहोस् , र यसरी सम्पूर्ण आध्यात्मिकता शून्यमा परिणत नहोस् र यसरी साथीहरूले आफ्नो भक्ति, प्रेम बफादारिता र निस्वार्थपनद्वारा यी नराम्रा अभ्यासहरूलाई उन्मूलन गर्नुपर्छ, न कि त्यसको अनुसरण गर्ने । साथीहरूले यस्ता नराम्रा कुराहरूलाई पूर्णरुपले बेवास्ता गर र तिनीहरूबाट आफूहरूलाई शुद्ध पारेमा मात्र ईश्वरको आत्माले मानवताको शरीर र बहाई समुदायमा प्रवेश गर्छ र काम गर्न थाल्दछ । "

"बहाई सभाका सदस्यहरूमा हुनुपर्ने श्रेष्ठतम् गुणहरू तथा योग्यताको सम्बन्धमा कुरा उठ्दा आफ्नो अयोग्यता र अवगुणलाई सम्झी हामी हतास हुन्छौ । साच्चै भनौ भने शुद्ध भावनाले गर्दा यस्तो सभाको सदस्य हुन हामी आत्तिन्छौ । तर यदि साँचो उद्देश्य लिई विनम्रपूर्वक आफ्नो जिम्मेवारी निभाउन संकल्प लिई अग्रसर भएमा सर्वशक्तिमान प्रभुको कृपा र शक्तिद्धारा हाम्रो जीवनमा प्रत्येक अभाव र कमजोरी विलिन हुनेछन् । तसर्थ व्यक्तिगत उत्तेजना र पूर्वाग्रहलाई हटाई भौतिक परिधिबाट बाहिर निस्केर हामीले त्यस्ता व्यक्तिहरूलाई मात्र चुन्नपर्छ ।" त्यसैगरी विश्व न्याय गृहको २००७ मार्च २५ का पत्रमा आवश्यक गुणहरू निम्न अनुसार उल्लेख गरेका छन् । "असन्दिग्ध इमान्दारी निस्वार्थ सेवा तथा भक्ति तालिम प्राप्त मन मानिएको योग्यता र अनुभवी वा परिपक्वता ।" चुनिएका संस्थाले निर्वाह गर्नुपर्ने कामहरूको राम्रो जानकारी गरेरमात्रै आफूले चुन्नपर्ने अर्थात् आफ्नो मत दिनुपर्ने व्यक्तिहरूको मतदाताले सही मूल्यांकन गर्न सक्छ,

सेवा गर्न योग्य छन् भने आफूलाई लागेका व्यक्तिहरूमध्येबाट लैगिंक (महिला र पुरुष) जातीय तथा उमेर आदि विविधतालाई ध्यानमा राखेर सदस्य चुन्नुपर्छ मतदान दिनुभन्दा अघि निक्कै लामो समयसम्म राम्ररी सोचेर विचार गरेर मात्र मतदाताले आफ्नो निर्णय दिनुपर्छ (विश्व न्याय गृह, २००७, मार्च २५)।

### ४.५.५ उन्नाइस दिने सहभोज

उन्नाइस दिने सहभोज बहाई धर्मको अर्को संस्था हो । जुन धर्मसंरक्षक (शोघी एफेन्दी) को मार्गदर्शन अर्न्तगत विकसित भएको हो, सर्वप्रथम यो बाबद्धारा पुष्टि गरियो र अहिले बहाई धर्मको प्रशासनिक व्यवस्थाको मुख्य भाग हो । १९ दिने सहभोजमा उपस्थिती हुन अनिवार्य छैन तर धेरै नै महत्वपूर्ण छ र यस्तो अवसरहरूमा उपस्थित हुन प्रत्येक अनुयायीका जिम्मेवारी र सौभाग्य हो । आफ्नो क्षेत्रका बहाइहरूलाई १९ दिने सहभोज मनाउन प्रोत्साहन गर्नु प्रत्येक स्थानीय आध्यात्मिक सभाको कर्तब्य हो । १९ दिने सहभोज त्यो सभा हो । जुन कुनै गाँउ या नगरका बहाइद्धारा १९ दिनमा एकपटक मनाइन्छ । बहाई वर्षमा जम्मा १९ महिना हुन्छन् र प्रत्येक महिनाको नामले भगवानको कुनै गुण जनाउछ जस्तै गौरव ज्ञान, शक्ति आदि । सहभोज प्रत्येक बहाई पात्रो अनुसार दिन सन्ध्याकालदेखि शुरु हुने भएकोले प्राय : दिनको अघिल्लो साँझ संसारका सबै बहाइहरू भेला हुन्छन् । र एक अर्काप्रतिको मैत्रीपूर्ण भावनाबाट प्रेरित भएर प्राथर्ना गर्दछन्, पवित्र ग्रन्थबाट छानिएका अंशहरू पढ्छन् र समस्याहरूबारे छलफल गर्दछन् (रुही प्रतिष्ठान, ई.स. १९९८, भोलुम २, पृ. ५८)।

सहभोजका मुख्य तीन भागहरू छन् । जसले गर्दा यो अत्यन्तै महत्वपूर्ण मानिएको छ । ती भागहरू हुनः

**आध्यामिक भाग :** सबैभन्दा पहिले धेरै जसो बहाई कुनै एक निश्चित स्थानमा र तोकिएको समयमा भेला हुन्छन् । त्यसपछि स्थानीय आध्यात्मिक सभाका अध्यक्षले सबैलाइ स्वागत गर्दछन् र सभा प्रार्थनाबाट शुरु गर्दछन यस समयमा कसैले प्राथर्नाहरू लय मिलाएर बाजा बजाएर पनि बाचन गर्दछन् ।

**प्रशासनिक भाग** : प्रार्थना सकिएपछि प्रशासनिक भाग शुरु हुन्छ । यस अर्न्तगत बहाई सम्बन्धी स्थानीय राष्ट्रिय वा अन्तराष्ट्रिय समाचार वा चिठी पत्र छन भने ती पढिन्छन र छलफल गरिन्छन्, त्यसपछि सचिवले आफनो समुदायमा बहाइ कियाकलाप सञ्चालन भएका छन् भन्ने बारेको विवरण प्रस्तुत गर्दछन् ।

**सामाजिक भाग :** प्रशासनिक भाग सकिएपछि सामाजिक भाग शुरु हुन्छ । यस अर्न्तगत साँस्कृतिक पक्ष पनि पर्दछ । नाच-गान, गित, संगित र नाटक आदिको पनि प्रस्तुत गर्न सक्दछन् । यसको माध्यमबाट बहाई समुदायमा अनुयायीहरू बिच अधिक नजिकको मैत्रीभाव र एकता ल्याउने काम गर्दछ । छलफलको समयमा अनुयायीहरूले स्थानीय सभाद्धारा सहभोजको बारेमा बहाउल्लाहले आफ्नो ग्रन्थमा यसरी उल्लेख गरेका छन् : “प्रत्येक महिनाको एकदिन सहभोज मनाउन तिमीहरूलाई आदेश दिइएको छ । पानी मात्रले पनि किन नहोस्, पृथ्वी तथा स्वर्गका समस्त साधन कै जरुरत परे पनि ईश्वरले मानिसहरूको हृदयलाई एकै ठाँउमा ल्याउने इच्छा गर्नु भएको छ” (बहाल्लाह किताबे अक्दसबाट पृ. १) ।

“अब्दुलबहाले सहभोजको बारेमा अझ प्रष्ट पार्दै लेख्छन्: यो सहभोज आदरणीय बाबले प्रत्येक उन्नाइस दिनमा मनाइने गरी स्थापना गर्नुभएको हो । त्यसैगरी बहाउल्लाहले यसलाई मनाउने आदेश दिनुभएको छ , प्रोत्साहित गर्न भएको छ र दोहा्याउनु भएको छ । त्यसैकारण यसको अति ठूलो महत्व छ । निश्चय नै बहाईले यसको स्थापनामा परम ध्यान दिनुपर्छ र महत्वको चरम सीमामा उठाउनुपर्छ । ता कि यो अविरल र स्थायी हुन सकोस् । ईश्वरका भक्तजनहरूले परम प्रेम, हर्षोल्लासका साथ भेला होउन र एक अर्कासँग व्यवहार गरुन । (यी सहभोजहरूमा) उनीहरूले परम इज्जत तथा विवेकका साथ व्यवहार गर्नुपर्छ , दैवी श्लोकहरू पाठ गर्नुपर्छ । शिक्षाप्रद लेखहरू पढ्नुपर्छ , अब्दुल-बहाका धर्मपत्रहरू अध्ययन गर्नुपर्छ , समस्त मानव जाती प्रतिको प्रेम जगाउन प्रोत्साहन तथा प्रेरणा दिनुपर्छ । पूर्ण हर्ष तथा सुवासका साथ ईश्वरको स्तुती गर्नुपर्छ, आत्म निर्भर प्रभका श्लोकहरू, प्रशंसाहरू तथा किर्तीहरू गाउन र सुन्दर प्रवचनहरू दिनुपर्छ । घरधनी आफैले प्रिय साथीहरूलाई खानपिन गराउनुपर्छ उसले सबैको आनन्दको ख्याल गर्नुपर्छ र पूर्ण नम्रताको साथ सबैलाई दयाको भावनाले हेर्नुपर्छ । यदि सहभोज यस्तो किसिमले र उललेख भए अनुसार व्यवस्था गरियो भने त्यो भोज प्रभुको भोज बन्न

जान्छ । किन कि त्यसको नतीजा उही नतीजा हुन जान्छ र त्यसको प्रभाव हुन जान्छ (अब्दुल बहाका धर्मपत्रबाट पृ. ६५) । ”

यो सहभोज बहाई प्रशासनको एउटा भाग हो । उन्नाइस दिने सहभोज कार्यक्रममा तीन भाग हुन्छन् । पहिलो भागमा आराधनाको कार्यक्रम हुन्छ । सहभोजको आरम्भमा केही साथीहरूद्धारा प्रार्थना गरिन्छ औ पवित्र लेखहरूका केही भाग पढिन्छ । अर्को भाग प्रशासन सम्बन्धी हुन्छ । आध्यात्मिक सभाले आफ्नो सचिवद्धारा कार्यक्रमको विवरण दिन्छ र स्थानीय बहाई साथीहरूसँग बहाउल्लाहको धर्मको उन्नतीको लागि आ-आफ्नो प्रस्ताव सुनाउने अनुरोध गर्दछ । छलफलको समयमा अनयायीहरूले स्थानीय सभादारा राष्ट्रिय सभामा पठाउन विभिन्न सभ्कावहरू दिन्छन् । तेस्रो भागमा मनोरञ्जन हुन्छ । यसमा साथीहरूद्धारा गीत गाउने वा कथा भन्ने जस्ता मनोरञ्जनात्मक कार्यक्रम आदि गर्न सकिन्छ । जतिसकै साधारण भएपनि जलपान गरिन्छ । सहभोज मनाउने तिथीहरू :

तालिका ४: *बहाई महिनाहरू*

| **अंग्रेजी मिति** | **बहाई महिना** | **नेपाली अर्थ** |
|---|---|---|
| २१ माच | १ बहा | प्रकाश |
| ९ अप्रिल | १ जलाल | प्रताप |
| २८ अप्रिल | १ जमाल | सौन्दर्य |
| २७ मे | १ अजामत | गौरव |
| ५ जुन | १ नुर | ज्योति |
| २४ जुन | १ रहमत | कृपा |
| १३ जुलाई | १ कालिमात | शब्द |
| १ अगस्त | १ कमाल | पूर्णता |
| २० अगस्त | १ असमा | नम |
| ८ सेप्टेम्बर | १ इज्जत | सामर्थ्य |

| | | |
|---|---|---|
| २७ ससेप्टेम्बर | १ मशीयत | इच्छा |
| १६ अक्टोवर | १ इल्म | ज्ञान |
| ४ नोभेम्वर | १ कुदरत | शक्ति |
| २३ नोभेम्वर | १ कौल | बाणी |
| १२ डिसेम्वर | १ मसाइल | प्रश्न |
| ३१ डिसेम्वर | १ शराफ | सम्मान |
| १६ जनवरी | १ सुलतान | प्रभुत्व |
| ७ फेब्रुअरी | १ मुल्क | साम्राज्य |
| २ मार्च | १ अला | उच्चता |

(स्रोतः *सहभोज तथा पवित्र दिनहरू,* पृ.३)

अब्दुलबहा लेख्छन् वास्तवमा प्रत्येक दिन मानिसले ईश्वरको नाम उच्चारण गर्नु, उनको सुवासलाई प्रसार र ईश्वरीय अधिराज्यतर्फ मानिसहरूलाई आह्वान गर्नु, त्यो दिन नै उनको सहभोज हो । ईश्वरको जय जय होस्, तिमी ईश्वरीय साम्राज्यको सेवा गर्न निरन्तर संलग्न र रातदिन परमात्माको धर्मको प्रसारमा व्यस्त छौ । त्यसैले तपाईंका सबै दिनहरू सहभोजका दिनहरू हुन् (अब्दुलबहा, ई.स. २०२१ख, पृ.९) ।

### ४.५.६ बहाई कोष

धर्मसंरक्षकद्धारा विकास गरिएको अर्को संस्था बहाई कोष हो । आध्यात्मिक गतिविधिहरूको प्रगती र विस्तार गर्नको लागि आर्थिक साधनहरूको आवश्यकता पर्दछ । त्यसकारण स्थानीय र राष्ट्रिय सभाहरूको निमार्णको लगत्तै बहाई काषको स्थापना गरिएको हो । जुन एक मात्र आध्यात्मिक सभाहरूको नियन्त्रणमा रहेको हुन्छ । उन्मुक्त र उदार भएर कोषको वृदिको लागि दान गर्न बहाउल्लाहको प्रत्येक कर्तब्यनिष्ठ र वफदार सेवकको पवित्र दायित्व हो । कोषको लागि योगदान दिनहरू पूर्णरुपमा विशुद्ध र चरित्रमा स्वेच्छिक हुनपर्छ । कसैलाई पनि दान दिनको लागि दबाब दिइदैन । बहाईहरूको लागि यो एउटा विशेषाधिकार पनि हो ।

किनकी यसमा गैर बहाईहरूले चन्दा दिन पाउदैनन् । बहाईहरूको त्यागबाट मात्र धर्मको विकास भएको हो । दिनहु प्रार्थना गरजस्तै बहाईहरूले नियमित रुपमा चन्दा दिने गर्दछन् । बहाईहरूले प्रत्येक बहाई महिनामा अर्थात उन्नाइस दिने सहभोजमा कोषमा दान दिन गर्दछन् । कोषमा योगदान दिएर धर्मलाई संसारभरी फैलाउने अभियानमा प्रत्येक बहाई सहभागी बन्न सक्छ शोघी एफेन्दी, २०४३, पृ.८८)।

बहाउल्लाह भन्छन् कि यदि कुनै एकजना बहाई आफै अग्रणी भई जान नसक्ने अवस्थामा छ भने उसले अर्को बहाई आफ्नो सट्टामा पठाउनुपर्छ । कोषमा टेवा पुऱ्याएर कुनै पनि अनुयायीले आफ्नो स्थानमा अर्कै साथीहरूलाई अग्रणी भई जानको लागि साधन जुटाइरहको हुन्छ । धर्मका संस्थाहरू स्थापना गर्न केन्द्रहरूको निमार्ण गर्नु बहाई मन्दिरहरूको स्थापना गर्न धर्मको उपदेशलाई संसारभरीको भाषामा अनुवाद गर्न , पर्चा छपाउन, किताब छपाउन आदि यस्ता अनकौ कार्य सम्पादन गर्नको लागि आर्थिक साधनको पूर्ति केवल बहाई कोषबाट मात्र हुन सक्छ । त्यसैकारणले गर्दा प्रत्येक राष्ट्रिय आध्यात्मिक सभाको आफ्नै विशेष बहाईहरूको योगदानको महत्वपूर्ण भूमिका रहेको हुन्छ । बहाई कोषमा दान दिने महत्वको बारेमा बहाईहरूलाई विशेष गरेर सहभोजहरूमा कोष सम्बन्धी विभिन्न लेखनीहरूको र कथाहरूको माध्यमबाट शिक्षा दिनु स्थानीय आध्यात्मिक सभाको कर्तब्य हो । कुनै पनि समुदायमा स्थानीय, राष्ट्रिय, महाद्धिपीय र अन्तराष्ट्रिय कोषहरू हुन्छन् । यी कोषहरूबाट नै धर्मको शिक्षण र घोषणा सम्बन्धी क्रियाकलाप, गहन अध्ययन कक्षा र विभिन्न किसिमका सम्मेलनहरू सञ्चालित हुन्छन् । बहाईहरूले सोझै वा आफ्नो स्थानीय आध्यात्मिक सभाको कोषध्यक्ष मार्फत राष्ट्रिय, महाद्धिपीय र अर्न्तराष्ट्रिय कोषहरूमा चन्दा पठाउन सक्दछन् (शोघी एफेन्दी, २०४३, पृ.८९) ।

बहाइ कोष अब इश्वरले सम्पूर्ण असल कुराहरूको स्रोतको रुपमा र सम्पूर्ण त्रुटीहरूबाट मुक्त भनी निर्दिष्ट गरेको न्याय गृहका सम्बन्धमा, त्यो विश्वव्यापी मताधिकारबाट धर्मका अनुयायीहरूले निर्वाचित गरिनुपर्छ । त्यो के हो भने, त्यसका सदस्यहरू ईश्वरको भयको अभिवक्ति र ज्ञान र समझदारीको अरुणोदय हुनपर्छ, ईश्वरको धर्ममा दृढ र सम्पूर्ण मानवजातीका शुभचिन्तक हुनुपर्छ । यो न्याय गृह भन्नको तात्पर्य विश्व न्याय गृह हो के भने सबै देशहरूमा एउटा माध्यामिक न्याय गृह स्थापना गरिनुपर्छ र यी माध्यामिक न्याय गृहहरूले विश्व न्याय

गृहका सदस्यहरूको चयन गर्नुपर्छ । यसै संस्थातर्फ यसै कुराहरू निर्देश गर्नुपर्छ स्पष्ट पवित्र ग्रन्थहरूमा नपाइने सम्पूर्ण अध्यादेश र नियमहरू यसले बनाउछ। यसै संस्थाबाट सम्पूर्ण कठीन समस्याहरूको समाधान गर्नुपर्ने हुन्छ र ईश्वरको धर्मका संरक्षक यसका पवित्र शीर र त्यस शरीरको जीवन पर्यन्त विशिष्ट सदस्य हुन्छन् । उनले व्यक्तिगत रुपमा त्यसका परामर्शहरूमा भाग लिएनन् भने उनले आफ्नो प्रतिनिधित्व गर्न कसैलाई मनोनित गर्नुपर्छ। कुनै पनि सदस्यको आम हितमा दख्खल पुग्ने पाप कार्य गरेमा स्वविवेकमा उनलाई निष्काषित गर्ने अधिकार ईश्वरको धर्मको संरक्षकमा छ । तत्पश्चात मानिसहरूले उनको सट्टामा अर्कोलाई चुन्नुपर्छ । यस न्याय गृहले अधिनियमहरू बनाँउछ। र सरकारले तिनलाई लागू गर्दछ। विधायिका संस्थाले कार्यकारीलाई बलियो बनाउनु पर्दछ । कार्यकारीले टेवा र सहयोग दिनुपर्छ , ता कि दई शक्तिहरूको संगम र संगतिबाट निश्पक्षता र न्यायको आधार दृढ बलियो बनोस्, ताकि विश्वका सम्पूर्ण क्षेत्रहरू बैकुण्ठ सरह बनुन् (रुही प्रतिष्ठान, ई.स. १९९८, भोलुम २, पृ. ६४)।

धर्मको कामका खास खास स्तरमा टेवा दिने केही बहाई कोषहरू हुन्छन् । स्थानीय कोष हुन्छ । राष्ट्रिय कोष हुन्छ , र महाद्धीपीय कोष हुन्छ र अन्तराष्ट्रिय कोष हुन्छ , र हरेक बहाई यी प्रत्येक कोषमा दान दिने अधिकार छ र यो अधिकार बहाईहरूलाई मात्र छ । कोषमा दान दिन स्वेच्छिक कार्य हो । साथै , गोप्य रहन्छ, यस अर्थमा कि यो दाता र धर्मका संस्थाहरूबिच मात्रै रहन्छ , दान दिइएको कुरा समुदायलाइ सुनाइदैन । कुनै कुनै धर्महरूमा हुने गरेका केही व्यवहारले चन्दा दिन अनुयायीमाथि अनुचित दवाव पार्दछन् , तर यस धर्ममा त्यस्ता व्यवहारहरू गरिदैन । संस्थाहरूले मित्रहरू समक्ष एक सामान्य आह्वान गर्दछन् , कोषको महत्वबारे उनीहरूलाई सम्झाउँछन् , र कोषका आवश्यकताबारे उनीहरूसँग छलफल गर्दछन् । धैरैजसो समुदायले आफै लक्ष्य निर्धारित गर्दछ तर व्यक्तिहरूका लागि रकम कहिल्यै तोकिदैन र पैसा कहिल्यै मागिदैन । सम्बन्धित उद्देश्य आफै बुझेर कुन कोषमा कति दिने भन्ने कुरा निर्णय गर्ने काम अनुयायीहरूकै आ-आफ्नै जिम्मामा छोडिन्छ ।

### ४.५.७ हुकुकुल्लाह

हुकुकुल्लाहको अर्थ हो ईश्वरको अधिकार । बहाउल्लाहद्वारा प्रकटित पवित्र पुस्तक *(किताब-ई-अक्दस)* को यो एउटा पवित्र र अत्यन्त महत्वपूर्ण कानून हो । आवश्यक र सबै जरुरी

खर्च कटौती गरेर बाँकी बचेको धनसम्पत्तिबाट भुक्तानी गरिने हिस्सा हुकुकुल्लाह हो । यद्यपि हुकुकुल्लाह यो संसारको भौतिक वस्तुहरूसँग सम्बन्धित भएता पनि यसको स्थान त्यो आध्यात्मिक अनिवार्यता जस्तै आनिवार्य प्रार्थना र उपवाससँग राखिएको छ, जुन व्यक्ति विशेषको आत्मामाथि निर्भर, जसलाई पूरा गर्नु ब्यक्तिगत अनुयायीको ईश्वरप्रति सिधै जिम्मेवारी छ न कि धर्मका संस्थाहरूद्वारा जवरजस्ति थोपारिने वा दण्डित गर्नेसँग जोडिएको  छ । अर्को शब्दमा हुकुकुल्लाह भुक्तानी बहाईहरूको लागि अनिवार्य प्रार्थना, उपवास, र अन्य कानूनहरू जस्तै आधारभूत आध्यात्मिक अनिवार्यता हो र यो ईश्वर र उनका सेवकहरूसँगको संविदाको भाग हो  (फिरायदिन, ई.स. २०२०, पृ. ४) ।

बहाउल्लाहले *किताब–ई–अक्दस*मा प्रकट गर्नु भएको छ, “यदि कोही व्यक्तिले एक सय मिथ्कल सुन आर्जन गरेको छ भने त्यसबाट उन्नाइस मिथ्कल सुन ईश्वरको हो र त्यो स्वर्ग र धर्तीका रचयितालाई अर्पण गर्नुपर्छ ।” अर्को ठाउँमा उहाँले लेख्नुहुन्छः “भनः हे मानिसहरू हो ! पहिलो कर्तव्य हो एक मात्र सत्य ईश्वरलाई चिन्नु–उनको महिमाको जय होस्–र दोस्रो हो उनको धर्ममा दृढ रहनु, र त्यसपछिको कर्तव्य हो आफ्नो धन सम्पत्तिलाई ईश्वरको नियम अनुसार पवित्र बनाउनु” (फिरायदिन, ई.स. २०२०, पृ. ५) ।

संसारका अधिकांश बहाईहरूको लागि यो आदेश हाल-सालैसम्म पनि बाध्यात्मक थिएन । रिज्वान सन् १९९२ मा, जब सम्पूर्ण संसारका बहाई बहाउल्लाहको स्वर्गारोहणको एकसय पुण्यतिथि मनाइरहेका थिए, तब विश्व न्यायगृहले सम्पूर्ण विश्वका बहाईहरूको सौभाग्य, आशीर्वाद र कृपाको लागि हुकुकुल्लाहको कानून विश्वव्यापी रूपमा फुकुवा गरिदिनुभयो । दृढ र समर्पित बहाई जस्ले बहाउल्लाहका सन्देशको महत्वलाई राम्रोसँग बुझिसक्नु भएकोछ उहाँहरूले आफ्नो हुकुक भुक्तानी गर्नुहुन्छ र यस आध्यात्मिक कार्यको असीमित लाभ प्राप्त गर्नुहुन्छ (फिरायदिन, ई.स. २०२०, पृ. ६) ।

## ४.६ काठमाण्डौ उपत्यकामा बहाइर्हरुको जीवनसंस्कार

**४.६.१ जन्म संस्कार** : जन्म संस्कार हरेक धर्ममा जन्म सम्बन्धी छुट्टाछुट्टै विशेष किसिमका संस्कारहरू गर्ने चलन रहेको पाइन्छ । बहाई धर्ममा भने जन्म संस्कार सम्बन्धी त्यस्तो विशेष

किसीमका चलन अपनाइएको छैन । बहाईहरूले प्राथर्नालाई आफ्नो जीवनको अभिन्न अंगको रुपमा लिएकाछन् । हरेक उत्सव र अन्य विषयका (बिहान, साँझ, आमा बुबा, विवाह, मृत्यु आदी) लागि विशेष प्रार्थनाहरूको रचना गरिएको छ । त्यस्तै गरेर गर्भवती आमाको लागि पनि छुट्टै प्रार्थनाको व्यवस्था गरिएको छ। उक्त प्रार्थना एउटी आमा गर्भवती भएदेखि बच्चा नजन्मिदासम्म दिनको दुइ पटक साँझ र विहान आफ्नो बच्चाको आध्यात्मिक । भौतिक विकासको लागि र केटाकेटीको लागि लेखिएको छुट्टै प्रार्थना नियमित गर्नै गर्छिन् । गर्भवती आमाको लागि लेखिएको प्रार्थना यसप्रकारको छ । "मेरा ईश्वर ! मेरा ईश्वर ! म तिम्रो स्तुती गर्दछु । र म तिमीलाई धन्यबाद दिन्छु । कि जसद्धारा तिमीले आफ्नो विनम्र सेविकालाई कृपा गऱ्यो, तिम्री दासीले तिमीसँग प्रार्थना र बिन्ती गर्दैछिन् , किनकी तिमीले साँच्चै नै आफ्नो दृष्टिगोचर अधिराज्यमा निर्देशित गऱ्यो र अनिश्चित अधिराज्यमा तिम्रो अति उच्च आव्हानलाई सुन्न र तिम्रो चिन्हलाई जसले सबै वस्तुहरूमाथि तिम्रो विजयी शासनकालको उपस्थितीलाई प्रमाणीत गर्न सक्षम बनायो । है मेरा प्रभु ! म तिमीलाई जुन मेरो गर्भमा समर्पित गर्दछु । तव उसलाई तिम्रो अधिराज्यमा प्रशंसनीय र तिम्रो अनुग्रह र उदारताद्धारा एक भाग्यशाली बालक बन्न तिम्रो शिक्षाको क्षत्रछायाँमा विकसित हुन र हुर्कन सक्षम बनाइदेउ । निश्चय नै, तिमी नै कृपालु ! साँच्चै नै तिमी नै हौ महान अनुग्रहका स्वामी"(राष्ट्रिय आध्यात्मिक सभा, २०७८, पृ. २४) ।

बाबद्धारा प्रकटित प्रार्थना नवजात शिशुको दाहिने कानमा तीन पटक फुकीदिनुपर्छ । "ईश्वरको आदेश अनुसार म आएको छ, उनको सम्झनामा आफुलाई प्रकटित गरेको छ र उनी जो सर्वशक्तिमान अति प्रियको सेवाको लागि सृष्टि भएको हुँ" (राष्ट्रिय आध्यात्मिक सभा, २०७८, पृ.२८) ।

### ४.६.२ बहाई विवाह :

बहाउल्लाहले दिएका कानुनहरू मध्ये विवाह पनि एक हो । बहाउल्लाहले बहाईहरूलाई विवाह गर्न प्रोत्साहन गरेका छन् । विवाह गर्नुको मुख्य उद्देश्य यस संसारमा सन्तान ल्याउनु हो । जसले ईश्वरको स्तुती गर्न सक्दछ । बहाउल्लाहले आफ्नो पवित्र ग्रन्थ कि-ई-अक्सदमा लेख्छन् " हे मानिसहरू हो विवाह गर ताकि मेरा सेवकहरू बिचमा मेरो स्मरण गर्ने वयक्ति तिमीबाट उत्पन्न होओस् । तिमीलाई दिइएका आज्ञाहरू मध्येको यो आज्ञा एक हो । आफ्नै हितको लागि

यसको पालन गर ।” (बहाउल्लाह, २०२१ किताब-ई-अक्दास पृ. ५४) । बहाई विवाहमा केटा र केटीको मन्जुर हुनु अति आवश्यक छ । दुबै पक्षका आमा र बुबा सहमति हुनुपर्छ । साथै स्त्री र पुरुषलाई विवाहको निमित्त बाध्य गराइदैन । बहाउल्लाह लेख्छन् “बयानमा (बाबको पुस्तक) यो निर्धारित गरिएको छ कि विवाह दुबै पक्षको सहमतिमा निर्धारण गर्दछ । हाम्रा सेवकहरू विच प्रेम, एकता र सद्भाव स्थापित गर्न चाहने इच्छाले गर्दा हामीले यो सर्त राख्यौ कि जब जोडीको चाहना ज्ञात हुन्छ तब उनीहरूले आमा बाबुको अनुमति लिनुपर्छ । ताकि उनीहरू माझ दुश्मनी र शत्रुता उत्पन्न नहोस् । र यसमा हाम्रा उद्देश्यहरू पनि छन् । यसैले हाम्रो तोकिएको छ ।”( किताब इ-अक्दास पृ.५५) ।  जब सबै स्वीकृति लिने कामहरू सम्पन्न हुन्छ । तब तिथी मिती तोकिन्छ र आध्यात्मिक सभालाई सुचित गरिन्छ । जसले गर्दा आध्यात्मिक सभाले साक्षीको रुपमा प्रतिनिधिहरू पठाउन सक्छ । तोकिएको तिथीमा बेहुला र बेहुलीले आफ्ना परिवार, नातेदार, साथीभाई, छरछिमेकको उपस्थितीमा एक अर्कालाई औठी लगाईदिन्छन् र सबैको उपस्थितीमा बहाउल्लाहले  आफ्नो पवित्र ग्रन्थमा उल्लेख भएको “निश्चय नै हामी सबै प्रभुको इच्छालाई शिरोधार्य गर्ने छौ ।” भन्ने श्लोकलाई पालैपालो बेहुला बेहुलीले बाचन गर्दछन् । र त्यसपछि बेहुला र बेहुली पति पत्नीको रुपमा परिणत हुन्छन् र आध्यात्मिक सभाममा गएर विवाहको तिथीमिती दर्ता गर्दछन् । आध्यात्मिक सभा नभएको ठाँउमा केहि साक्षी राखेर आफैले विवाह सम्पन्न गर्दछन् । विवाहको बारेमा अब्दुल बहा भन्दछन्  “बहाइहरूको विवाह भन्नेकुरा दुबै तर्फको स्वीकृति र पूर्ण  मञ्जुरीले सम्पन्न हुने कुरा हो । उनीहरूले यसमा समुचित ध्यान देखाउनु पर्दछ । र एक अर्काको चरित्रबारे पूर्णरुपले सूचित हुनुपर्छ । ती दुई जना विचको प्रतिज्ञापत्र एउटा अनन्त बन्धन हुनुपर्छ र तिनीहरूको चाहना पनि  अनन्तकाल सम्मको लागि समानता र मित्रता एकता र जीवन हुनुपर्छ (बहाउल्लाह, २०२१, पृ.५४) ।

विवाह एउटा आध्यात्मिक र भौतिक लिन हो । यसले वर-बधुलाई मात्र जोड्ने काम नगरेर दुबैतर्फका पूरै परिवारलाई समेत जोड्न काम गरेको हुन्छ । यो मित्रता, प्रेम, एकता र सद्भाव जस्ता अटुट बन्धन हुन जान्छ । कुनै संस्कारहरूमा दुलहीका माता पिताले दुलहाको परिवारलाई दाइजो दिनु अनिवार्य हुन्छ । यस्तो संस्कारले कतिपय ठाँउमा मनमुटाव हुने र दुलहीको परिवारलाई आर्थिक भार समेत आउछ । विशेष गरि गरिब र धेरै छोरीहरू भएकाहरूलाई हो । तर यस्तो संस्कारलाई बहाउल्लाहको कानुनले निर्मुल पारेका छ र यसलाई सांकेतिक रुपमा

परिमार्जित गरको छ र जसमा दुलहाले दलहीलाई एउटा निश्चित मूल्य भएको एउटा उपहार प्रदान गर्छ । बहाउल्लाहले आफ्नो ग्रन्थमा उल्लेख गरेका छन् ।

“दाइजो नतिरिकन कुनै पनि विवाह सम्पन्न हुदैन । जुन शहरका बासिन्दाहरू (दलहा पक्ष) ले उन्नाइस मिथ्कल्स् (करिब ६९.२ ग्राम) शुद्ध सुन, र गाँउका बासिन्दाहरू (दलहा पक्ष) ले सोही परिमाण चाँदी तिर्न किटान गरिएको हुन्छ । यदि कसैले यसको रकम बढाउन चाहेमा पन्चानब्बे मिथकल्स् भन्दा बढाउन बर्जित गरिएको छ। गौरव र शक्तिका साथ यो आज्ञा लेखिएको छ । यदि उसलाई चित्त बभ्रुछ भन जे सुकै भएपनि किताबमा उल्लेख गरिए अनुसार न्युनतम रकम तिर्नु उसको लागि उत्तम हुन्छ (बहाउल्लाह, २०२१, पृ.५५) ।

विवाह समारोहमा अन्य बहाई प्रार्थनाहरू पनि लय मिलाएर वाचन गरिन्छ । राष्ट्र र जाती अनुसार आफ्नो संस्कृतिमा भएका अन्य चलनहरू पनि यसमा समावेश गर्न सक्दछन् । तर ती बहाई कानुन भन्दा विपरीत हुनुहुदैन । नाच गान , लोकनृत्य लोकगीत, नाटकहरू, गीतहरू प्रस्तुत गरेर एक नयाँ समिश्रीत संस्कृतिको झल्को देख्न सकिन्छ । किनभने बहाईहरू कुनै एकै जाती वा संस्कृतिका नभएर विभिन्न जातीहरू र विभिन्न धर्म मान्ने पृष्ठभूमिबाट हुन्छन् । कुनै एक बहाईले गैर बहाईसँग विवाह गर्न सक्दछन् । तर यसमा पूर्ण समझदारी र सहमति हुनुपर्छ । उक्त बहाईले विवाह बहाई विधि अनुसार सम्पन्न गर्नको लागि पूर्व अनुमति लिनुपर्छ ।

बहाई विवाहमा सकेसम्म सम्बन्ध विच्छेद नगर्न प्रोत्साहन गरिएको छ । यस बारेमा बहाउल्लाहले आफ्नो ग्रन्थ किताब- इ-अक्दसमा उल्लेख गरेका छन् । कि “यदि श्रीमान् र श्रीमती विच असन्तुष्टि वैमनस्यता उत्पन्न भयो भने उसले उनलाई सम्बन्ध विच्छेद गर्नपर्दैन, तर एक वर्षभरी प्रतिक्षामा बस्नुपर्दछ । किनकी उनीहरूको विचमा स्नेहको सुगन्ध सायद नवीकरण हुन सक्दछ । यदि यो अवधि समाप्त भएपछि पनि तिनीहरू विच प्रेम पलाएन भने सम्बन्ध विच्छेद गर्नको लागि अनुमति छ” (बहाउल्लाह, २०२१, पृ. ५५-५६) ।

“विवाहको लागि प्रार्थना यस प्रकार छन्, हे स्वामी ! हे मेरा प्रभु ! तिम्रो प्रेममा यी दुई चम्किला जूनहरूको विवाह भएको छ , तिम्रो पवित्र संघारको सेवा गर्न र तिम्रो धर्मका गतिविधीहरूको हेरचाह गर्न एक भएकाछन् । हे मेरा प्रभु, हे सर्व -कृपालु ! यो विवाहलाई तिम्रो अपार कृपाको ज्योतिपुञ्ज बनाइदेऊ हे कल्याणकारी, हे सदा दानी ! यसलाई तिम्रा दानहरूका

प्रदीप्त किरणहरू बनाइदेऊ ताकि यो महावृक्षमा त्यस्ता हाँगाविँगाहरू लागून् । जुन तिम्रो कृपाको मेघबाट वृष्टि भएका जलद्धारा हरियो र समुन्नत भई फैलियून । निःसन्देह, तिमी दयावान् छौ, सर्व-कृपालु छौ" (राष्ट्रिय आध्यात्मिक सभा, २०७८, पृ. १२०)

### ४.६.३ मृत्यु संस्कार

विभिन्न धर्म र संस्कृति अनुसार धर्मशास्त्रहरूले वर्णन गर्नेकार्यमा मृत्यु संस्कार एक महत्वपूर्ण कार्य हो, जब मानिस वा प्राणी जन्मने र मर्ने प्रकियामा धर्म अनुसार आ-आफ्नै रितिरिवाज हुन्छन् त्यसैगरी बहाई धर्ममा पनि मृत्यु संस्कार विधि रहेको छ । मानिसको मृत्युपछि सब भन्दा पहिले मृत शरीरलाई शुद्ध जलले नुहाएर पवित्र बनाइन्छ । पुरुषलाई पुरुषले र महिलाको मृत शरीरलाई महिलाले नुहाइदिने गरिन्छ । बयान (बाबको ग्रन्थ) मा बाबले मृतकको शरीरलाई रेशम वा कपासको पाँचवटा पत्रहरूले बेर्नुपर्छ भनेर उल्लेख गरेका छन् (बहाउल्लाह, २०२१, पृ.१९४-१९५) ।

बहाउल्लाहले यस प्राबधानलाई पुष्टि गरे र नियम थपे कि "जसका साधन र स्रोतहरू सिमीत छन्, तिनीहरूका लागि कपडाको एक पत्र पर्याप्त हुन्छ ।" शरीरलाई कसरी बेर्नुपर्छ भन्नेबारेमा बहाई लेखनीहरूमा शरीरलाई बेर्नेबारे परिभाषित गरिएको छैन, या त "पाँचवटा कपडाहरूको" को प्रयोग गरिन्छ । वा केवल "एक पत्र" । वर्तमान समयमा बहाईहरू यस विषयमा स्वतन्त्र छन् । बहाईृ विधि अनुसार मृतकको शवलाई दफनाइन्छ यसको लागि शव राख्नको लागि स्फटिकको ढुंङ्गा वा काठको राम्रो र टिकाउ शव पेटिका हुनुपर्छ । शरीरलाई रेशम वा सतीको कपडाले बेरिन्छ र औंलामा एउटा औठी लगाइदिन्छ , जसमा यी अक्षरहरू कुँदिएका हुन्छ । "म ईश्वरबाट आएका हुँ र उनीमा नै फर्कन्छु, उनी बाहेक सबै कुराबाट निर्लिप्त छु , उनको नामलाई समातेको छु, जो दयालु, करुणामय छन् ।" मृत व्यक्तिलाई जलाउने कार्यलाई निषेध गरिएको छ । मृतकका शव दफनका लागी बहाई कानुनले भन्छ कि मृत्यु भएको स्थानबाट एक घण्टाभन्दा बढी दुरीमा शरीर लैजान निषेध गरिएको छ । यस आदेशको अभिप्राय भनेको यातायात साधनहरू जे सुकै प्रयोग गरिएता पनि मृत शरीरलाइृ अन्तेष्टिको लागि छानिएको ठाँउसम्मको यात्राका अवधि एक घण्टाको समयमा सिमीत गर्नु हो । बहाउल्लाहको कानुनको अभिप्राय भनेको मृतकलाई उसको मृत्य भएको स्थानबाट नजिक दफन गर्नु हो (बहाउल्लाह,२०२१,पृ.२७८-२८०) ।

मृतक व्यक्तिलाई दफनाउनु भन्दा अघि नै एक विशेष प्रार्थना गरिन्छ । या प्रार्थना गर्दा सबै मौन र खडा रहनु पर्छ । मृतकको लागि प्रार्थनाको भाग बनेका अंशहरूमा “अल्ला-उ-आभा” (ईश्वर सर्व गौरवमय हुनुहुन्छ) का अभिवादन छ पटक दोहोऱ्याइन्छ, त्यसपछि विशेष रुपमा प्रकट गरिएको प्रत्येक श्लोक १९ पटक दोहोऱ्याइन्छ । यो प्रार्थना १५ वर्ष पुगेका मृतकलाई मात्र पाठ गरिन्छ । त्यस्तै गरेर औंठी पनि १५ वर्ष भन्दा माथिकालाई मात्र लगाइन्छ । प्रार्थना गर्दा बहाईहरूको तीर्थस्थल हाइफा तिर फर्केर प्रार्थना गरिन्छ (बहाउल्लाह, २०२१, पृ.२८१) ।

मृतकका लागि गरिने प्रार्थनाका शब्दहरू निम्न रहेका छन् । हामी सबै, निःसंशय, ईश्वरका पूजा गर्दछौं । हामी सबै, निःसंशय, ईश्वरलाई ढोग्दछौ । हामी सबै, निःसंशय, ईश्वरप्रति निष्ठावान् छौं । हामी सबै, निःसंशय, ईश्वरका स्तुति गर्दछौ । हामी सबै, निःसंशय, ईश्वरमा कृतज्ञता ज्ञापन गर्दछौं । हामी सबै, निःसंशय, ईश्वरप्रति धैर्यवान् छौं (राष्ट्रिय आध्यात्मिक सभा, २०७८, पृ.४५)।

## ४.७ बहाई चाडपर्वहरू

अरु धर्महरूमा जस्तै बहाई धर्ममा पनि केहि चाडपर्वहरू छन् । तिनीहरू मध्ये धेरैजसो चाडहरू बहाइ धर्मको शुरुको इतिहास र खासगरी यसका अवतारहरू बाब र बहाउल्लाहका जीवनसँग सम्वन्धित घटनाहरूको सम्झनामा मनाईन्छन् । यी चाडहरूमा सम्भव भएसम्म बहाईहरूले काम गर्दैनन् । अब्दुल बहा लेख्छन् वर्षका नौ वटा चाडहरूमा काम गर्न मनाही गरेकाछन् ।

### ४.७.१ नवरुज

मार्च २१ तारीखका दिन मनाइने वैभवको सहभोज सित नै विश्वका सबै बहाईहरूले उल्लासपूर्ण वातावरणमा नवरुज अर्थात बहाई नयाँ वर्ष मनाउँछन् । यो सबै बहाईहरूको लागि चाडपर्वको रुपमा मनाइने उत्सव हो । यो वसन्त ऋतुको पहिलो दिन र बाबले ल्याएका नँया पात्रोको  पनि पहिलो दिन हो यसले उन्नाइस दिने उपवास समाप्त भएको संकेत गर्दछ । यसले त्यस वसन्त ऋतुको सम्झना दिलाउँछ । जन ऋतुमा ईश्वरले मानवजातीलाई मार्गदर्शन दिन नँया अवतार पठाउनु हुन्छ । अरु चाडहरू पनि छन् जस्तै जुलाई ९ तारिखमा बाब शहिद हुनुभएको दिन, मे २९ मा बहाउल्लाह स्वर्गारोहण हुनुभएको दिन । (राष्ट्रिय आध्यात्मिक सभा,

२०००,पृ.१५२) । नवरुज एक आध्यात्मिक वसन्त ऋतु  हो अब्दुल बहाले एक ठाँउमा लेख्नुभएको छ , "यस ऋतुमा पृथ्वी गतिमा हुन्छ  र वृद्धिको क्रममा हुन्छ ।" हामी प्रत्येकमा पनि त्यही नै हुनुपर्छ । एक नयाँ र ताजा आत्मा बौकेर हामीले हाम्रो आध्यात्मिक तथा भौतिक लक्ष्यहरू प्राप्त गर्नुपर्छ । अब्दुल बहा लेख्नुहुन्छ :  "यो हुर्किने समय हो , रमाइलो भेटघाट गर्ने अवसर हो" (राष्ट्रिय आध्यात्मिक सभा,२०४६, पृ.१२) ।

यस समयमा शुरुमा विशेष प्रार्थना गरि  नाचगान, नाटक, गीत संगीत, भोज खाएर हर्षोल्लाषका साथमा एकअर्कालाई शुभकामना आदान प्रदान गरि मनाईन्छ ।

### ४.७.२ रिजज्वान:

सन् १८६३ मा १२ दिनको अवधिमा बहाउल्लाहले पहिलो पटक आफु त्यो प्रतिज्ञप्त अवतार भएको कुराको घोषणा गरेका थिए । यस समयमा बहाउल्लाह र उनका अनुयायीहरू एक स्थानमा भेला भएका थिए । यो स्थानलाई उनले रिज्जवान वा स्वर्गका वगैचा भन्ने नाम दिए । यी १२ दिहरूलाई रिज्जवान भनिन्छ । यी मध्ये ३ दिन अर्थात २१ अप्रील, २९ अप्रील र मे २ लाई पवित्र दिनहरूको रुपमा मनाईन्छ राष्ट्रिय आध्यात्मिक सभा, २०००,पृ.१५२ ) । यो रिज्वानको समयमा बहाईहरूले बहाहाउल्लाहले बग्दाद नजीकै रिज्वानको बगैचामा  आफू ईश्वरको अवतार भएको कुराको घोषणा गर्न भएको पुनित अवसरको सम्झना गर्दछन् ।

यी बाह्र दिनहरूमा बहाउल्लाह बग्दाद नजीकै रिज्वान भन्ने सुन्दर बगैचामा बसेका थिए र । उनका मित्रहरू र अनुयायीहरू उनलाई भेट्न ठूलो संख्यामा आउथे । बहाउल्लाहलाई बग्दादबाट निर्वासन गरी कन्सटान्टिनोपल पठाइने  घोषणा भइसकेको थियो र उनका अनुयायीहरूले उनलाई माया र आदर गर्न थालेका सयौ मानिसहरू उनीसँग हुन लागेको बिछोडबाट शोकाकुल थिए । तर उनलाई प्रेम गर्नेहरूमा उत्पन्न भएको यो शोक अनन्तकाल स्थायी हर्षमा परिणत हुन लागेको थियो । किनकी त्यही समयमा बहाउल्लाहले खुल्ला रुपमा घोषणा गरे कि पहिलाका सबै अवतारहरूले भविष्यवाणी गरेको र जसको लागि बाबले आफ्नो ज्यान दिएका थिए । त्यो महापुरुष र ईश्वर अवतार उनी  आफै थिए । ।

रिज्जवानको बगैचामा गुलाबका फूल प्रशस्त फुलेका थिए र प्रत्येक दिन बिहान बगैचेहरूले टिपेर बहाउल्लाहको पाल अगाडि राख्दथे । साथीहरू बहाउल्लाहको साथमा चिया खान जम्मा हुन्थे तर गुलाबको थुप्रोले गर्दा एक अर्कालाइृ देख्न सक्दैनथे । चिया खाइसकेपछि बहाउल्लाहले बग्दाद शहरका अरु साथीहरूलाई  दिनको लागि प्रत्येकलाई केही फूलहरू दिन्थे ।

बहाउल्लाहलाई कैदीको रुपमा देश निकाला गरिएको थियो  तर उनीसित मानिसहरूले एउटा राजासँग जस्तो व्यवहार गर्दथे । बग्दादका धेरै मानिसहरूले उनलाई शहर नछोड्ने आग्रह गरे र बिछोडको दिनमा धेरै बिलाप गरे । बहाउल्लाह रिज्ज्वानको बगैचाबाट जाने दिन मानिसहरूले चढ्नको लागि उनलाई एउटा सुन्दर घोडा दिए र उनीहरूले घोडाको लगाम समाउने र त्यस्को टापलाई चुम्बन गर्ने काम गर । जब बहाउल्लाह, उनका परिवार  र २६ जना बहाईहरू त्यस स्थानबाट प्रस्थान भए मानिसहरू ठूलो संख्यामा घरबाट बाहिर आएर झण्डा हल्लाउदै, मादल बजाउदै, अघि-अघि लागे जस्ले गर्दा परुष तथा केटाकेटीहरू सडकमा र घर घरका छानामा उनलाई हेर्न जम्मा भए ।

यो यति महत्वपूर्ण समय हो कि बहाउल्लाह आफैले यो उत्सवलाई “उत्सवहरूको सम्राट”र “ईश्वरको उत्सव” हो भनेकाछन् । यो संसारले नै पुर्नजन्म लिएको र सबै कुराहरू फेरी स्वच्छ भएका जस्तो अनुभव भएको महशुस गरे । ती पवित्र बाह्र दिनहरूको सम्झनामा बहाईहरूले हरेक वर्ष रिज्जवानको सहभोजलाई एउटा उत्सवको रुपमा मनाउछन् र यी बाह्र दिनहरू मध्ये पहिलो , नवौ र बाह्रौ पवित्र दिनहरूलाई छुट्टीको रुपमा मनाउने चलन छ ।

तालिका ५: *बहाई पवित्र दिनहरू*

| **क्रम संख्या** | **ीमति** | **पवित्र दिनहरू** |
|---|---|---|
| १ | २१ मार्च | नवरुज (नयाँ वर्ष) |
| २ | २१ अप्रिल | रिज्जवानको प्रथम दिन<br>बहाउल्लाहले आफू ईश्वरीय अवतारको रुपमा १८६३ ई.स.मा बग्दादको रिज्जवानको बगैचामा घोषणा गरेको दिन |
| ३ | २९ अप्रिल | रिज्जवानको नवौं दिन |

| | | |
|---|---|---|
| | | बहाउल्लाहले १८६३ ई.स.मा रिज्जवानको बगैचामा परिवारलाई भेट दिएको दिन |
| ४ | २ मे | रिज्जवानको बाह्रौ दिन<br>बहाउल्लाहले १८६३ ई.स.मा रिज्जवानको बगैचाबाट सपरिवार एड्रियानोपल यात्रा सुरु गरेको दिन |
| ५ | २३ मे | बाबको घोषणा (१८४४) २२ मे मा सुर्यास्त भएको २ घण्टा ११ मिनेट पछि |
| ६ | २९ मे | बहाउल्लाहको स्वर्गारोहण (१८९२) तीन बजे बिहान । |
| ७ | ९ जुलाई | बाबको शहिद स्मृति दिवस (१८५०) मध्यान्नमा । |
| ८ | २० अक्टोवर | बाबको जन्म दिन (१८१९) |
| ९ | १२ नोभेम्वर | बहाउल्लाहको जन्म दिन (१८१७) |

(स्रोतः *सहभोज तथा पवित्र दिनहरू*, पृ.४)

बहाईहरूका निम्ति सूर्यास्त दिनको शेष पनि हो । अनि अर्को दिनको शुरुवात पनि हो । त्यसैकारण प्रत्येक पवित्र दिन अघिल्लो दिनको सर्यास्तदेखि शुरु हुन्छ । उदाहरणका निम्ति , बाबको घोषणा दिवस मे २२ तारीखमा सूर्यास्त भएको २ घण्टा ११ मिनेट जाँदा शुरु भएर मे २३ तारीखको सूर्यास्त हुने समयमा सिद्धिन्छ ।

बहाउल्लाहको स्वर्गारोहण दिवस मे २८ तारीखको सूर्यास्त भएको समयदेखि लिएर मे २९ तारीख को सूर्यास्त हुने समयमा सिद्धिन्छ ।

**४.७.३ उपवास :**

बहाई पात्रोको अठारौ र उन्नाइसौ महिनाको बिचमा पर्ने ४ या ५ पवित्र दिनहरू समाप्त हुने बित्तिकै उपवासको महिना शुरु हुन्छ ।

उपवासको उन्नाइस दिन सुर्योदयदेखि सुर्यास्तसम्म व्रत बस्दछन् । हामी सुर्योदय अघि नै उठ्दछौ र प्रार्थना पछि खाना खान्छन् र त्यसपछि दिनभरी केही खादैनन् । साँझ फेरी प्रार्थना गरेपछि खाना खान्छन् यी उपवासका दिनहरूमा बहाई अरु समयमा भन्दा बढी ईश्वरको नजिक

पुगेको अनुभव गर्दछन् । किनकी जब व्रत लिन्छन् हामीले ईश्वरप्रतिको प्रेम र उनका आज्ञाहरूप्रति बफादारी ब्यक्त गरेका हुन्छन ।

व्रत हरेक वर्ष उही समयमा पर्नै भएकोले उत्तरीय गोर्लाधमा वसन्त ऋतकौ मौसम र दक्षिणी गोर्लाधमा हेमन्त ऋत पर्दछ र यो समयमा गृष्मकालको अतिगर्मी तथा शिशिरको कडा जाडो पनि हुदैन । त्यसैले व्रत वस्नेलाई अति कष्टको सम्भावना कम हुन्छ र यो मौसममा सुर्योदय र सुर्यास्त बीचको समय पृथ्वीको बसोबास गर्न योग्य सबै भागमा करीब बराबर हुन्छ, अथवा बिहान ६ बजे देखि साँझ ६ बजेसम्म पर्दछ । केटाकेटी, बिरामी, भ्रमण गरिरहेका ब्यक्तिहरू, जो ज्यादै बुढा र दुर्बल छन् तथा दुध खाने बच्चा भएका स्त्रीहरूलाई उपवास अनिवार्य छैन ।

# परिच्छेद पाँच

## सारसंक्षेप, उपलब्धी एवं निष्कर्ष

यो शोधपत्रको अन्तिम खण्ड परिच्छेद पाँच हो । अनसन्धानका क्रममा प्राप्त तथ्यांकहरूलाई व्यवस्थित ढंगमा प्रस्तत गरी त्यसैको सारसंक्षेप , उपलब्धि र निष्कर्ष यस खण्डमा समावेश गरिएको छ ।

### ५.१ सारसंक्षेप

काठमाण्डौ उपत्यकामा बहाई धर्मको परिचयात्मक अध्ययन शीर्षकको यो शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अर्न्तगत स्नात्तकोत्तर तहमा संस्कृति विषयको उपाधी प्राप्त गर्न आंशिक आवश्यकता परिपूर्ति गर्नका निमित्त नेपाली इतिहास संस्कृति तथा पुरातत्व केन्द्रिय विभाग किर्तिपुरमा प्रस्तुत गरिएको हो । काठमाण्डौ उपत्यकामा बहाई धर्मको ऐतिहासिकता, विकास र प्रचार-प्रसारमा खोजी नहुनु, काठमाण्डौ उपत्यकामा बहाई धर्मको संस्थागत विकासको खोजी नहुनु, काठमाण्डौ उपत्यकामा बहाई जीवन संस्कारको अध्ययन नहुनु यस अनुसन्धानको समस्याको सम्बोधन यो अध्ययनले गरेको छ । माथी उल्लेखित समस्या सम्बोधनको निमित्त काठमाण्डौ उपत्यकामा बहाई धर्मको ऐतिहासिकता विकास र प्रचार प्रसारको खोजी, काठमाण्डौ उपत्यकामा बहाई धर्मको संसथागत विकासको खोजी र काठमाण्डौ उपत्यकामा बहाई जीवन संस्कारको अध्ययन यस शोधपत्रको विशिष्ट उद्देश्य यो अध्ययनले निर्धारण तथा परिपूर्ति गरिएको हो ।

विषयवस्तुको दृष्टिकोणले यस अध्ययनको मुख्य क्षेत्र काठमाण्डौ उपत्यकामा बहाई धर्मको प्रवेश कहिले भयो । प्रारम्भमा धर्मको प्रचार-प्रसार कसरी गरिन्थ्यो ? बहाई संस्थाको विकास कसरी भयो ? र यसको चुनौतीहरू के-कस्ता थिए ? र बहाई संस्कार, चाडपर्व जस्ता विविध पक्ष हो । भूगोलको आधारमा काठमाण्डौ उपत्यका भित्रपर्ने ६ वटा बहाई स्थानीय आध्यात्मिक सभाहरूमा क्रमशः गोदामचौर, इमाडोल , भैसेपाटी, सुनाकोठी, कपन र काठमाण्डौमा रहेका छन् भने राष्ट्रिय आध्यात्मिक सभा काठमाण्डौ महानगरपालिका १० स्थित वानेश्वरमा केन्द्रित गरिएको छ । अध्ययनको विषयगत समस्याको समाधान गर्न निर्धारण गरिएको उद्देश्यको सिमाभित्र रहेर यो शोधकार्य पुरा

गरिएको हो । अध्ययनको लागि विषय छनोट देखि प्रतिवेदन उत्पादन सम्म विभिन्न चरण एवम् प्रकिया पुरा गरिएको छन् ।

यो गुणात्मक अध्ययन हो । यो अध्ययनमा प्राथमिक तथा द्धितियक दुबै किसिमका तथ्यांङ्क एवं सुचनाहरू संकलन गरिएको छन् । दुबै स्रोत र सामाग्रीहरूको तुलनात्मक रुपमा विश्लेषण गरिएको छ । अनुसन्धानको कममा कतिपय नयाँ कुराहरू पत्ता लागेका छन् । त्यसकारण विश्लेषणत्मक, वर्णात्मक एवम् अन्वेषणात्मक अनुसन्धानको सैदान्तिक ढाँचामा यो शोधपत्र अनुबन्धित गरिएको छ । यो शोधपत्र तयार पार्नका लागि द्धितियक तथ्यांङ्क पूर्वकार्य समिक्षाबाट संकलन गरिएको हो । प्राथमिक तथ्यांङ्क एवम् सुचना संकलनको निमित्त सामुहिक छलफल, अर्न्तवार्ता, अवलोकन र तस्विर संकलन तथा विश्लेषण जस्ता विधीहरूको आवश्यकता अनुसार प्रयोग भएको छन् ।

यस अध्ययनमा संकलन गरिएको तथ्यांङ्कहरू विभिन्न किसिमका विधीहरू प्रयोग गरि प्रशोधन गरिएको छन् । संकलित सूचना एवं तथ्यांङ्कलाई प्रशोधनपछि गुण र विशेषताका आधारमा आवश्यकता अनुसार विभिन्न वर्गमा वर्गिकरण गरिएको हो । यो शोधपत्र मुख्य गरि पाँच परिच्छेदमा वर्गिकरण गरिएको छ । यस कममा पहिलो परिच्छेदमा अनुसन्धानको परिचय, दुईमा पूर्वकार्य समिक्षा, तीनमा अध्ययन विधी, चारमा काठमाण्डौ उपत्यकामा बहाई धर्मको प्रचार- प्रसार र संस्थागत विकास र परिच्छेद पाँचमा सारसंक्षेप, उपलब्धी र निष्कर्ष समावेश गरिएको छ साथै यस शोधप्रवन्धमा छ वटा अनुसूचीहरू छन् । उक्त अनुसूची मध्ये एकमा अर्न्तवार्ताका कममा साधिएको प्रश्न, दुईमा सामुहिक छलफलमा सोधिएका प्रश्न, तीनमा अर्न्तवार्तामा सहभागी गराइएका व्यक्तिहरूका विवरण, चारमा सामुहिक छलफलमा सहभागी गराइएका व्यक्तिहरूका विवरण, पाँचमा अवलोकन निर्देशिका, (६) छमा स्थानीय आध्यात्मिक सभाको सदस्यहरूको नामावली र  अनुसूची सातमा तस्विर संकलन प्रस्तुत गरिएको छ ।

## ५.२ उपलब्धि र निष्कर्ष :

काठमाण्डौ उपत्यकामा बहाई धर्मको परिचयात्मक अध्ययन गर्ने उद्देश्यका साथ सम्पन्न गरिएको यस शोधकार्यमा बहाई धर्म नँया धर्म भएको कुरा प्रष्ट भएको छ  । यसको साथै यस शोधप्रवन्धले बहाई धर्म के हो ? यसको उत्पत्ति विकास र प्रचार-प्रसार कसरी भयो ? बहाई इतिहास,

बहाई संस्कार ,बहाई चाडपर्वहरू कस्ता छन् ? र कहिले र कसरी मनाइन्छ । बहाई संस्था के हो ? र यसको विकास कसरी भयो ? लगायतका विषयहरूका आधारभूत जानकारी उपलब्ध गराएको छ । यो पक्ष शोधका एउटा उपलब्धी हो । साथै यस शोध प्रवन्धका उपलब्धीहरू निम्न लिखित रहेका छन् :

- बहाउल्लाहलाई पर्सियाको सरकारले बन्दी बनाएपछि एकपछि अर्का गर्दै बग्दाद एड्रियानोपल कन्स्ट्यानटिनोपल र अक्कामा निर्वासित जीवन जिउन बाध्य बनाएको थियो । यसको मुख्य कारण बहाउल्लाहको धर्मलाई निर्मुल पार्न र फैलन नदिनु नै थियो तर बहाउल्लाहको धर्मलाई कसै गरेपनि रोकिएन । यसको लागि उनका जेठा छोराले बनाएको योजनाहरूलाई आधार बनाई शोघी एफेन्दीले अझ विस्तृत अचुक योजनाहरू बनाएर त्यस अनुरुप बहाईहरूको निरन्तर अथक प्रयासको कारण नै आज बहाई धर्म संसारका सबै महादेशहरूमा पुग्न सफल भएको छ ।
- काठमाण्डौ उपत्यकामा बहाई धर्मको प्रवेश भएका करिब ६० वर्षजति भएको छ । त्यतिबेला रुहि प्रतिष्ठानका पाठ्यसामाग्रीहरू तयार नभएका कारण बहाउल्लाहको लेखनीहरू र पुस्तकहरूलाई नै आधार बनाएर शिक्षण गर्ने गर्दथे तर अहिले तालिम प्रतिष्ठानले रुहि पुस्तकहरूको प्रयोग गरी विभिन्न तालिमहरूको व्यवस्था गरी बाल कक्षा, किशोरकिशोरी कक्षा, अध्ययन कक्षाहरूको सञ्चालन गर्दछन् । जसले गर्दा समुदायलाई सुदृढ बनाउन र नयाँ अनुयायीहरूलाई निम्ता गर्न र धर्मको प्रचा्-प्रसार गर्न सजिलो भएको छ ।
- संस्थामा कार्य सम्पादन र  सञ्चालन गर्नको लागि कर्मचारीहरूलाई खटाइएका हुन्छन् र उनीहरूले नै सम्पूर्ण कामहरूको आयोजना गर्दछन भने स्वंयसेवकहरूद्धारा कार्य सञ्चालन, तालिम सञ्चालन, बैठकहरू सञ्चालन गर्दछन् ।
- संस्थागत कामहरूलाई अगाडी बढाउन, तालिम चलाउन, पुस्तकहरू, पत्रपत्रिका छपाउन बहाई सम्पत्तिहरूको कर तिर्न चाहिने सम्पूर्ण रकमहरू बहाई कोषबाट आपूर्ति गरिन्छ ।
- बहाई धर्म काठमाण्डौ उपत्यकामा प्रवेश गरको ६ दशक भईसक्दा पनि बहाई जनसंख्या न्यून छ । जसको एउटै प्रमुख कारण प्रचाार-प्रसारको कमी हो । यति लामो समयमा जुन गतिमा प्रचार-प्रसार हुनपर्ने हो त्यो भएको पाईदैन । यसो हुनको कारण हरेक काम स्वंयसेवकको रुपमा गर्नुपर्ने र त्यसको साथै उनीहरूले आफ्नो पेशागत काम

गर्नुपर्ने भएकोले समय व्यस्तता कारण बहाई गतिविधीहरूमा बढी समय दिन नसकेको पाइयो ।

बहाई धर्म एक विश्वव्यापि धर्म हो र यो १७९ वर्ष अधि मात्रै शुरु भएको नयाँ धर्म हो । यस धर्मका अनेक सिद्धान्तहरु मध्ये धार्मिक एकता पनि हो । यस धर्मले पहिले आएका सबै धर्महरुको सम्मान गर्दछ । यस धर्मलाई अपनाउने धर्मालम्बीहरु अनेक धर्मबाट आएका छन् । जसले गर्दा उनीहरुले बहाई धर्मलाई स्वीकार गरिसकेपछि बहाई धर्मका नियम कानुनहरु अपनाउछन् । जसमा कुनै नियमहरु अनिवार्य छन् । राजनैतिक नेतृत्वमा सहभागी हुन नहुने, मध्यपान र धुम्रपान निषेध, बहुविवाह निषेध गरिएको छ । तर पनि उनीहरुले पहिले अपनाएका केहि साँस्कृतिक परम्परालाई पनि नछोडेर अपनाउन सक्छन् । जन्म, विवाह, र मृत्यु संस्कार बहाई धर्म अनुसार आफ्नै किसिमको रहेको छन् । बहाई संस्कारहरु सरल र सहज रहेकाछन् । बहाई विवाहको लागि यदि कुनै केटा वा केटी बहाई नभएर पनि बहाईसँग विवाह गरि उसले आफ्नै संस्कृति परम्परालाई नै अगाडी बढाउन सक्दछ । बहाईहरुले मुर्तिपूजा नगरेता पनि मन्दिरमा जाने टिका प्रसाद ग्रहण गर्ने गर्दछन् । यदि कुनै बहाई धर्मालम्बी अन्य धर्म हिन्दु, बौद्ध, क्रिश्चियन, मुश्लिम जहाबाट आएपनि उनीहरुले ती धर्ममा पर्ने चाडपर्वमा सरिक हुन पाउछन् ।

बहाईहरुको अन्तेष्टिमा शवलाई जलाउन निषेध गरिएको छ । त्यसकारण उनीहरुले पहिले नै  आफ्नो इच्छापत्र लेख्न जरुरी छ । किनभने एक व्यक्ति बहाई भएमा उसको सम्पुर्ण परिवार बहाई नहुन सक्छ र उसको अन्तेष्टी बहाई संस्कार अनुसार नहुन सक्दछ । उक्त बहाई व्यक्तिले आफ्नो अन्तेष्टीको लागि चाहिने औंठी पहिले नै राख्न सक्दछन् । यो पुरोहित विनाको धर्म हो । र यसमा सामुहिक निर्णय गरिन्छ यस धर्मको आफ्नै क्यालेण्डर छ र आफैमा मौलिकता बोकेको धर्म हो ।

बहाई धर्मले विश्वका धर्महरूको विशेषताको दृष्टिकोणहरूलाई मात्र स्वीकारेको छैन कि अझ एक पाइला अगाडि बढेर सम्पूर्ण धर्महरू एउटै हुन्, सबै धर्महरू भविष्यद्रष्टा हुन्, महात्माहरू र अवतारहरू धार्मिक भविष्यद्रष्टा हुन्, सबै अवतारहरू एउटै हुन्, सम्पूर्ण मानवजाति एउटै हो, र हामीले एक अर्कालाई भातृत्वको रुपमा सोंच्नु पर्दछ र त्यसैअनुसार काम पनि गर्नुपर्दछ । एकताको जीवन शक्ति जात-जाति, बर्ग-बर्ग, राष्ट्र-राष्ट्र र संप्रदाय-

संप्रदायमा अगल अलग गरी बिभाजित भएको छ त्यसको प्रभावबाट माथि उठ्नु पर्दछ यहीं नै हाम्रो सहानुभूति हो । विश्व एकताको तथ्य अरु सम्पूर्ण अभिरुचि र सोचविचारहरूभन्दा उच्च हुन्छ ।

अर्को बहाई धर्मको महत्वपूर्ण पक्ष भनेको यसको संलग्नता राजनीतितिर छँदैछैन । व्यक्तिगतरुपमा वा सामूहिकरुपमा सरकारका दलहरूको मामिलामा बहाईहरूले कुराकानी र हस्तक्षेप गर्दैनन्। त्यसैकारण कुनै पनि सरकारले बहाईबाट कुनै खतरा वा दुःख हुन्छ कि भन्ने चिन्ता लिनु पर्दैन । बहाई धर्मका सिद्धान्तहरूले मानवजातिको एकतालाई जोड दिइएको छ, र शान्तीको सुधरतर्फ निर्देशित गरिएको छ, बर्ग बर्ग, संप्रदाय र जातजातिमा एकता र पारस्परिक सहयोगले विश्वमा स्वस्थ वातावरणको सिर्जना हुनेछ र मानिसमा बन्धुत्व र भातृत्वको विकास हुनेछ ।

अरु धर्मका मित्रहरूले बहाई धर्मका मुख्य सिद्धान्तहरूलाई स्वीकार गर्दा कुनै हानी हुँदैन किनभने तिनीहरूका अबतारहरू, महात्माहरू र गुरुहरूले दिएका शिक्षाहरूको बिपरित बहाई धर्मका शिक्षाहरू छैनन् । बहाई धर्मका मुख्य सिद्धान्तहरू स्वीकारगर्दा नयाँ विश्व व्यवस्था स्थापना छिट्टै गर्न सहयोग मिल्नेछ ।

# सन्दर्भ ग्रन्थ सूची


अब्दुलबहा (वि.सं.२०५५). *पेरिस बार्ता,* काठमाण्डौः राष्ट्रिय आध्यात्मिक सभा ।

अब्दुलबहा ( इ.स.२०२१क). ईच्छापत्र र वसियतनामा, काठमाण्डौः राष्ट्रिय आध्यात्मिक सभा ।

अब्दुलबहा ( इ.स.२०२१ख). *दिव्य योजनाका धर्मपत्रहरू,* काठमाण्डौः राष्ट्रिय आध्यात्मिक सभा ।

अब्दुलबहा (२०२२ इ.स.). *हेगलाई अब्दुलबहाका धर्मपत्रहरू,* काठमाण्डौः राष्ट्रिय आध्यात्मिक सभा ।

अधिकारी, रेशराज (वि.स.२०६६). *मानवशास्त्रमा शैद्धान्तिक दृष्टिकोण,* काठमाण्डौः नेसनल बुक सेन्टर ।

आफ्सीन, माहनाज(वि.सं.२०४७). *बरद सौन्दर्यः बहाउल्लाह,* काठमाण्डौः बहाई गुठी ।

एलान, ड्वाइट. (ई.सं १९६४). *बहाउल्लाहको प्रकास.* काठमाण्डौः राष्ट्रिय आध्यात्मिक सभा ।

खत्री, प्रेम कमार (वि.सं.२०५५), *उत्पत्तिः मानव सभ्यताका केहि पक्षको ऐतिहासिक एवम् मानवशास्त्रीय अध्ययन,* किर्तिपुरः नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय ।

जभाहेरी, फिरायदोन (२०२० ई.सं.). हुकुकुल्लाहका बाह्र पाठहरू, हाइफा; बहाई विश्व केन्द्र ।

ताहरेजादे, अदीव. (वि.सं.२००७). *बहाउल्लाहका प्रकटीकरण (भाग २).* दिल्लीः बहाई पब्लीसिङ्ग ट्रष्ट ।

पन्थी, लक्ष्मीकान्त.(वि.सं.२०७१) .*हिन्दुसंस्कार परिचय र विमर्श,* काठमाण्डौः विद्यार्थी पुस्तक

भण्डार ।

फत्तेआजम, हुशमन्द.(वि.सं.२०७४). *नयाँ फूलबारी.* काठमाण्डौः नेपालको बहाईहरूको राष्ट्रिय आध्यात्मिक सभा ।

बहाउल्लाह (वि.स.२०२२). *किताब-ई-अब्दास,* राष्ट्रिय आध्यात्मिक सभा ।

रेग्मी, जगदीशचन्द्र र धमला टि.पी.(वि.सं.२०७१). *नेपालको धार्मिक इतिहास.* काठमाण्डौः विद्यार्थी पुस्तक भण्डार ।

सापकोटा, लीलाप्रसाद.(वि.सं.२०७२). *विश्वका प्रमख धर्म.* काठमाण्डौः नेपाल प्रज्ञा प्रतिष्ठान ।

राष्ट्रिय आध्यात्मिक.(वि.स.२०७८). *बहाई प्रार्थनाहरू,.* काठमाण्डौः नेपालको बहाईहरूको राष्ट्रिय आध्यात्मिक सभा ।

राष्ट्रिय आध्यात्मिक.(ई.सं.२०१९). *प्रशासनिक क्षमता अभिवद्धि.* काठमाण्डौः नेपालको बहाईहरूको राष्ट्रिय आध्यात्मिक सभा ।

राष्ट्रिय आध्यात्मिक.(ई.सं.२०१७). *बहाउल्लाहको पवित्र कृतिहरूबाट छानिएका लेखहरू.* काठमाण्डौः नेपालको बहाईहरूको राष्ट्रिय आध्यात्मिक सभा ।

राष्ट्रिय आध्यात्मिक.(ई.सं.२०१४). *बहाई युवा सम्मेलन.सामाग्रीहरू.* काठमाण्डौः नेपालको बहाईहरूको राष्ट्रिय आध्यात्मिक सभा ।

राष्ट्रिय आध्यात्मिक.(वि.स.२०६४). *विश्व शान्तिको प्रतिज्ञा.* काठमाण्डौः नेपालको बहाईहरूको राष्ट्रिय आध्यात्मिक सभा ।

राष्ट्रिय आध्यात्मिक सभा (वि.स २०५८).ई*श्वरका नयाँ युग.* काठमाण्डौ ।

राष्ट्रिय आध्यात्मिक सभा (वि.स २०४८).*अब्दुलबहाका लेखनीहरूबाट तयार गरिएको संग्रह.*

काठमाण्डौः नेपालका बहाईहरूको राष्ट्रिय आध्यात्मिक सभा ।

राष्ट्रिय आध्यात्मिक सभा (वि.स २०४६). *सहभोज तथा पवित्र दिनहरू.* काठमाण्डौ ।

विश्व न्यायगृहको अनुसन्धान विभाग,(वि.सं.२०६३). *महिला,* काठमाण्डौः नेपालका बहाईहरूको राष्ट्रिय आध्यात्मिक सभा ।

विश्व न्यायगृह (ई.स. २००१). *सल्लाहकारहरूको संस्था,* काठमाण्डौः नेपालका बहाईहरूको राष्ट्रिय आध्यात्मिक सभा ।

व्यास, २०१२, *ऋग्वेद,*(अनु.) प्रसन्नचन्द्र गौतम, कुलचन्द्र गौतम स्मृति प्रतिष्ठान, गैरीधारा काठमाण्डौ ।

विवेकानन्द, स्वामी, १९८२, *हिन्दु धर्म ,* रामकृष्ण मिशन नागपुर

एफेन्दी, शोघी, वि.स.२०४३, *बहाई प्रशासन,* राष्ट्रिय आध्यात्मिक सभा ।

योगानन्द, परमहंस, २००६, *योगीको आत्मकथा (नेपाली संस्करण)* योगानन्द सोसाइटी इन्डिया, कलकत्ता ।

Bahai International Communiy, (2005 AD) ,*The Bahais*, New York: Bahai International Community.

Braidwood, Robert j (1967 AD), *Prehistoric Men*, Chicago: The Field Museum of Natural History

Esslemont, J E (1970 AD), *Bahaullah and the New Era*. IIIinois: Baha'i Publishing Trust Wilmette

Hamson, Arthur (1980). *The Growth and Spread of the Bahai Faith*, PhD

Disseration. University of Hawai.

Max Mular, F. (1964). *Lectures on the Origin and the Growth of Religion.* Varanasi: Indological Book House.

Wheeler, Tony and Everist, Richard(1990AD), *Nepal:* ATravel Survial kit Hawthom: Lonely Planet Publication, Australia

www.bahai.org.np retrieved on २०७८ चैत्र २

# अनुसूचिहरू

अनुसूचि १: *अर्न्तवार्ता प्रश्नहरू*

**क) काठामण्डौ उपत्यकामा बहाई र्धमका ऐतिहासिकता विकास र प्रचार-प्रसार खोजी**

- काठमाण्डौ उपत्यकामा बहाई धर्मको ऐतिहासिकताबारे के जानकारी छ ?
- काठमाण्डौ उपत्यकामा बहाई धर्म  कहिले र कसरी भित्रियो होला ?
- काठमाण्डौ उपत्यकामा यसको विकास कसरी र फैलावट भयो ?

**ख) काठमाण्डौ उपत्यकामा बहाई धर्मका संस्थागत् विकास र प्रसार-प्रसारको खोजी**

- काठमाण्डौ उपत्यकामा बहाई धर्मका संस्थागत स्वरुप कस्तो थियो ?
- काठमाण्डौ उपत्यकामा बहाई धर्मका प्रचार-प्रसार कसरी गरिन्थ्यो र धर्म प्रचारको चुनौतीहरू के-के थिए ?
- काठमाण्डौ उपत्यकामा बहाई धर्मका विकास पछि कँहा-कँहा फैलिन पुग्यो ?
- राष्टिय आध्यात्मिक सभाका स्थापना कहिले भयो र यसको कार्यहरू के-के हुन् ?
- स्थानीय आध्यात्मिक सभाका काम कर्तब्यहरू के-के हुन् ?

**ग) काठमाण्डौ उपत्यकामा बहाईहरूका जीवन संस्कार**

- बहाई धर्ममा  जन्म, विवाह, मृत्यु संस्कार कसरी गरिन्छ ?
- बहाई चाडपर्वहरू के-कस्ता छन् र कसरी मनाइन्छ ?

अनुसूचि २: *अर्न्तवार्ताका सहभागीहरू*

| क्रम | नाम | ठेगाना | लिंग | पद | मिति |
|---|---|---|---|---|---|
| १ | जीवन चौधरी | कपन | पुरुष | सचिव | २०७८.०८.६ |
| २ | भारतदत्त कोइराला | खुमल्टार | पुरुष | सदस्य | २०७८.०९.३ |
| ३ | ज्ञानु गिरी | काठमाण्डौ | महिला | सचिव | २०७८.०९.४ |
| ४ | भक्तराज रंजित | भैसीपाटी | पुरुष | अध्यक्ष | २०७८.०९.५ |
| ५ | प्रभा फ्यूवा | इमाडोल | महिला | सदस्य | २०७८.०९.५ |
| ६ | राजकमार नगरकोटी | गोदामचौर | पुरुष | सचिव | २०७८.०९.६ |
| ७ | प्रविन कोइराला | सुनाकोठी | पुरुष | सलस्य | २०७८.०९.७ |
| ८ | प्रभा चौधरी | सुनाकोठी | महिला | कोषाध्यक्ष | २०७८.०९.८ |

**अनुसूचि ३:** *सामुहिक छलफलका प्रश्नहरू*

क) काठमाण्डौ उपत्यकामा बहाई धर्म  कहिले र कसरी भित्रियो होला ?

ख) काठमाण्डौ उपत्यकामा बहाई धर्मका संस्थागत स्वरुप कस्तो छ ?

ग) काठमाण्डौ उपत्यकामा बहाई धर्मका प्रचार-प्रसार कसरी गरिन्थ्यो र धर्म प्रचारको चुनौतीहरू के-के थिए ?

घ) राष्टिय आध्यात्मिक सभाका स्थापना कहिले भयो र यसको कार्यहरू के-के हुन् ?

ङ) स्थानीय आध्यात्मिक सभाका काम कर्तब्यहरू के-के हुन् ?

च) बहाई धर्ममा  जन्म, विवाह, मृत्यु संस्कार कसरी गरिन्छ ?

छ) बहाई चाडपर्वहरू के-कस्ता छन् र कसरी मनाइन्छ ?

ज) यस विषयसँग सम्बन्धित अन्य केही थप जनाकारी छ कि? र समयको लागि धन्यवाद ।

**अनुसूचि ४:** *सामहिक छलफलका सहभागीहरू*

| क्रम | नाम | ठेगाना | लिंग | पद | मिति |
|---|---|---|---|---|---|
| १ | जीवन चौधरी | कपन | पुरुष | सचिव | २०७८.०९.११ |
| २ | ज्ञानु गिरी | काठमाण्डौ | महिला | सचिव | २०७८.०९.११ |
| ३ | सोना थापा | भैसीपाटी | महिला | सचिव | २०७८.०९.११ |
| ४ | भक्तराज रंजित | भैसीपाटी | पुरुष | अध्यक्ष | २०७८.०९.११ |
| ५ | बाबुराम फ्यूवा | इमाडोल | पुरुष | अध्यक्ष | २०७८.०९.११ |
| ६ | प्रभा फ्यूवा | इमाडोल | महिला | सदस्य | २०७८.०९.११ |
| ७ | यशोधा के.सी | इमाडोल | महिला | सदस्य | २०७८.०९.११ |
| ८ | भारतदत्त कोइराला | खुमल्टार | पुरुष | सदस्य | २०७८.०९.३ |
| ९ | राजकमार नगरकोटी | गोदामचौर | पुरुष | सचिव | २०७८.०९.१८ |
| १० | राजु पुर्कुटी | गोदामचौर | पुरुष | सदस्य | २०७८.०९.१८ |
| ११ | प्रविन कोइराला | सुनाकोठी | पुरुष | सदस्य | २०७८.०९.१८ |
| १२ | प्रभा चौधरी | सुनाकोठी | महिला | कोषाध्यक्ष | २०७८.०९.१८ |
| १३ | कल्पना पुर्कुटी | गोदामचौर | महिला | सदस्य | २०७८.०९.१८ |

**अनुसूचि ५:** *अवलोकन निर्देशिका*

१) काठमाण्डौ उपत्यकाको बहाई समुदायहरूःकपन, भैसेपाटी, इमाडोल, गोदामचौर, सुनाकोठी, बानेश्वरमा अवलोकन।

२) बहाई उन्नाइस दिने सहभोजमा, आध्यात्मिक, प्रशासनिक र सामाजिक स्वरुप

३) बहाई प्रार्थना सभाका विधि र पद्यति

४) बहाई चुनावका आध्यात्मिक प्रकृति र चुनाव प्रकृया

५) बहाई बाल कक्षाका पाठ्यक्रम र सन्चालन विधि

६) किशोर किशोरी कक्षाका पाठ्यक्रम र सन्चालन विधि

७) अध्ययन कक्षका पाठ्यक्रम र सन्चालन विधि

८) बहाई पवित्र दिनहरू :

क) जन्म जयन्ति उत्सव )बाब, बहाउल्लाह)

ख) अब्दुल बहाको सतबार्षिकी कार्यक्रम


**अनुसूचि ५:** *उपत्यकाका बहाई वर्ष १७८ का स्थानीय आध्यात्मिक सभाका सदस्यहरू*

| | |
|---|---|
| **क) इमाडोल स्थानीय आध्यात्मिक सभाका सदस्यहरू**<br><br>१) बाबुराम फ्यूवा<br><br>२ यशोधा के. सी<br><br>३) सरिता मर्हजन<br><br>४) प्रभा फ्यूवा<br><br>५) नेत्र बहादुर के.सी<br><br>६) कविता थापा<br><br>७) समन बराल<br><br>८) रञ्जिता तामाङ्ग<br><br>९) समिर मर्हजन | **ख) गोदामचौर स्थानीय आध्यात्मिक सभाका सदस्यहरू**<br><br>१) राजकुमार नगरकोटी<br><br>२) सुजन विशंखे<br><br>३) सविन विशंखे<br><br>४) पवन विशंखे<br><br>५) कल्पना पुर्कुटी<br><br>६) पुवैनी चौधरी<br><br>७) मनिसा पुर्कुटी<br><br>८) नमुना पुर्कुटी<br><br>९) अर्जुन नेपाली |
| **ग) भैसेपाटी स्थानीय आध्यात्मिक सभाका सदस्यहरू**<br><br>१) भक्तराज रञ्जित<br><br>२) सोना थापा<br><br>३) भिम कुमारी रञ्जित<br><br>४) यमुना शाह<br><br>५) सुर्यलक्ष्मी थापा | **घ) काठमाण्डौ स्थानीय आध्यात्मिक सभाका सदस्यहरू**<br><br>१) ज्ञान गिरी<br><br>२) ऋषिराम खड्का<br><br>३) रामचन्द्रन राँझा<br><br>४) विनेश चौधरी<br><br>५) दिनदयाल रिजाल |

| | |
|---|---|
| ६) सुजाता क्षेत्री<br><br>७) शुशिला वस्नेत<br><br>८) शरुन श्रेष्ठ<br><br>९) जोन गोम्स | ६) रेश्मा क्षेत्री<br><br>७) रोशना थापा<br><br>८) अम्बिका राँभा<br><br>९) श्याम बस्नेत |
| **ङ) कपन स्थानीय आध्यात्मिक सभाका सदस्यहरू**<br><br>१) राजु थापा<br><br>२) मनोरथ भेट्वाल<br><br>३) पवन थापा<br><br>४) जीवन चौधरी<br><br>५) श्रीतेष थापा<br><br>६) दामोदर भट्टराई<br><br>७) रमा भट्टराई<br><br>८) सुनिता भण्डारी<br><br>९) सजिता पौडेल | **च) सुनाकोठी स्थानीय आध्यात्मिक सभाका सदस्यहरू**<br><br>१) प्रविन कोइराला<br><br>२) प्रकाश कोईराल<br><br>३) सबु नेपाली<br><br>४) रमसिंह चौधरी<br><br>५) प्रभा चौधरी<br><br>६) सिताराम श्रेष्ठ<br><br>७) कृष्णा श्रेष्ठ<br><br>८) जोएन कोइराला<br><br>९ भारदत्त कोइराला |

**अनुसूचि ६:** तस्विरहरू

**तस्विर १:** *बहाई राष्ट्रिय केन्द्र, शान्तिनगर, काठमाण्डौं*



**तस्विर २:** *अब्दुलबहाको शताब्दी स्मृति दिवस, काठमाण्डौं*



**तस्विर ३:** *बहाई युवा सम्मेलन, विराटनगर, मोरङ*



**तस्विर ४:** *बहाई प्रशासनिक कार्यालय, विश्व केन्द्र, हाईफा, इजराल*



**तस्विर ५:** *बहाउल्लाहको समाधिस्थल, अक्का, इजराल*



**तस्विर ६:** *बहाई मन्दिर (कमल मन्दिर), नयाँ दिल्ली, ईण्डिया*

